# किस्पाङ गाउँपालिकाको वस्तुगत विवरण

*(जिपिएस प्रविधिमा आधारित पार्श्वचित्र -२०७८)*

## किस्पाङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**काउले, नुवाकोट**

**बागमती प्रदेश, नेपाल**

# किस्पाङ गाउँपालिका

## गाउँपालिकाको कार्यालय

काहुले, नुवाकोट

### दुई शब्द

राज्य पुनर्संरचना पश्चात किस्पाङ गाउँपालिका गठन भएपछि पहिलो पटक यस गाउँपालिकाको वर्तमान अवस्थाको वस्तुगत विवरण जिपिएस प्रविधिमा आधारित भौगौलिक सूचना प्रणालीमा (GIS) पाश्र्वचित्र (प्रोफाइल) निर्माण गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ। राज्य पुनर्संरचनाका सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउन डिजिटल पाश्र्वचित्र तयारीले गाउँपालिकाको विकासको वर्तमान अवस्थालाई चित्रण गरेको छ। यो डिजिटल पाश्र्वचित्र गाउँपालिकाको रणनैतिक आवधिक विकास योजना निर्माणको प्रारम्भिक चरण पनि हो। आगामी दिनमा गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्न, अद्यावधिक गर्न, अनुगमन तथा मूल्यांकनको आधार स्रोतको रुपमा यस्को उपयोग गरिनेछ। यस पाश्र्वत्रिचले किस्पाङ गाउँपालिकाको भूगोल, नदीनाला, हावापानी, भूउपयोगको अवस्था, जनसंख्या, जातजाति, संस्कृति, ऐतिहासिक धरोहर, आर्थिक अवस्था, पर्यटकीय क्षेत्रहरु, लगायतका विषयगत क्षेत्रको आधारमूत विवरण, तथ्याङ्क तथा नक्सामा समेटेकोछ। यसलाई समय सन्दर्भ र गाउँपालिकाको आवस्यकता अनुसार अद्यावधिक, परिष्कृत र परिमार्जित गरी प्रकाशन गर्ने कामलाई यस गाउँपालिकाले निरन्तरता दिनेछ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो डिजिटल पाश्र्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाका वडा अध्यक्षज्यूहरुलगायत सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा जनप्रतिनिधिहरु, वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण नागरिक, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु। यो बस्तुगत विवरण तयार गर्न वित्तीय सहयोग उपलब्ध गराउने पूर्णिमा कार्यक्रमका सिनियर गभर्नेन्स मैनेजर श्री सन्तोष विष्ट, लगायतका बिज्ञ श्रीमति सीमा रजौरिया, श्री सरोज श्रेष्ठ, श्री योजना सल्लाहकारश्री निरक सुनार र श्री प्रमोद खरेललाई विशेष धन्यवाद दिन चाहन्छु। आजको युग सुहाउंदो स्मार्ट प्रविधिलाई गाउँपालिकाको विशिष्टतासँग जोडेर वस्तुगत विवरण निर्माणमा प्राविधिक सहयोगमा सहजीकरण गर्ने परामर्शदाता सेमिड नेपाल (CEMID Nepal) का टोलि नेता श्री गंगा दत्त अवस्थी लगायत विज्ञहरुलाई हार्दिक आभार व्यक्त गर्दछु। अन्तमा, समग्र गाउँपालिकाको विकासको आधार चित्र कोर्न यो डिजिटल पाश्र्वचित्र सहयोगी बनोस र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस भन्ने सुभेच्छा प्रकट गर्दछु।

(छत्र बहादुर लामा)

अध्यक्ष

मिति २०७८ असोज १५

# किस्पाङ गाउँपालिका

## गाउँपालिकाको कार्यालय

काहुले, नुवाकोट

## मेरो दुई शब्द

गाउँपालिकाको योजनाबद्ध विकासका लागि आधारभूत विवरण तथा तथ्याङक आवश्यक पर्दछ। स्थानीय सरकार सञ्चालन ऐनले पनि प्रत्येक स्थानीय तहले आफ्नो पालिकाको बस्तुगत विवरण सहितको पाश्र्वचित्र बनाउनु पर्ने व्यवस्था गरेको छ। गाँउपालिकाको भूउपयोगको अवस्थाले गाँउपालिकालाई आफ्नो आर्थिक साथै भौतिक विकास योजना बनाउन सहयोग गर्छ। यसै आवश्यकतालाई मध्यनजर गरी यो किस्पाङ गाउँपालिकाको पाश्र्वचित्र तयार गरिएको छ। गाउँपालिकाभित्र बसोबास गर्ने घरधुरीहरु तथा गाउँपालिकाभित्र रहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट आवश्यक तथ्याङ्क संकलन गरी कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिको विवरण समावेश गरी गाउँपालिका पाश्र्वचित्र तयार गरिएको छ। यस गाउँपालिकाको अध्ययन गर्न चाहने वा जानकारी लिन चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँपालिकावासीलाई सूचना प्रदान गर्न गाउँपालिकालाई सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु।

अन्तमा प्रस्तुत पाश्र्वचित्र तयारी गर्ने सिलसिलामा तथ्याङ्क संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण जन प्रतिनिधी, जन समुदाय, संघ/संस्था, गाउँ कार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन तथा लेखन गरी पाश्र्वचित्रलाई यो रूप दिने परामर्शदाता संस्था सेमिडका विज्ञहरुलाई  विशेष धन्यबाद दिन चाहन्छु।

(माया देवी न्यौपाने)
उपाध्यक्ष
२०७८ असोज १५

# किस्पाङ गाउँपालिका

## गाउँपालिकाको कार्यालय

काहुले, नुवाकोट

## मेरो भन्नु

स्थानीयस्तरको बस्तुगत अवस्थालाई समावेश गरेर गाउँपालिकाले पहिलो पार्श्वचित्र तयार गरेको छ। किस्पाङ गाउँपालिकाको जनसांख्यिक, आर्थिक सामाजिक, प्राकृतिक लगायतका धरातलीय यथार्थ अवस्था झल्काउने वस्तुगत विवरण समावेश गरिएको यस पाश्र्वचित्रले दीर्घकालीन योजना र वार्षिक कार्यक्रमका निम्ति वस्तुपरक तथा सूचनामा आधारित लक्ष्य निर्धारण गर्न मद्दत पुरयाउने अपेक्षा गरिएकोछ। यसले योजनाहरुको निरन्तर अनुगमन एवम मूल्याङकनका लागि समेत वस्तुनिष्ठ आधार खडा गरेकोछ।

वस्तुगत आवश्यकता अनुसार कार्यक्रम, योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा नागरिकले गाउँपालिकाबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन्। यसैकारण वर्तमानका हाम्रा धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाहरुको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो डिजिटल पाश्र्वचित्र भौगोलिक सूचना प्रणाली समेत (GIS) राखि तयार गरिएको हो।

वस्तुगत आवश्यकता अनुसार कार्यक्रम तथा योजनाहरू तथ्यमा आधारित निर्णयबाट जनअपेक्षा पुरा गर्न सहयोग पुग्ने हुन्छ। यस पार्श्वचित्रले भविष्यमा यस पालिकालाई अघि बढाउन सहयोग पुग्ने अपेक्षा गरेको छु।

गाउँपालिकाको विकासको मार्गचित्र तयार गर्ने उद्देश्य पूर्ति गर्न, र विकासका योजनाको सही छनोट गरी प्रभावकारी कार्यान्वयन गर्न यस पाश्र्वचित्रले आधार खडा गरेको छ। यस पाश्र्वचित्रबाट किस्पाङ गाउँपालिकालाई वुझ्ने तथा अध्ययन गर्ने जो कोहीले पनि यस गाउँपालिकाको वर्तमान अवस्था सहज रुपमा आँकलन तथा विश्लेषण गर्न सक्ने देखिन्छ।

यस डिजिटल पाश्र्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाका वडा अध्यक्षज्यूहरु तथा अन्य जनप्रतिनिधिज्यूहरु, सम्पूर्ण कर्मचारी साथीहरु, संघ संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरु र डिजिटल पाश्र्वचित्रलाई यो रूप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता संस्था सेमिडका विज्ञज्यूहरुलाइ हार्दिक आभार व्यक्त गर्दछु। अन्तमा, यो पाश्र्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस भन्ने शुभेच्छा व्यक्त गर्दछु।

खुम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत
२०७८ असोज १५

# बिषय सुची

परिच्छेद एक : परिचय १०

१.१ पृष्ठभूमि १०

१.२ उद्देश्य १०

१.३ अध्ययन विधि ११

**१.३.१ तथ्याङ्क र सूचना संकलन** ११

**१.३.२ वस्तुस्थिति विवरण** १२

**१.३.३ आधार बर्षको तथ्याङ्क तथा सूचना** १२

**१.३.४ तथ्याङ्कको तालिकीकरण** १३

**१.३.५ तथ्याङ्कको विश्लेषण** १३

१.४ सुचनाका स्रोत तथा सीमाहरु १३

परिच्छेद दुई : भौगोलिक अवस्था १५

२.१ भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना १५

२.२ राजनीतिक प्रशासनिक विभाजन १७

२.३ भू-उपयोगको विवरण १७

२.४ माटोको वनावट र उर्वराशक्ति १९

२.५ भूक्षयको सम्भावित क्षेत्र २०

२.६ जलवायु २२

परिच्छेद तीन : जनसंख्या २३

३.१ घरपरिवारको संख्या २३

३.२ जनसख्याको आकार र जनघनत्व २४

३.३ जनसंख्या वृद्धिदर २५

३.४ जनसंख्याको विश्लेषण २६

**३.४.१ लैंगिक आधारमा जनसख्याको वनावट** २६

**३.४.२ प्रजनन दर** २७

**३.४.३ मृत्यु (मातृ, बाल, शिशु मृत्युदर)** २७

**३.४.४ जनसंख्याको वनावट (उमेर समुह र वैवाहिक स्थिति)** २८

**३.४.५ औसत परिवार संख्या** ३०

३.५ जातजाति ३१

३.६ मातृभाषा ३२

३.७ धर्म ३३

३.८ अनुपस्थित जनसंख्या ३३

३.९ बसोबासको अवस्था ३४

३.१० घरको बनावट ३५

परिच्छेद-४ : आर्थिक अवस्था ३७

४.१ अर्थतन्त्रको संरचना ३७

४.२ कृषि तथा पशुपालन ३९

**४.२.१ कृषि योग्य जमिनमा पँहुच** ३९

**४.२.२ कृषि जग्गाको आकार** ४०

**४.२.३ प्रमुख बालिहरु** ४०

**४.२.४ पशुपालन** ४१

**४.२.५ कृषी उत्पादनको बिक्रि** ४३

**४.२.६ सिंचाईको व्यवस्था** ४५

४.३ खाध्य सुरक्षाको अवस्था ४५

४.४ उद्योग र व्यापार ४७

४.५ पर्यटन ४७

४.६ वित्तीय पहुँच ४९

४.७ श्रमशक्ति र रोजगारीको अवस्था ५२

४.८ शिपमुलक तालिम ५४

४.९ घरपरिवारको आम्दानी र खर्च ५५

४.१० गरिवीको अवस्था ५८

**४.१०.१ गरिवीको मापन** ५८

**४.१०.२ स्वास्थ्यको अवस्था** ५९

**४.१०.३ जीवनस्तर** ६०

४.११ कोरोना र स्थानीय अर्थतन्त्रमा परेको प्रभाव ६४

५.१ सडक यातायात ६८

५.२ सूचना प्रविधि तथा सन्चार क्षेत्रको अवस्था ७०

५.३ विद्युत तथा वैकल्पिक उर्जाको अवस्था ७१

५.४ खानेपानी तथा सरसफाईको स्थिति ७२

५.५ नदि नियन्त्रण ७३

५.६ भवन आवास बस्ति विकास तथा सामाजिक पूर्वाधार ७३

५.७ भूकम्प र पुनर्निमाण ७५

परिच्छेद ६ : सामाजिक विकास ७६

६.१ शिक्षा ७६

६.२ स्वास्थ्य ८०

६.३ जोखिममा रहेको वर्ग र सामाजिक सुरक्षा ८४

६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) ८५

**६.४.१ अपाङ्गता** ८५

**६.४.२ निर्णयमा सहभागिता** ८६

**६.४.३ सामाजिक विभेद र हिंसा** ८७

परिच्छेद ७ : वन, वातावरण तथा जलवायु परिवर्तन ८८

७.१ वन क्षेत्रको स्थिति ८८

७.२ जलवायु ९१

७.३ जैविक विविधता ९२

७.४ भू-क्षय बाढी पहिरो तथा जोखिमको अवस्था ९२

परिच्छेद ८ : संस्थागत सुशासन ९४

८.१ गाउँ सभाको विवरण ९४

८.२ गाउँपालिकाको संगठनात्मक संरचना ९५

८.३ दरबन्दी र पदपूर्तिको अवस्था ९६

८.३.१ दबन्दी र पदपूर्तिः ९६

**८.३.२ शाखा, उपशाखा तथा इकाईको गठन तथा सन्चालन** ९७

**८.३.३ कर्मचारीको पदपूर्तिको वर्तमान अवस्था** ९७

८.४ गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरु ९७

८.५ गाउँपालिकामा रहेका प्रमुख गैर सरकारी संस्थाहरु ९७

८.६ गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरुको विवरण ९७

८.७ कर्मचारीहरुको विवरण ९९

१. प्रशासनिक नक्सा १०३

२. भूउपयोग नक्सा १०४

३. टोपोग्राफिक नक्सा १०५

५. भौगोलिक मोहडा १०६
८. भूधरातलीय नक्सा १०७
९. खुला क्षेत्र तथा आपतकालिन सुविधा वितरण नक्सा १०८
१०. शैक्षिक संस्थाहरूको नक्सा १०९
११. आर्थिक संस्था वितरण नक्सा ११०
१२. स्वास्थ्य तथा सरसफाई नक्सा १११
१३. उद्योग तथा कलकारखानाः ११२
१४. संघ संस्था सम्बन्धी विवरण नक्सा ११३
१५. पुल तथा पुलेसा ११४
१६ जनघनत्व नक्सा ११५
१७. बेरोजगारीको अवस्था सम्बन्धी नक्सा ११६
१९. स्वास्थ्य सुविधा पहुंच नक्सा ११७
२० पर्यटकीय नक्सा ११८
२१. भूकम्प प्रभावित घर धुरीको नक्सा ११९
२२. गाउँपालिकामा निर्माणाधीन योजनाहरुको अवस्थिति १२०

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

स्थानीयस्तरका, नीति निर्माण, विकास योजनाको तर्जुमा तथा सफल कार्यान्वयनमा सूचना र तथ्यांकको भूमिका महत्वपूर्ण हुन्छ। स्थानीय तहका सरकारले बनाउने नीति, योजना तथा कार्यक्रम तर्जुमाका लागि विषयगत तथा क्षेत्रगत स्वरूपका तथ्यांकले यथार्थपरक र वस्तुनिष्ठ तथ्यांकको अवश्यकता पर्दछ। जस्ले कुनै पनि सरकार वा संस्थाको वास्तविक अवस्था, अवसर र सम्भावना तथा चुनौतिको बारेमा यथार्थ चित्रण गर्नुका साथै भावि योजना निर्माण गर्ने आधार प्रदान गर्नुका साथै प्रमाणमा आधारित निर्णयमा सघाउ पुरयाउँदछ। यसर्थ स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२ड) ले स्थानीय अभिलेख व्यवस्थापन अन्तर्गत वस्तुगत विवरणको आवश्यकता र तयारीलाई महत्वपूर्ण दस्तावेजको रुपमा लिएको छ। यसै अनुरुप यस किस्पाङ गाँउपालिकाको भौगोलिक, आर्थिक सामाजिक, पूर्वाधार, वातावरण तथा संस्थागत सुशासन लगायतका विवरणहरु प्रस्तुत गरिएको छ। यस विवरणवाट गाउँपालिकाको अद्यावधिक वस्तुस्थिति प्रस्तुत गर्नुका साथै गाँउपालिकाको योजना तथा नीति निर्माणमा समेत टेवा पुग्ने देखिन्छ।

## १.२ उद्देश्य

यस बस्तुगत बिबरण तयारीको प्रमुख उद्देश्य गाउँपालिकाको भौगोलिक, जनसाख्यिक, आर्थिक, सामाजिक लगायत बिभिन्न क्षेत्रको वास्तविक अवस्था चित्रण गर्नु हो। यसका अतिरिक्त यसको उदेश्यहरु देहाय अनुसार रहेका छन्:

१) यस गाँउपालिकाको आर्थिक, सामाजिक, भौतिक लगायतका विभिन्न सुचकहरु तयार पार्नका लागि आवश्यक सुचना संकलन र विश्लेषण गरी अभिलेखीकरण गर्ने,

२) यस गाउँपालिका मा उपलब्ध तथ्यांक एवं सूचनाहरु अद्यावधिक गर्ने र

३) यी सूचना हरुलाई गाउँपालिकाका आगामी योजना, नीति, एबं रणनीतिक कार्ययोजना सँग जोडने।

## १.३ अध्ययन विधि

### १.३.१ तथ्याङ्क र सूचना संकलन

यस पाश्र्वचित्रमा प्रस्तुत तथ्यांकहरु प्राथमिक र द्धितियक दुवै स्रोतहरु वाट संकलन गरिएका छन्।

**(क) प्राथमिक स्रोतः** प्राथमिक तथ्याकहरु यस गाउँपालिकावाट घरधुरी र संस्थागत सर्भेक्षण मार्फत सकलन गरिएको थियो। यी तथ्यांकहरु संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको घरधुरी सर्भेक्षण कार्यविधि अनुसार तयार पारिएको **GIS-BASED** मोबाइल एप्स वाट संकलन गरिएको थियो। तथ्यांक सकलनका लागि गाँउंपालिकाले स्थानीय युवाहरु मध्येबाट छनौट गरेका सर्भेक्षकहरुलाई तथ्यांक संकलन सम्बन्धी तालिम दिइएको थियो। तालिम प्राप्त सर्भेक्षकहरुको कार्यको नियमित सुपरिवेक्षण र सहजीकरण गाउँपालिकाका वडा अध्यक्ष, सचिव तथा सूचना शाखाबाट भएको थियो। प्राप्त नतिजाको प्रारम्भिक जांच गाउँपालिकाका अधिकारीबाट भएको थियो। जस्मा कुनै क्षेत्रको महत्वपूर्ण तथ्य छुट भएको वा गलत तथ्यांक अभिलेखिकरण भएको अवस्थामा पुन संकलन गराइएको थियो। यसरी प्राथमिक स्रोत मार्फत घरधुरी तथा संस्थागत तथ्याङ्क संकलन गरिएको थियो।

**(ख) द्धितियक स्रोतः** यस गाँउपालिकावाट संकलित तथ्याक वाहेक बिभिन्न द्धितियक स्रोतबाट समेत तथ्यांक लिइएको छ। जन गणना २०११, नेपाल जीवनस्तर मापन सर्वेक्षण २०११, नेपाल कृषि नमुना गणना २०११, नेपाल मानव विकास प्रतिवेदन

२०१४ र २०२०, राष्ट्रिय आर्थिक गणना २०७५, प्रादेशिक राष्ट्रिय आय गणना २०७७/७८, वागमती प्रदेशको वस्थुस्थिति विवरण २०७५ र नेपालको आर्थिक सर्भेक्षण २०७७/७८ मा प्रकाशित तथ्य एवम् सूचना हरुको अध्ययन गरी गाउँपालिका सँग सम्बन्धित तथ्यांकहरु प्रयोग गरिएको छ।

### १.३.२ वस्तुस्थिति विवरण

तथ्यांकका द्वित्तियक स्रोतहरुको अध्ययन र विश्लेषण पश्चात गाँउपालिकाको, सामाजिक, आर्थिक, साँस्कृतिक तथा भौगोलिक अवस्थाको अध्ययन गर्न बिभिन्न बिषयगत वीज्ञहरु संलग्न टोलिले गाँउपालिका भ्रमण गरेको थियो। उक्त भ्रमणको बेलामा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय नागरिक, बिषय क्षेत्रका जानकारहरु, उद्योगी ब्यवसायी, जिल्ला स्थित बिषयगत कार्यालयका प्रमुख एवम् प्रतिनिधिहरु सँग अन्तरवार्ता, छलफल र अन्तरक्रिया गरिएको थियो। यसरी गाँउपालिकाको वस्तुस्थितिको जानकारी लिई बिश्लेषण गरी यस पाश्र्वचित्रमा अभिलेखकिरण गरिएको छ।

### १.३.३ आधार बर्षको तथ्याङ्क तथा सूचना

यो प्रोफाइल तयार गर्दा २०७७ सालमा गाउँपालिकाबाट गरिएको घरधुरी सर्भेक्षण र संस्थागत सर्भेक्षण साथै बस्तुस्थिति अध्ययनबाट प्राप्त नतिजालाई आधार मानिएको छ। तसर्थ अधिकतम् रुपमा २०७७ सालको तथ्यांक प्रयोग भएको छ। उक्त स्रोतबाट प्राप्त कतिपय सूचना तथा तथ्यांकहरु अपूर्ण र भरपर्दो नभएको अवस्थामा नेपाल सरकार, राष्ट्रिय योजना आयोग, बिभिन्न सम्बन्धित मन्त्रालयहरु, केन्द्रिय तथ्यांक बिभाग र वागमती प्रदेश सरकारक बिभिन्न समयका प्रकाशनहरुबाट लिइएको छ। यस्ता तथ्यांकहरु बिभिन्न बर्षका छन् जसलाई तथ्यांकको स्रोतको रुपमा सम्बन्धित तालिका वा चित्रमा उल्लेख गरिएको छ।

### १.३.४ तथ्याङ्कको तालिकीकरण

मोबाइल एप्स मार्फत् संकलन गरिएका तथ्यांक माइक्रोसफ्ट एक्सेल मार्फत प्रसोधन गरी तथ्यांकको आवस्यकता र उपादेयताको आधारमा तालिकीकरण गरिएको छ। तालिकाहरु आवस्यकता अनुसारको संख्यामा निर्माण गरिएको छ।

### १.३.५ तथ्याङ्कको विश्लेषण

मोबाइल एप्स मार्फत् संकलन गरिएका तथ्यांक माइक्रोसफ्ट एक्सेल मार्फत प्रसोधन गरी तथ्यांक विश्लेषण गरिएको छ। यो मूलतः वर्णनात्मक रहेको छ। यसमा विभिन्न तालिका, चित्र, प्रतिशत आदिको आधारमा विश्लेषण गरिएको छ। अधिकांश सूचकको विवरण वडागत रूपमा प्रस्तुत गरिएको छ।

### १.३.६ भौगौलिक सूचना प्रणाली

प्राप्त प्रारम्भिक र द्वितीय तहको तथ्यांक र सूचनालाई गाउँपालिकाको नक्सामा चित्रित गरी भौगौलिक सूचना प्रणालीको माध्यमबाट समेत देखाउन उपयुक्त स्थानमा राखिएको छ।

### १.३.७ संघीय मामिला तथा समान्य प्रशासन मंत्रालयको प्रणालीमा आबद्धता

मोबाइल एपद्वारा प्राप्त सूचनालाई गाउँपालिकाको वेवसाइटका साथै वस्तुगत विबरणलाई मंत्रालयको प्रणालीमा आबद्ध गरिएको छ।

## १.४ सुचनाका स्रोत तथा सीमाहरु

यो पाश्र्वचित्र यस गाउँपालिकाको लागि तयार गरिएको पहिलो पाश्र्वचित्र हो। आवश्यक सूचना तथा तथ्यांक संकलन सिमित समयावधिमा सिमित जनशक्तिको संलग्नतामा गरिएको छ। मन्त्रायययबाट पहिले नै तयार भएको प्रश्नावलीको आधारमा तयार गरिएको छ। पछिल्लो समयमा विकास भएको आवश्यकतालाई सम्वोधन गर्ने सिमित प्रश्नावलीमात्र समावेश भएकोले कतिपय महत्वपूर्ण सूचना तथा तथ्यांकहरु छुटेका हुन सक्छन्। एक व्यक्ति मात्र गणक भएकोले त्यसबाट उत्पन्न हुने सीमा विद्यमान हुनु स्वभाविक छ। यो पार्श्वचित्र अधिकतम् मात्रामा उत्तरदाताको जवाफमा आधारित भएकोले सम्बन्धित क्षेत्रको उनीहरु सँग भएको

सूचना एवम् जानकारीको कमि, ज्ञानको अभावको कारण सोबाट सिर्जित सीमा बिध्यमान रहन्छ। स्वाभाविक रुपमा कुनै पनि प्रश्नको उत्तर दिने क्रममा उत्तरदाताको ज्ञान र प्रकृति अनुसार कुनै प्रश्नको जवाफमा हुने गल्ति र पक्षधरताको कारण कतिपय तथ्यांकले यथार्थ चित्रण गर्न नसक्ने हुनसक्छ। तर हाल उपलव्ध यस गाउँपालिकाको सूचना र तथ्यांकहरुमा यो पार्श्वचित्र सबैभन्दा यथार्थपरक बनाउने प्रयत्न गरिएको छ।


# परिच्छेद दुई : भौगोलिक अवस्था

## २.१ भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना

यो गाउँपालिका समुन्द्र सतहबाट करीव ६२५ मिटर देखि करीब ४२०० मिटर उचाईसम्म रहेको समग्र नुवाकोट जिल्लाको हावापानीको झलक दिने भौगोलिक विविधता रहेको स्थानीय तहको रुपमा चिन्न सकिन्छ। यस गाउँपालिकाको जनसंख्या १९,०९९ रहेको छ।[1] यस क्षेत्रको ८० प्रतिशत भाग भिरालो तथा पहाडी भाग रहेको छ भने बाँकी २० प्रतिशत बेंसी तथा मैदान रहेको छ। हालको संरचना अनुसार गाउँपालिकामा ५ (पाँच) वटा वडाहरु रहेका छन्। गाउँपालिकाको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः

**चित्र २.१ गाउँपालिकाको प्रशासनिक बिभाजन**

[1] गाउँपालिकाको प्रोफाइल (२०७७)




यस गाउँपालिकाको पूर्वमा रसुवा जिल्लाको उत्तरगया गाउँपालिका, पश्चिममा म्यागङ गाउँपालिका, उत्तरमा रुविभ्याली गाउँपालिका तथा दक्षिणमा विदुर नगरपालिका र म्यागङ गाउँपालिका रहेको छ। यस गाउँपालिकाको केन्द्र साविकको काउले गाविसको कार्यालय हालको वडा नं ३ मा छ।

**तालिकाः २.१ गाउँपालकाको संक्षिप्त जानकारी**

| | | |
|---|---|---|
| समावेश भएका साविक गावसहरू | साल्मे, भाल्चे, काहुले, फिकुरी र मनकामना | **स्वीकृत केन्द्रः काउले** |
| **क्षेत्रफल** | ८२.५७ वर्ग कि.मी. | |
| **केन्द्र** | साविकको काउले गा.वि.स.को कार्यालय | |
| **वडा संख्या** | ५ | |
| **सीमाना** | | |
| **पूर्व** | रसुवा जिल्लाको उत्तरगया गाउँपालिका | |
| **पश्चिम** | म्यागङ गाउँपालिका | |

| | | |
|---|---|---|
| **उत्तर** | रुविभ्याली गाउँपालिका | |
| **दक्षिण** | विदुर नगरपालिका र म्यागङ गाउँपालिका | |

*स्रोतः नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८ र किस्पाङ गाउँपालिकाको भूकम्प पश्चात्को पश्चातको पुनर्निर्माण योजना विवरण भाग १, नुवाकोट, २०७४*

किस्पाङ गाउँपालिका गठनको क्रममा समावेश भएका गाविसहरु र वडा विभाजन देहायअनुसारको (तालिका नं २.२) रहेको छ।

**तालिकाः २.२ किस्पाङ गाउँपालिकाको वडा विभाजन**

| क्र.सं | समावेश भएका साविका गाविस तथा वडाहरू | कायम वडा नं |
|---|---|---|
| १ | भाल्चे गाविसका ९ वटै वडाहरु | १ |
| २ | फिकुरी गाविसका ९ वटै वडाहरु | २ |
| ३ | काउले गाविसका ९ वटै वडाहरु | ३ |
| ४ | साल्मे गाविसका ९ वटै वडाहरु | ४ |
| ५ | मनकामना गाविसका ९ वटै वडाहरु | ५ |

*स्रोतः नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८*

## २.२ राजनीतिक प्रशासनिक विभाजन

नेपालको संविधान कार्यन्वयन गर्ने प्रक्रियामा नुवाकोट जिल्लाका १२ स्थानीय तह (२ नगरपालिका र १० गाउँपालिका) मध्ये एक गाउँपालिकाको रुपमा नेपाल सरकारद्वारा घोषणा गरिएको यस गाउँपालिकामा पाँच वटा वडा रहेका छन्। सवै वडा कार्यलयहरु संचालनमा रहेका छन्। यस गाउँपालिकाको गाउँ सभामा जम्मा २७ सदस्य छन् भने गाउँ कार्यपालिकामा जम्मा ११ सदस्य छन्।

## २.३ भू-उपयोगको विवरण

यस गाउँपालिकाको कुल क्षेत्रफल ८२.५७ वर्ग कि.मि. (गाउँ पालिकाको वेब साईट अनुसार) रहेको छ। जसमध्ये ४२.५३ प्रतिशत (३५.१२ वर्ग कि.मि.) कृषियोग्य छ। करिव एक-तिहाई भू-भाग अर्थात् ३४.०६ प्रतिशत (२८.१२ वर्ग कि.मि.) वन जंगलले ढाकेको छ भने २३.४१ प्रतिशत (१९.३३ वर्ग कि.मि.)

अन्य क्षेत्र छ। यो गाउँपालिकाको भू-उपयोगको अवस्था तलको तालिका २.३ मा दिइएको छ।

**तालिका २.३(क) : भू-उपयोगको अवस्था**

| क्रम सङ्ख्या | उपयोग | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
|---|---|---|---|
| १ | वन जंगलले ढाकेको जमिन | २८.१२ | ३४.०६ |
| २ | कृषी जमिन | ३५.१२ | ४२.५३ |
| ३ | अन्य | १९.३३ | २३.४१ |
| | **कुल** | **८२.५७** | |

*स्रोत : फोटोग्राफिक नक्शा, सर्भेक्षण बिभाग*


यस गाउँपालिकाको क्षेत्रफलको करिव एक-तिहाई भन्दा बढि अर्थात् ३५.८० प्रतिशत (२९.५७ वर्ग कि.मि.) भू-भाग एक नम्बर वडा ले ओगटेको छ। त्यस पछी  वडा नम्बर चारले करिव ३०.६९ प्रतिशत (२५.३४ वर्ग कि.मि) ओगटेको छ भने सबै भन्दा कम अर्थात् ९.६८ प्रतिशत (७.९९ वर्ग कि.मि.) वडा नबर दुईले ओगटेको छ। यस गाउँपालिकाको वडागत भू-भागको आकार तालिका २.३(ख) मा प्रस्तुत् गरिएको छ।

**तालिका २.३(ख) : वडागत भू-भाग को क्षेत्रफल**

| वडा नम्बर | क्षेत्रफल हेक्टरमा | प्रतिशत |
|---|---|---|
| १ | २९.५६ | ३५.८० |
| २ | ७.९९ | ९.६८ |
| ३ | ९.४१ | ११.४० |
| ४ | २५.३४ | ३०.६९ |
| ५ | १०.२७ | १२.४४ |
| कुल | ८२.५७ | १००.०० |

*स्रोत : फोटोग्राफिक नक्शा, सर्भेक्षण बिभाग*

**चित्र २.३ गाउँपालिकाको भू-उपयोग नक्सा**




Printed using website: http://nrgp.softwel.com.np/

## २.४ माटोको वनावट र उर्वराशक्ति

यो गाउँपालिका मध्य पहाडी भागमा पर्ने भएकोले यसको भू-बनोट भिरालो छ। नुवाकोट जिल्लाको अधिकांश भू-बनोट पत्रेदार चट्टान र पत्रेदार परिवर्तित चट्टानहरुले बनेको पाइन्छ। यो गाउँपालिका भौगोलिक रुपमा समग्र नुवाकोट जिल्लाको सानो रुप भएकोले नुवाकोटको माटोको बनावट सँग यहाँको माटोको बनावट मिलन सक्ने अनुमान गर्न सकिन्छ। जिल्लाको भू-बनोट र माटोको विवरणलाई आधार मानि हेर्दा यस गाउपालिकाको माटोको बनावट मुख्यतः चिम्टाइलो, दोमट, बलौटे, तथा रातो देखिन्छ। चिम्टाइलो पाङ्गो माटो भएको कारण धान, गहूँ, तरकारी खेतीका लागि उपयुक्त छ। समथर भागमा पाङ्गो माटो पाइने भएकोले यो क्षेत्र पनि खेतीयोग्य रहेको छ।

जिल्लामा भएको माटोको विवरण तालिका २.४ मा प्रस्तुत गरिएको छ। जस अनुसार यस गाउपालिकामा पनि तालिकामा उल्लेख भए अनुसारको माटो रहेको अनुमान गर्न सकिन्छ।

**तालिका २.४ : जिल्लाको माटोको प्रकार**


| क्र.स. | माटोको प्रकार | प्रतिशत(%) |
|---|---|---|
| १ | दोमट (Loamy) | ४.५ |
| २ | पातलो दोमट (Loamy Skeletal) | ९०.० |
| ३ | टुकत्याईलो दोमट (Fragmented Loamy) | २.५ |
| ४ | बलौटे (Sandy) | ०.१ |
| ५ | बलौटे दोमट (Sandy Loamy) | १.५ |
| ६ | गेडुला ढुङ्गा र दोमट (Loam & boulder) | १.४ |
| *श्रोत जि.स.स. नुवाकोट* | | |

## २.५ भूक्षयको सम्भावित क्षेत्र


तलको नक्शा २.५ (क) र (ख) मा यस गाउँपालिकाको भिरालोपन र बहुप्रकोप देखाइएको छ। नक्शा २.५(क) मा देखाए अनुसार २०-३०, ३०-४० र ४०-५० डिग्रीको भिरालोपन भएको जमिन धेरै छ। त्यस्तै गरी नक्शा २.५(ख) मा देखाए अनुसार छाल्खुङ खोलाको आसपासमा भूक्षयको जोखिम बढी छ। गाउँपालिकाको स्थलगत अध्ययनको क्रममा बिभिन्न स्थानमा पहिरोको ठुलो जोखिम रहेको छ। मुख्यतः १, २, ५, र ३ वडाहरु बढि जोखिममा रहेका छन्। पहिरोको कारण कतै खेतबारी कतै बस्ति समेत जोखिममा परेका छन्। विभिन्न ठूला साना पहिरो नियन्त्रण हुन नसक्दा र त्यसमाथि भारी बर्षा हुने भएकोले बाढी र पहिरोको जोखिम बढेको छ। यसका साथै पहाड तिर बाट बग्ने पहाडी खोलाहरुले पनी जमिन कटान गरी पहिरो निम्त्याउने गरेका छन। सडक लगायत पुर्वाधार निर्माणको बेलाको माटोको उचित ब्यबस्थापन नहुने र ठुलठुला उपकरण

(डोजर)को अत्यधिक प्रयोग पनी भु-स्खलन कारणको रुपमा रहेको देखिन्छ। यस गाउँपालिकामा झण्डै २५ वटा खोलाहरु छन्। पालिकामा जोखिमयुक्त स्थान र पहिरोहरु २२ वटा छन् र झण्डै ४०० घर परिवारहरु यस्को जोखिममा छन्। उदाहरणको रुपमा त्रिसुली -३ (बि) हाइड्रो पावर जाने सडक माथीको पहिरो नियन्त्रण नभए त्यसले निकै बस्तिहरुलाई जोखिममा पार्ने देखिन्छ।

चित्र २.५(क) जमिनको भिरालोपन




चित्र २.५(ख) बहु प्रकोपीय नक्शा




## २.६ जलवायु

समुन्द्र सतहबाट ६२५ मिटर देखि उच्च पहाडी भुभाग ३५६६ मिटर सम्मको उचाईमा रहेको यस गाउँपालिकामा समसितोष्ण र लेकाली हावापानी पाईन्छ।

# परिच्छेद तीन : जनसंख्या

## ३.१ घरपरिवारको संख्या

यस गाउँपालिकाको जन गणना २०६८ र घरधुरी सर्भेक्षण २०७७ को तथ्यांक अनुसार गाउँपालिकामा कुल ४३५३ घरपरिवार बसोबास गर्छन (वडागत वितरण सहित तालिका ३.१ मा प्रस्तुत) ।वडा नम्बर एकमा सबैभन्दा धेरै अर्थात् १००२ घरपरिवार बसोबास गर्छन। यो गाउँपालिकाको कुल घरपरिवारको करिव २३ प्रतिशत हुन्छ। त्यस्तै गरी सबैभन्दा कम वडा नम्बर चारमा कुल घरपरिवारको करिव बाह्र प्रतिशत भन्दा कम अर्थात् ५२७ घरपरिवार बसोबास गर्दछन। यस गाउँपालिकामा २०६८ को जन गणना पछि ३०% भन्दा बढी घरपरिवार अर्थात् १०१३ घरपरिवार वृद्धि भएको छ। सबै वडामा २०६८ भन्दा घरपरिवार बढेका छन्। वडा नम्बर तिनमा एक-तिहाई भन्दा बढी अर्थात् करिव ३५% बढेका छन्।

**तालिका ३.१ घरमुलीको विवरण सहित घरपरिवारको संख्या**


| वडा नम्बर | जन गणना २०६८ | | घरधुरी सर्वेक्षण २०७७ | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | घरमुली | | |
| | घरपरिवार संख्या | % | घरपरिवार संख्या | % | पुरुष | महिला | तेस्रो लिंगी |
| १ | ७५४ | २२.५७ | १००२ | २३.०२ | ८७२(८७.०३) | १२९(१२.८७) | १(०.१) |
| २ | ६३६ | १९.०४ | ८३७ | १९.२३ | ६८७(८२.०८) | १४९(१७.८) | १(०.१२) |
| ३ | ७३९ | २२.१३ | ९९७ | २२.९ | ८६६(८६.८६) | १३०(१३.०४) | १(०.१) |
| ४ | ४२२ | १२.६३ | ५२७ | १२.११ | ४२८(८१.२१) | ९९(१८.७९) | ०(०.०) |
| ५ | ७८९ | २३.६२ | ९९० | २२.७४ | ८०८(८१.६१६) | १८२(१८.३८) | ०(०.०) |
| **कुल** | **३३४०** | **१००** | **४३५३** | **१००** | **३६६१(८४.१)** | **६८९(१५.८३)** | **३** |

*स्रोत: नुवाकोट जिल्लाको बस्तुगत विवरण २०७४, केन्द्रीय तथ्यांक बिभाग, घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

चित्र संख्या ३.१ मा लैंगिक आधारमा घरपरिवारको **घरमुली**को अवस्था देखाइएको छ। चित्रमा देखाए अनुसार यस गाउँपालिकाको ३६६१ अर्थात् करिव ८४.१ प्रतिशत घरपरिवारको मुली पुरुष छन्। ६८९ अर्थात् १५.८३ प्रतिशत

घरपरिवारको मुली महिला छन् भने बाँकि ३ घर परिवारको मुली तेस्रो लिंगी छन्।

**चित्र संख्या ३.१ (क) घरमुली**




## ३.२ जनसख्याको आकार र जनघनत्व

यस पालिकाको घरधुरी सर्भेक्षणको नतिजा अनुसारको कुल जनसंख्या र जन घनत्व वडागत वितरण सहित तालिका ३.२ मा प्रस्तुत् गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १९०९९ रहेको छ। वडा नम्बर एकमा सबैभन्दा बढि ४४६४ जना अर्थात् करिव २३.३७ प्रतिशत बसोबास गर्छन् भने वडा नम्बर चारमा सबैभन्दा कम अर्थात् १२.०९ प्रतिशत बसोबास गर्छन्।

यस गाउँपालिकाको प्रति बर्ग कि.मि. जन घनत्व करिव २३१ जना रहेको छ। सबैभन्दा बढि जनघनत्व वडा नम्बर तिनमा ४५७ जना प्रति बर्ग कि.मि. र सबैभन्दा कम वडा नम्बर चारमा करिव ९१ जना प्रति बर्ग कि.मि. रहेको छ।

**तालिका ३.२ जनसंख्याको आकार र जन घनत्व**

| वडा | कुल जनसंख्या | जनसंख्याको प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफलको प्रतिशत | जन घनत्व (प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|
| १ | ४४६४ | २३.३७ | २९.५७ | ३५.८१ | १५१ |
| २ | ३५८७ | १८.७८ | ७.९९ | ९.६८ | ४४९ |
| ३ | ४२९७ | २२.५ | ९.४१ | ११.४० | ४५७ |
| ४ | २३१० | १२.०९ | २५.३४ | ३०.६९ | ९१ |
| ५ | ४४४१ | २३.२५ | १०.२७ | १२.४४ | ४३२ |
| कुल जम्मा | १९०९९ | १०० | ८२.५७ | १००.०० | २३१ |

*स्रोतः टोपोग्राफिक नक्शा-सर्भेक्षण बिभाग, घरधुरी सर्भेक्षण २०७७- किस्पाङ गाउँपालिका*

## ३.३ जनसंख्या वृद्धिदर


यस गाउँपालिकाको जन गणना २०६८ देखि घरधुरी सर्भेक्षण २०७७ सम्मको जनसख्या वृद्धिको वडागत विवरण सहित तालिका ३.३ मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २०६८ मा १४८६१ रहेकोमा ४२३८ जना वृद्धि भई २०७७ मा १९०९९ पुगेको छ। यो अवधिमा गाउँपालिकाको कुल जनसंख्या बार्षिक ३.१९ प्रतिशतले बढेको छ। वडागत रुपमा सबैभन्दा बढि वडा नम्बर तिनको जनसंख्या बार्षिक ४.६२ प्रतिशतले बढेको छ भने सबैभन्दा कम वडा नम्बर चारको जनसंख्या बार्षिक ०.६९ प्रतिशतले मात्र बढेको छ।

**तालिका ३.३ जनसख्या वृद्धि**

| वडा | जन गणना २०६८ | | घरधुरी सर्वेक्षण २०७७ | | जनसंख्या वृद्धि दर % |
|---|---|---|---|---|---|
| १ | ३४८८ | २३.४७ | ४४६४ | २३.३७ | ३.१३ |
| २ | २८७३ | १९.३३ | ३५८७ | १८.७८ | २.८१ |
| ३ | २९९३ | २०.१४ | ४२९७ | २२.५ | ४.६२ |
| ४ | २१८६ | १४.७१ | २३१० | १२.०९ | ०.६९ |
| ५ | ३३२१ | २२.३५ | ४४४१ | २३.२५ | ३.७० |
| **कुल जम्मा** | **१४८६१** | **१००** | **१९०९९** | **१००** | **३.१९** |

*स्रोतः जनगणना २०६८, केन्द्रीय तथ्यांक बिभाग, घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

**चित्र ३.३ वडागत र कुल जनसख्या वृद्धि**




# ३.४ जनसंख्याको विश्लेषण

## ३.४.१ लैंगिक आधारमा जनसख्याको वनावट


यस गाउँपालिकाको वडागत वितरण सहितको लैंगिक जनसंख्याको विवरण तालिका ३.४.१ मा दिइएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकामा पुरुषको जनसंख्या ९७७२ अर्थात् ५१.१६ प्रतिशत, महिलाको जनसंख्या ९३१० अर्थात् ४८.७५ प्रतिशत र तेस्रो लिंगीको जनसंख्या १७ अर्थात् ०.०९ प्रतिशत रहेको छ। गाउँपालिकाको सबै वडा हरुमा पुरुषको संख्या बढि छ।

**तालिका ३.४.१ लैंगिक आधारमा जनसंख्याको बनावट**

| वडा | जनसंख्या | पुरुष | महिला | तेस्रो लिंगी |
|---:|---:|---:|---:|---:|
| १ | ४४६४ | २३२१(५१.९७) | २१३८(४७.८९) | ५(०.१३) |
| २ | ३५८७ | १८१७(५०.६३) | १७६८(४९.२६) | २(०.११) |
| ३ | ४२९७ | २१९८(५१.१५) | २०९६(४८.७८) | ३(०.०७) |
| ४ | २३१० | ११९८(५१.८६) | ११०९(४८.०१) | ३(०.१३) |
| ५ | ४४४१ | २२४१(५०.४४) | २२००(४९.५४) | ० (०.००) |
| **कुल जम्मा** | **१९०९९** | **९७७५(५१.१६)** | **९३११(४८.७५)** | **१३(०.०९)** |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

चित्र ३.४.१ जनसंख्याको लैंगिक वितरण




### ३.४.२ प्रजनन दर

यस पालिकाको कुल ९३१० महिला जनसख्या मध्ये ४०.८८%(३८०६) महिला प्रजनन उमेरका छन्। पालिका स्तरको जन्मदर सम्बन्धी तथ्यांक उपलब्ध नभएका कारण प्रजनन दर निकालिएको छैन।

### ३.४.३ मृत्यु (मातृ, बाल, शिशु मृत्युदर)

यस गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा विगत तिन बर्षमा कुल ९५ जनाको मृत्यु भएको थियो। यो गाउँपालिकाको कुल जनसंख्याको करिव ०.०५ प्रतिशत हो। वडागत रुपमा वडा नम्बर पाँचमा सबै भन्दा बढि ०.७२ प्रतिशत र सबै भन्दा कम वडा नम्बर दु मा ०.२८ प्रतिशत मृत्यु भएको पाईन्छ। उक्त सर्भेक्षण बाट प्राप्त नतिजालाई तालिका ३.४.३ मा प्रस्तुत् गरिएको छ। यस गाउँपालिकामा पुरुष मृत्युदर महिलाको मृत्युदर भन्दा बढि देखिन्छ। नेपालमा हाल सम्म गाउँपालिका स्तरको मातृ, बाल र शिशु मृत्युदरको तथ्यांक उपलब्ध छैन।

**तालिका ३.४.३ विगत तिन बर्षमा भएको मृत्युको बिबरण**

| वडा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११ | ६ | १७ | ०.३८ |
| २ | ७ | ३ | १० | ०.२८ |
| ३ | १२ | १४ | २६ | ०.६१ |
| ४ | ४ | ६ | १० | ०.४३ |
| ५ | २३ | ९ | ३२ | ०.७२ |
| कुल जम्मा | ५७ | ३८ | ९५ | ०.५० |
| प्रतिशत | ०.५८ | ०.४१ | | |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ३.४.४ जनसंख्याको वनावट (उमेर समुह र वैवाहिक स्थिति)

घरधुरी सर्भेक्षणबाट प्राप्त नतिजाको आधारमा यस गाउँपालिकाको जनसंख्याको उमेर समुह अनुसारको तथ्यांक तालिका ३.४.४(क) मा प्रस्तुत् गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकामा आर्थिक रुपले सक्रिय उमेर समुह अर्थात् १५ बर्ष देखि ५९ बर्षको जनसंख्या कुल जनसंख्याको करिव दुइ-तिहाई अर्थात् ६४.३९ प्रतिशत रहेका छन्। कुल जनसंख्यामा पुरुषको संख्या बढी (५१.१८%) छ भने २०-२४ बर्ष, ३०-३४ बर्ष र ३५-३९ बर्ष उमेर समुह पुरुष भन्दा महिला बढि छन्। बालबालिका अर्थात् १४ बर्ष सम्मका जनसंख्या झन्डै एक-चौथाई (२३.२७%) रहेको छ भने ६० बर्ष भन्दा बढि उमेरको जेष्ठ नागरिक १२.३२ प्रतिशत छन्।


**तालिका ३.४.४(क) उमेर र लिंग अनुसारको जनसंख्या वितरण**

| उमेर समुह (बर्ष) | पुरुष | महिला | तेस्रो लिंगी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ०-४ | ६६१(५१.७२) | ६१७(४८.२८) | ०(०.०) | १२७८ | ६.६९ |
| ५-९ | ८०१(५१.८१) | ७४५(४८.१९) | ०(०.०) | १५४६ | ८.०९ |
| १०-१४ | ८२५(५०.८६) | ७९७(४९.१४) | ०(०.०) | १६२२ | ८.४९ |
| १५-१९ | ९३१(५०.९९) | ८९५(४९.०१) | ०(०.०) | १८२६ | ९.५६ |
| २०-२४ | १०३२(४९.०७) | १०६८(५०.७८) | ३(०.१४) | २१०३ | ११.०१ |
| २५-२९ | १०५०(५१.४५) | ९९०(४८.५१) | १(०.०५) | २०४१ | १०.६९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३०-३४ | ७३६(५२.२७) | ६६७(४७.३७) | ५(०.३६) | १४०८ | ७.३७ |
| ३५-३९ | ६८८(४८.९७) | ७१७(५१.०३) | ०(०.०) | १४०५ | ७.३६ |
| ४०-४४ | ५८०(५३.९) | ४९३(४५.८२) | ३(०.२८) | १०७६ | ५.६३ |
| ४५-४९ | ४६१(५१.१७) | ४३९(४८.७२) | १(०.११) | ९०१ | ४.७२ |
| ५०-५४ | ४३९(५१.८३) | ४०८(४८.१७) | ०(०.०) | ८४७ | ४.४३ |
| ५५-५९ | ३६७(५३.११) | ३२४(४६.८९) | ०(०.०) | ६९१ | ३.६२ |
| ६०-६४ | ३५९(५०.४९) | ३५२(४९.५१) | ०(०.०) | ७११ | ३.७२ |
| ६५-६९ | २९५(५०.६) | २८८(४९.४) | ०(०.०) | ५८३ | ३.०५ |
| ७०-७४ | २४६(५१.६८) | २३०(४८.३२) | ०(०.०) | ४७६ | २.४९ |
| >७५ | ३०४(५१.९७) | २८१(४८.०३) | ०(०.०) | ५८५ | ३.०६ |
| **कुल जम्मा** | **९७७५(५१.१८)** | **९३११(४८.७५)** | **१३(०.०७)** | **१९०९९** | **१००.००** |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

**चित्र ३.४.४ उमेर र लिंग अनुसारको जनसंख्या वितरण**




...

## वैवाहिक स्थिती

गाउँपालिकाको वैवाहिक स्थितिको लैङ्गिक विवरण तालिका ३.४.४(ख) अनुसार आधा भन्दा बढी जनसंख्या (५२.५८%) विवाहित छन्, ३.३२% विधवा छन्, ०.६२% ले पुनर्विवाह गरेका छन् भने ०.२९% ले बहुविवाह गरेका छन्। सम्बन्ध विच्छेद गर्ने, वहुविवाह र पुनर्विवाह गर्ने  पुरुषको संख्या महिलाको भन्दा बढी देखिएको छ।

**तालिका ३.४.४(ख) वैवाहिक स्थितीको लैङ्गिक खण्डीकृत विवरण**

| वैवाहिक अवस्था | पुरुष | महिला | तेस्रो लिंगी | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| सम्बन्ध-विच्छेद | ८१ | ४७ | ० | १२८ | ०.६७ |
| विवाहित | ४९६४ | ५०७० | ७ | १००४३ | ५२.५८ |
| बहुविवाह | ४४ | १२ | ० | ५६ | ०.२९ |
| पुनर्विवाह | ७८ | ४१ | ० | ११९ | ०.६२ |
| छुट्टिएका | १७ | ३८ | ० | ५५ | ०.२९ |
| अविवाहित | २७६० | २१४३ | ६ | ४९०८ | २५.७० |
| विधवा | २०७ | ४२८ | ० | ६३५ | ३.३२ |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ३.४.५ औसत परिवार संख्या

यस पालिकामा औसत परिवार संख्या ४.३९ जना रहेको छ। वडागत रुपमा सबैभन्दा बढि औसत घरपरिवार वडा नम्बर पाँचमा ४.४९ जना र सबैभन्दा कम वडा नम्बर दुईमा ४.२९ जना रहेको छ। घरधुरी सर्भेक्षणबाट प्राप्त नतिजा अनुसारको यस पालिकाको परिवारको आकार वडागत विवरण सहित तालिका ३.४.५ मा दिइएको छ। यस गाउँपालिकाको औसत परिवारको आकार २०६८ को जनगणनाको तथ्यांक अनुसारको नेपालको, नुवाकोट जिल्लाको भन्दा सानो छ तर बागमती प्रदेशको भन्दा ठुलो छ।

**तालिका ३.४.५ परिवार संख्या विवरण**

| वडा | घरपरिवार संख्या | जनसंख्या | परिवार संख्या |
|---|---|---|---|
| १ | १००२ | ४४६४ | ४.४६ |
| २ | ८३७ | ३५८७ | ४.२९ |
| ३ | ९९७ | ४२९७ | ४.३१ |

| | | | |
|---|---|---|---|
| ४ | ५२७ | २३१० | ४.३८ |
| ५ | ९९० | ४४४१ | ४.४९ |
| गाउँपालिका | ४३५३ | १९०९९ | ४.३९ |
| नुवाकोट | | | ४.६९ |
| बागमती | | | ४.३५ |
| नेपाल | | | ४.८८ |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*


## ३.५ जातजाति

यस गाउँपालिकामा बिभिन्न जातजातिको बसोबास रहेको छ। ती मध्ये तामाङ जातिको बाहुल्यता रहेको छ। यस गाउँपालिकामा तामाङहरु कुल जनसंख्याको करिव दुई-तिहाई अर्थात् ६५.२ प्रतिशत छन् भने ब्राम्हण १३.७६ प्रतिशत, घले १०.८७ प्रतिशत, र कामी ४.१३ प्रतिशत रहेका छन्। जातजातीको तथ्यांक तालिका ३.५ मा र जात अनुसार जनसंख्याको वितरण चित्र ३.५ मा प्रस्तुत् गरिएको छ।

**तालिका ३.५ जातजातिको विवरण**

| वडा | तामाङ | ब्राह्मण | घले | कामी | गुरुङ | छेत्री | दमाई | नेवार |
|---|---|---|---|---|---|---|---|---|
| १ | २९१५ | ० | १४२१ | ११७ | ० | ० | १ | ० |
| २ | १६२९ | १७८७ | ० | ३४ | ५ | ५१ | ७१ | ८ |
| ३ | ३६४२ | ११४ | १ | २८६ | ० | २४३ | ११ | ० |
| ४ | १७६९ | ० | ४५९ | 77 | ० | ० | ० | ० |
| ५ | २४९७ | ७२६ | १९५ | २७५ | ५५४ | ११७ | १८ | ५२ |
| **कुल** | **१२४५२** | **२६२७** | **२०७६** | **७८९** | **५५९** | **४११** | **१०१** | **६०** |
| **प्रतिशत** | **६५.२०** | **१३.७६** | **१०.८७** | **४.१३** | **२.९३** | **२.१५** | **०.५३** | **०.३१** |


**चित्र ३.५ जातजातीको बिबरण**




## ३.६ मातृभाषा

यस गाउँपालिकामा बिभिन्न भाषाको प्रयोग गर्ने नागरिकहरुको बसोबास रहेको छ। त्यस मध्ये सबैभन्दा धेरै करिव ७१.५३ प्रतिशत तामाङ भाषी, त्यस पछी नेपाली भाषा बोल्ने २२.८४ प्रतिशत, घले ४.२२ प्रतिशत, गुरुङ १.३६ प्रतिशत र अन्य १.३९ प्रतिशत रहेका छन्। यस गाउँपालिकामा बोलिने बिभिन्न भाषाको तथ्यांक चित्र ३.६ मा प्रस्तुत् गरिएको छ।


**चित्र ३.६ गाउँपालिकामा बोलिने मुख्य भाषाहरुको बिबरण**



## ३.७ धर्म

यस गाउँपालिकामा मुख्यतया चार वटा धर्म मान्ने नागरिकहरुको बसोबास रहेको छ। यी मध्ये अधिकांश बुद्ध धर्म मान्ने नागरिकहरु ६३.२३ प्रतिशत, हिन्दु धर्म मान्नेहरु २५.७३ प्रतिशत, क्रिस्चियन धर्म मान्ने १०.८२ प्रतिशत, बोन धर्म मान्नेहरु ०.०८ र किराँत धर्म मान्नेहरु ०.०६ प्रतिशत छन्। यस गाउँपालिकाको बिभिन्न धर्म मान्ने नागरिकहरुको तथ्यांक चित्र ३.७ मा प्रस्तुत् गरिएको छ।

**चित्र ३.७ प्रमुख धर्महरुको बिबरण**




## ३.८ अनुपस्थित जनसंख्या

तालिका ३.८ मा यस गाउँपालिकाका नागरिकहरुको हालको बसाई अनुसारको तथ्यांक प्रस्तुत् गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको १३८११ अर्थात् करिव ७२.३१ प्रतिशत नागरिकहरु पालिका भित्रनै बसिरहेका छन्। गाउँपालिकाका ३७७० अर्थात् १९.७४ प्रतिशत नागरिकहरु देशको अन्य भूभागमा बसिरहेका छन्, १५०१ जना अर्थात् करिव ७.८६ प्रतिशत बिदेशमा छन् भने १७ जना सम्पर्क बिहिन छन्।


**तालिका ३.८ नागरिकहरुको हालको बसाइको बिबरण**

| वडा | पालिका भित्र | देशको अन्य भागमा | विदेशमा | सम्पर्क | जम्मा |
|---|---|---|---|---|---|

| | बसिरहेका | बसिरहेका | बसिरहेका | बिहिन | |
|---|---|---|---|---|---|
| १ | ३३३६ | ७८९ | ३३६ | ३ | ४४६४ |
| २ | २६७९ | ६७० | २३६ | २ | ३५८७ |
| ३ | २९७० | ९९५ | ३२६ | ६ | ४२९७ |
| ४ | १७१८ | ४३२ | १५८ | २ | २३१० |
| ५ | ३१०८ | ८८४ | ४४५ | ४ | ४४४१ |
| कुलजम्मा | १३८११ | ३७७० | १५०१ | १७ | १९०९९ |
| प्रतिशत | ७२.३१ | १९.७४ | ७.८६ | ०.०९ | |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

**चित्र ३.८ नागरिकहरुको बसाई**




## ३.९ बसोबासको अवस्था

घरधुरी सर्भेक्षणको क्रममा यस गाउँपालिकाका ४३५३ घरपरिवार मध्ये ४२५१ घरपरिवार अर्थात् करिव ९७.६६ प्रतिशतले आफ्नै स्वामित्वको घरमा बसिरहेका छन। ६७ अर्थात् करिव १.५४ प्रतिशत घरपरिवारले आफु भाडामा बसिरहेको र ६ घरपरिवार आफन्तको घरमा बसिरहेको छन। यस सम्बन्धि तथ्यांकलाई तालिका ३.९(क) मा प्रस्तुत् गरिएको छ।

**तालिका ३.९(क) हाल बसिरहेको घरको स्वामित्वको बिबरण**

| वडा | आफ्नै | भाडामा | साथीको | आफन्तको | संस्थाको | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ९९८ | ४ | ० | ० | ० | ० | १००२ |
| २ | ८०१ | ७ | ० | १ | ० | २८ | ८३७ |
| ३ | ९४३ | ४९ | ० | ४ | १ | ० | ९९७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ५२२ | ५ | ० | ० | ० | ० | ५२७ |
| ५ | ९८७ | २ | ० | १ | ० | ० | ९९० |
| कुल जम्मा | ४२५१ | ६७ | ० | ६ | १ | २८ | ४३५३ |
| प्रतिशत | ९७.६६ | १.५४ | ०.०० | ०.१४ | ०.०२ | ०.६४ | १००.०० |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

सम्पत्ति माथिको स्वामित्वको यो गाउँपालिकामा भएको लैंगिक अवस्थाको बारेमा जानकारी लिने उद्देश्यले घरधुरी सर्भेक्षणमा प्रश्नावली समावेस गरिएको थियो। तालिका ३.९(ख) मा उल्लेखित घर जग्गामा स्वामित्व हेर्दा अधिकतम अर्थात् ८५% भन्दा बढी पुरुषको स्वामित्व रहेको पाइन्छ। महिलाको स्वामित्व ८.४८% रहेको देखिन्छ भने संयुक्त स्वामित्व २.३० प्रतिशत रहेको देखिन्छ।

**तालिका ३.९(ख) घरको स्वामित्व सम्बन्धि लैङ्गिक विवरण**

| वडा नं. | पुरुष | महिला | संयुक्त | घर जग्गा विहिन | जम्मा |
|---|---|---|---|---|---|
| १ | ९३२ | ४७ | ५ | १८ | **१००२** |
| २ | ७१४ | ७९ | १० | ३४ | **८३७** |
| ३ | ८३३ | ९४ | ३० | ४० | **९९७** |
| ४ | ४५४ | ५१ | १० | १२ | **५२७** |
| ५ | ७८२ | ९८ | ४५ | ६५ | **९९०** |
| **कुल जम्मा** | **३७१५** | **३६९** | **१००** | **१६९** | **४३५३** |
| **प्रतिशत** | **८५.३४** | **८.४८** | **२.३०** | **३.८८** | |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ३.१० घरको बनावट

यस गाउँपालिकाको अधिकांस घरको टिनको छानो छ। तालिकामा दिए अनुसार यस पालिकामा टिनको छानो भएका घर ३३७२ अर्थात् ७७.४६ प्रतिशत, आरसिसी छानो भएका घर ९३७ अर्थात् २१.५३ प्रतिशत, ढुंगाको छानो भएका घर ३० वटा र फुस्को छानो भएका ७ वटा घर छन्।

**तालिका ३.१०(क) घरको छानोको प्रकारको बिबरण**

| वडा | आरसिसी | टिन | ढुंगा | काठ | फुस्को | माटो | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | १६३ | ८३१ | ५ | ० | २ | १ | ० | १००२ |
| २ | १४९ | ६७६ | ११ | ० | १ | ० | ० | ८३७ |
| ३ | २०६ | ७८२ | ३ | ४ | २ | ० | ० | ९९७ |
| ४ | ५२ | ४६९ | ६ | ० | ० | ० | ० | ५२७ |
| ५ | ३६७ | ६१४ | ५ | ० | २ | ० | २ | ९९० |
| **कुलजम्मा** | **९३७** | **३३७२** | **३०** | **४** | **७** | **१** | **२** | **४३५३** |
| **प्रतिशत** | **२१.५३** | **७७.४६** | **०.६९** | **०.०९** | **०.१६** | **०.०२** | **०.०५** | |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

तालिका ३.१०(ख) मा यस गाउँपालिकामा बसोबास गर्ने नागरिकहरुको घरको जग को प्रकार अनुसारको तथ्यांक प्रस्तुत् गरिएको छ। तालिकामा दिए अनुसार यस गाउँपालिकामा करिव आधा घर २५३५ अर्थात् ४९.०२ प्रतिशत(२१३४) घरको जग सिमेन्ट र बालुवा मिसाएर बनाइएको छ। ९०६ अर्थात् २०.८१ प्रतिशत घरको जग बालुवा र ढुंगा मिसाएर बनाएको छन्, करिव एक-चौथाई घर अर्थात् २४.५३ प्रतिशत(१०६८) घर लोड बिएरिंग छन् भने ५४ वटा घर फ्रेम स्ट्रक्चरमा बनेका छन्।

**तालिका ३.१०(ख) घरको जगको बिबरण**


| वडा | बालुवा ढुंगा | सिमेन्ट र ढुंगा | लोड बियरिंग | फ्रेम स्ट्रक्चर | काठ | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २४४ | ६४३ | १०९ | २ | ४ | ० | १००२ |
| २ | ३६० | ११४ | ३६० | ० | ३ | ० | ८३७ |
| ३ | २२१ | ४६२ | १४५ | ५१ | ८ | ११० | ९९७ |
| ४ | २८ | १७४ | ३१८ | १ | ६ | ० | ५२७ |
| ५ | ५३ | ७४१ | १३६ | ० | १ | ५९ | ९९० |
| **कुलजम्मा** | **९०६** | **२१३४** | **१०६८** | **५४** | **२२** | **१६९** | **४३५३** |
| **प्रतिशत** | **२०.८१** | **४९.०२** | **२४.५३** | **१.२४** | **०.५१** | **३.८८** | |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

घरधुरी सर्भेक्षणको दौरान नागरिकहरुले बताए अनुसार यस पालिकाका अधिकांश घरहरु अर्थात् करिव ९५.७० प्रतिशतको निर्माण गाउँपालिकाले तोकेको मापदण्ड

अनुसारको बनेका छन् भने करिव ४.२३ प्रतिशत मापदण्ड अनुसारका छैनन्। घरको मापदण्ड अनुसारको तथ्यांक चित्र ३.१० मा प्रस्तुत् गरिएको छ।

**चित्र ३.१० घरको मापदण्ड**




# परिच्छेद-४ : आर्थिक अवस्था

## ४.१ अर्थतन्त्रको संरचना

यो गाउँपालिकाको अर्थतन्त्र मुख्यरुपमा कृषिमा आधारित रहेको र जीविकोपार्जनमा विप्रेषण आयको समेत उल्लेख्य भूमिका रहेको छ। नेपालको राष्ट्रिय लेखांकनको आधिकारिकता पाएको केन्द्रीय तथ्यांक विभागले हाल सम्म स्थानीय तह सम्मको कुल गार्हस्थ उत्पादन गणना गरी औपचारिक रुपमा प्रकाशन गरेको छैन। साथै यो तहसम्म कुल गार्हस्थ उत्पादन गणना गर्ने प्रयोजनका लागि तथ्यांक समेत संकलन हुन सकेको छैन। यस परिस्थितिमा केन्द्रीय तथ्यांक विभागले समेत

प्रादेशिक आय गणना गर्ने प्रयोजनका लागि बाँडफाँड विधि (Allocative method) प्रयोग गरेको परिप्रेक्ष्यमा यस गाउँपालिकाको कुल गार्हस्थ उत्पादन गणना गर्न समेत सोही विधि प्रयोग गरिएको छ। यसरि गणना गरिएको कुल गार्हस्थ उत्पादनको रकमलाई यस गाउँपालिकामा गरिएको घर धुरी सर्भेक्षण २०७७ र समुह छलफल र जानकार हरुसँगको अन्तर्वार्ताबाट प्राप्त हुन् आएको तथ्यको आधारमा र सो क्रममा गाउँपालिकामा भएको छलफलबाट समेत जांच गरिएकोमा सो गणना तात्विक फरक परेको पाइएन। साथै, यसरि गणना गरिएको कुल गार्हस्थ उत्पादनको रकमलाई गाउँपालिकामा भएको दीर्घकालीन सोच निर्माण गोष्ठीले अनुमोदन समेत गरेको छ।

यस गाउँपालिकाको आ.ब. २०७७/७८ मा रहेको कुल गार्हस्थ उत्पादन र अन्य प्रमुख आर्थीक सूचकहरुलाई तालिका ४.१ मा प्रस्तुत् गरीएको छ। जस अनुसार गाउँपालिकाको कुल गार्हस्थ उत्पादन रु. १ अर्ब ७३ करोड १२ लाख रहेको छ। जसमा कृषि क्षेत्रको ३५.५%, उद्योग क्षेत्रको १०.२% र सेवा क्षेत्रको ५४.३% योगदान रहेको छ। कुल बार्षिक निर्यात रु. ९ करोड ७५ लाख ५० हजार र कुल बार्षिक आयात रु. ५१ करोड ४६ लाख ५५ हजार रहेको छ। विप्रेषण आय रु. ५० करोड र कुल आय रु. दुई अर्ब, २३ करोड १२ लाख रहेको छ। तसर्थ पालिकाको प्रति व्यक्ति गार्हस्थ उत्पादन रु. ९०,६६० (अमेरिकी डलर ७६३) र प्रति ब्यक्ति आय रु. ११६,८२३ (अमेरिकी डलर ९८२) रहेको छ।

**तालिका ४.१: अर्थतन्त्रको संरचनागत अवस्था**

| विवरण | आ.ब. २०७७/७८ | | |
|---|---|---|---|
| | रु. | | अमेरिकी डलर* |
| | कुल | प्रति व्यक्ति | |
| निर्यात | ९७,५५०,००० | | |
| आयात | ५१४, ६५५,००० | | |
| विप्रेषण आय | ५००,०००,००० | | |
| **कुल गार्हस्थ उत्पादन** | **१,७३१,२००,०००** | **९०, ६६०** | **७६३** |
| **कुल आय** | **२,२३१,२००,०००** | **११६,८२३** | **९८२** |

| | | | |
|---|---|---|---|
| **कृषि क्षेत्रको योगदान** | **३५.५%** | | |
| **उद्योग क्षेत्रको योगदान** | **१०.२%** | | |
| **सेवा क्षेत्रको योगदान** | **५४.३%** | | |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, समुह छलफल, आर्थिक सर्वेक्षण २०७७/७८, मानव विकास प्रतिवेदन २०१४ बाट प्राप्त तथ्यांकको आधारमा गणना गरिएको*

** २०७८ असार मसान्तको विनिमय दर लिइएको*

## ४.२ कृषि तथा पशुपालन

यस गाउँपालिकाको वस्तु स्थिति अध्ययनको शिलशिलामा प्राप्त जानकारी अनुसार गाउँपालिकाका नागरिकहरुको मुख्य पेशा कृषी हो। खाद्यान्न, तरकारी र पशुपालन यहाँको जीविकोपार्जनको मुख्य आधार हो। गाउँपालिकाको कृषी तथा पशुपालनको अवस्थालाई यस परिच्छेदमा प्रस्तुत् गरिएको छ।

### ४.२.१ कृषि योग्य जमिनमा पँहुच

नेपालमा विकासको आधार तथा अर्थतन्त्रको मेरुदण्डको रुपमा कृषी रहेको छ। कृषी क्षेत्रको समग्र विकासको लागि महिलाको यस क्षेत्रमा सहभागिता र योगदान महत्वपुर्ण रहन्छ। देशमा विद्यमान निति, तथा कानुनी प्रावधानहरुले महिलाको कृषीमा संलग्नताको सम्वन्धमा व्यवस्था गरेको पाइन्छ। नेपालको संविधान २०७२ को भाग ४ मा उल्लेखित राज्यका निर्देशक सिद्दान्त, निति तथा दायीत्व अन्र्तगत को राज्यका नितिहरुमा किसानको हक हितको संरक्षण गर्दै कृषीको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नितिको अवलम्वन गरि भूमिको व्यवस्थापन र कृषीको व्यवसायीकरण, औधोगिकरण, विविधिकरण र आधुनिकिकरण गर्ने भन्ने व्यवस्था गरेको देखिन्छ। त्यसै गरि लैससास निति २०७७ ले व्यावसायिक कृषी, बजार व्यवस्थापन तथा कृषीमा आधारित उद्यम एवं सिप विकास तथा उद्योग संग सम्वन्धित सिप विकास कार्यक्रम संचालन गरि महिलाको आर्थिक कृयाकलापमा वृद्दि गरिनेछ  भनि कृषीमा महिलाको संलग्नतामा जोड दिएको छ।

तालिका ४.२.१ मा घरधुरी सर्भेक्षणबाट प्राप्् नतिजा अनुसारको यस गाउँपालिकाका कृषिमा संलग्न भएका घरपरिवार वडागत वितरण सहित दिइएको छ। जस अनुसार गाउँपालिकाको कुल घरपरिवारको ७१.०३ प्रतिशत घरपरिवार

कृषिमा संलग्न छन् भने २८.९७ प्रतिशत घरपरिवार कृषिमा संलग्न छैनन्। वडागत रुपमा वडामा रहेका घरपरिवार मध्ये वडा नम्बर चारका सबैभन्दा बढि करिव ८४ प्रतिशत  घरपरिवार कृषिमा संलग्न छन् भने सबैभन्दा कम वडा नम्बर एकका घरपरिवार मध्ये करिव ४६ प्रतिशत मात्र कृषी पेशामा संलग्न छन्।

**तालिका ४.२.१ कृषिमा संलग्न घरपरिवारको बिबरण**

| वडा | कृषिमा संलग्न भएको | प्रतिशत | कृषिमा संलग्न नभएको | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४६५ | ४६.४१ | ५३७ | ५३.५९ | १००२ |
| २ | ६९२ | ८२.६८ | १४५ | १७.३२ | ८३७ |
| ३ | ७१९ | ७२.१२ | २७८ | २७.८८ | ९९७ |
| ४ | ४४२ | ८३.८७ | ८५ | १६.१३ | ५२७ |
| ५ | ७७४ | ७८.१८ | २१६ | २१.८२ | ९९० |
| कुलजम्मा | ३०९२ | ७१.०३ | १२६१ | २८.९७ | ४३५३ |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.२.२ कृषि जग्गाको आकार

यस गाउँपालिकामा कृषि योग्य जमिन ३५१२ हेक्टर र प्रति परिवार ०.८६ हेक्टर जग्गा छ।

## ४.२.३ प्रमुख बालिहरु

यस गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७ को प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा मुख्यतया धान, मकै, गहूँ, कोदो, जौ र फापर उत्पादन हुने गरेको छ। उक्त तथ्यांक तालिका ४.२.३(क) मा प्रस्तुत् गरिएको छ। तालिकामा दिए अनुसार यस गाउँपालिकाका नागरिकहरुले धान. मकै, कोदो, गहुँ र जौ आफुले उपभोग गर्नुका अतिरिक्त बिक्रि पनि गर्ने गरेका छन्। तर फापर र तोरी भने आफु उपभोग नगरी बिक्रि गर्ने गरेका छन्।

**तालिका ४.२.३ (क) अन्नबाली उत्पादन, उपभोग र बिक्रि बिबरण**

| अन्न बाली | उत्पादन(केजी) | बिक्रि(केजी) | उपभोग(केजी) |
|---|---|---|---|
| जौ | ३१४२ | ३०० | २८४२ |

| | | | |
|---|---|---|---|
| मकै | १३८५८७३ | ६०११ | १३७९८६२ |
| कोदो | ५४२४२५ | ४२५२ | ५३८१७३ |
| तोरी | १०५ | ० | १०५ |
| धान | १०९१३०५ | २५८३७ | १०६५४६८ |
| गहुँ | १२५८९ | १००० | ११५८९ |
| फापर | ५५ | ० | ५५ |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

यो गाउँपालिकामा अन्नबालीका अतिरिक्त बिभिन्न तरकारी समेत उत्पादन र बिक्रि वितरण हुने गरेको छ। घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त तरकारी उत्पादन र बिक्रि वितरण सम्बन्धी तथ्यांक तालिका ४.२.३ (ग) मा प्रस्तुत् गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकामा प्रमुख रुपमा गोलभेंडा, आलु, लसुन/प्याज, काउली, खोर्सानी र अदुवा उत्पादन र बिक्रि समेत हुने गरेको छ।

**तालिका ४.२.३ (ख) तरकारी उत्पादन, उपभोग र बिक्रि बिबरण**

| तरकारी | उत्पादन (केजी) | बिक्रि(केजी) | उपभोग(केजी) |
|---|---|---|---|
| काउली | ३२०० | ३५० | २८५० |
| गाँजर | २९० | ४२ | २४८ |
| खोर्सानी | २४९ | ५० | १९९ |
| अदुवा | ७५५ | १२० | ६३५ |
| प्याज/लसुन | ३११० | ८९० | २२२० |
| आलु | ७६६०० | ९८४० | ६६७६० |
| टमाटर | ३७८२ | ४४० | ३३४२ |
| मटरकोसा | २५१३ | १२९५ | १२१८ |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.२.४ पशुपालन

यस गाउँपालिकाका नागरिकहरु कृषि र बैदेशिक रोजगारीका अतिरिक्त पशुपालनमा पनि संलग्न भएका पाइन्छन्। घरधुरी सर्भेक्षण २०७७को तथ्यांक अनुसार गाउँपालिकामा पालिएका पशुपंक्षीहरुको संख्या तालिका ४.२.४(क) मा प्रस्तुत् गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउपालिकामा मुख्यतया गाई, भैंसी,

बाख्रा, भेंडा, सुँगुर र कुखुरा पालिएका छन्। उक्त पशुपालन गाउँपालिकाका प्राय सबै वडाहरुमा हुने गरेको पाइन्छ। तर भेडा पालन वडा नम्बर एक र चारमा मात्र भएको र वडा नम्बर चारमा सुँगुर पालन भएको छैन। यहाँ व्यवसायिक भन्दा पनि परम्परागत रुपमा थोरै थोरै बिभिन्न पशु पाल्ने गरेको पाइन्छ। केहि उन्नत जातका गाईहरू पनि पाल्ने गरेका छन । तर कोभिड-१९ को पहिलो लहरका कारण दुध संकलन गर्ने सहकारीले दैनिक संकलन बन्द गर्नु परेका कारण दुध बिक्री नभएकाले उल्लेख्य किसानहरुले गाई बिक्री गरेका थिए। त्यस्तै गरी गाउँपालिकाको तर्फबाट उन्नत जातको बोका वितरण गरिएको पनि बताईएको थियो।

**तालिका ४.२.४(क) पशुपालन को बिबरण**

| वडा | गाई | भैंसी | बाख्रा | भेडा | सुँगुर | कुखुरा |
|---|---|---|---|---|---|---|
| १ | ४९९ | २६१३ | २९०२ | ९०८ | ११७ | ५२६ |
| २ | १८७ | ५६० | २९०५ | ० | २५ | ३१८६ |
| ३ | २९३ | ५२६ | २९०४ | ० | १० | २३७२ |
| ४ | ५७५ | ८९६ | १५५२ | ७१२ | ० | ७२८ |
| ५ | २३७ | ४४३ | २९७५ | ० | ४५ | ८७१३ |
| **कुल जम्मा** | **१७९१** | **५०३८** | **१३२३८** | **१६२०** | **१९७** | **१५५२५** |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

यस गाउँपालिकामा हुने पशुजन्य उत्पादनको तथ्यांक तालिका ४.२.४(ख) मा दिइएको छ। तालिकामा देखाए अनुसार यस पालिकामा दुध, मासु, छालाको उत्पादन हुने गरेको छ। घरधुरी सर्भेक्षणको क्रममा प्राप्त नतिजा अनुसार यस गाउँपालिकाका नागरिकहरुले पशुजन्य उत्पादनबाट बार्षिक करिव रु. दश लाख २९ हजार बराबरको आम्दानी गरेका छन्।

**तालिका ४.२.४(ख) पशुजन्य उत्पादन बिबरण**

| वडा | दुध लि. | मासु केजी | छाला केजी | बार्षिक आम्दानी रु. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ७९७८४ | ५०००८ | ५००० | ३२१००० |
| २ | ४२ | ३३७१८ | ३२ | २००००० |
| ३ | १४६७४.५ | ८०३८ | ८ | ४१८०० |
| ४ | २९९२५ | ५००० | ० | ४०१००० |
| ५ | ११३२५ | ५०४ | २३ | ६५००० |
| **जम्मा** | **१३५७५०.५** | **९७२६८** | **५०६३** | **१०२८८००** |

*स्रोत: घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

यस गाउँपालिकामा माछा, मह तथा रेशम उत्पादन पनि हुने गरेको सर्भेक्षण को तथ्यांक बाट देखिन्छ। माछा र मह सबै वडामा उत्पादन भई रहेको छ (तालिका ४.२.४-ग) भने माछा वडा नम्बर दुईमा सबै भन्दा बढि करिव ३ हजार केजी उत्पादन भई रहेको छ।

**तालिका ४.२.४(ग) अन्य कृषी उत्पादन बिबरण**

| वडा | माछा केजी | मह केजी |
|---|---|---|
| १ | १५० | १० |
| २ | ३००० | ३३० |
| ३ | १५ | १५ |
| ४ | २० | ९७ |
| ५ | २९० | १०. |
| **कुल जम्मा** | **३४७५** | **४६२** |

*स्रोत: घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.२.५ कृषी उत्पादनको बिक्रि

घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकाको अधिकांश अर्थात् करिव ६३.३६ प्रतिशत घरपरिवारले कृषी उपज बिक्रि गर्ने गरेका छन् भने करिव ३६.६४ प्रतिशत घरपरिवारले कृषी उपज बिक्रि गर्ने गरेका छैनन्। कृषी उपज बिक्रि गर्ने घरपरिवारको वडागत तथ्यांक तालिका ४.२.५ मा प्रस्तुत् गरिएको छ।


**तालिका ४.२.५ कृषी उपज बिक्रि गर्ने घरपरिवार बिवरण**

| वडा | कृषी उपज बिक्रिगर्ने घरधुरी | कृषी उपज बिक्रि नगर्ने घरधुरी | जम्मा |
|---|---|---|---|
| १ | ६८६ | ३१६ | १००२ |
| २ | ४४७ | ३९० | ८३७ |
| ३ | ४६९ | ५२८ | ९९७ |
| ४ | ४२५ | १०२ | ५२७ |
| ५ | ७३१ | २५९ | ९९० |
| **कुल जम्मा** | **२७५८** | **१५९५** | ४३५३ |
| **प्रतिशत** | ६३.३६ | ३६.६४ | १००.०० |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

चित्र ४.२.१ मा गाउँपालिकामा कृषिमा संलग्न र कृषि उपज बिक्री गर्ने परिवारको विवरण वडागत रुपमा प्रस्तुत गरिएको छ। जस अनुसार यस गाउँ पालिकाका ४३५३ घरधुरी मध्ये ३०९२(७१.०३%) घरपरिवार कृषिमा संलग्न छन् जसमध्ये २५२० घरपरिवार(८१.५%) ले कृषि उपज बिक्री गर्ने गरेका छन्। यसरि हेर्दा करिव १८.५% कृषकले आफ्नो कृषि उत्पादन आफुलाई उपभोग गर्न मात्र गर्दछन।

**चित्र ४.२.१ कृषिमा संलग्न र कृषि उपज बिक्री गर्ने परिवार संख्या**



### ४.२.६ सिंचाईको व्यवस्था

यस गाउँपालिकामा कृषियोग्य जमिन ३५१२ हेक्टर रहेको छ। त्यस मध्ये २५०० हेक्टर सिंचाई योग्य छ भने हाल ९७० हेक्टर जमिन सिंचित छ। लगभग २४ वटा साना खोला र त्रिसुलि नदीले छोएको छ। तर सिचाइ योजनाहरु ब्यबस्थित नभएकोले कहिले संचालनमा रहने कहिले संचालन नहुने अवस्था रहेको सरोकारवाला समुहको भनाई छ। पालिकामा रहेका सिचाइ योजना तालिका ४.२.६ मा प्रस्तुत् गरिएको छ। पालिकामा खोलाहरु (पानी) को पर्याप्तता रहेको र प्रादेशिक योजनाहरु सम्पन्न भए पछी झण्डै १५०० हेक्टर जमिनमा सिचाइ सुबिधा पुग्न सक्ने देखिन्छ।

**तालिका ४.२.६ सिंचाई योजनाको विवरण**

| सि नं | बिबरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | कृषियोग्य जमिन | हेक्टर | ३५१२ |
| २ | सिचाइ योग्य जमिन | हेक्टर | २५०० |
| ३ | खोला | गोटा | २४ |
| ४ | पोखरी | गोटा | १ |
| ५ | प्रदेश बाट निर्माण सिचाइ | गोटा | ५ |
| ६ | पालिकाको सिचाइ स्किम | गोटा | २७ |
| ७ | हाल सिचित भुमी | हेक्टर | ९७० |

## ४.३ खाध्य सुरक्षाको अवस्था

तालिका ४.२.१ मा देखाए अनुसार यस गाउँपालिकाका बहुमत अर्थात् ७१ प्रतिशत घरपरिवार कृषीमा संलग्न भएको भएता पनि यस गाउँपालिकाका करिव ३१.५२ प्रतिशत घरपरिवारलाई मात्र आफ्नो आम्दानीले नौ महिना भन्दा बढि खान पुग्छ। घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त यस गाउँपालिकाको खाध्य पर्याप्तताको तथ्यांक तालिका ४.३ मा प्रस्तुत् गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको करिव १२ प्रतिशत घरपरिवार लाई आफ्नो आम्दानीले तिन महिना

भन्दा कम मात्र खान पुग्छ। आधा भन्दा बढि घरपरिवारलाई आफ्नो आम्दानीले करिव सात महिना भन्दा कम खान पुग्छ।

वडागत रुपमा हेर्दा तुलनात्मक रुपमा बढि खाध्य संकट वडा नम्बर पाँचमा देखिन्छ। यस वडामा करिव दुई-तिहाईको नजिक अर्थात् ६२.३२ प्रतिशत घरपरिवारलाई आफ्नो उत्पादनले छ महिना भन्दा कम खान पुग्छ। जबकी यस वडाका करिव ७८ प्रतिशत भन्दा बढि घरपरिवार कृषिमा संलग्न छन् (तालिका ४.२.१)। यस गाउँपालिकाको वडा नम्बर तिनका करिव आधा जसो घरपरिवारलाई आफ्नो उत्पादनले नौ महिना भन्दा बढि समय खान पुग्छ। वडा नम्बर एकका करिव तिन-चौथाई अर्थात् ७५.१५ प्रतिशत घरपरिवारलाई आफ्नो उत्पादनले छ महिना भन्दा बढि समय खान पुग्छ। वडा नम्बर चारका करिव ८० प्रतिशत भन्दा बढि घरपरिवारलाई आफ्नो उत्पादनले नौ महिना भन्दा बढि खान पुग्दैन। त्यस्तैगरी आफ्नो उत्पादनले नौ महिना भन्दा बढि खान पुग्ने घरपरिवार वडा नम्बर एकमा करिव २६.६५ प्रतिशत, वडा नम्बर दुईमा २६.४० प्रतिशत, वडा नम्बर तिनमा करिव ४८.८५ प्रतिशत र वडा नम्बर पाँचमा करिव २९.७० प्रतिशत छन्। आफ्नो उत्पादनले तिन महिना भन्दा कम मात्र खान पुग्ने घरपरिवार वडा नम्बर एकमा करिव ३.१९ प्रतिशत, दुईमा करिव ८.९६ प्रतिशत, तिनमा करिव १७.६५ प्रतिशत, चारमा करिव २.४७ प्रतिशत र पाँचमा करिव २३.२३ प्रतिशत छन्।

**तालिका ४.३ खाध्य पर्याप्तता बिबरण**

| वडा | ३ महिना सम्म | प्रतिशत | ४ देखि ६ महिना सम्म | प्रतिशत | ७ देखि ९ महिना सम्म | प्रतिशत | ९ महिना भन्दा बढि | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३२ | ३.१९ | २१७ | २१.६६ | ४८६ | ४८.५० | २६७ | २६.६५ |
| २ | ७५ | ८.९६ | ४५६ | ५४.४८ | ८५ | १०.१६ | २२१ | २६.४० |
| ३ | १७६ | १७.६५ | २३४ | २३.४७ | १०० | १०.०३ | ४८७ | ४८.८५ |
| ४ | १३ | २.४७ | १६८ | ३१.८८ | २४३ | ४६.११ | १०३ | १९.५४ |
| ५ | २३० | २३.२३ | ३८७ | ३९.०९ | ७९ | ७.९८ | २९४ | २९.७० |
| **कुल जम्मा** | **५२६** | **१२.०८** | **१४६२** | **३३.५९** | **९९३** | **२२.८१** | **१३७२** | **३१.५२** |

*स्रोतः घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.४ उद्योग र व्यापार

केन्द्रिय तथ्यांक बिभाग द्वारा गरिएको आर्थिक गणना २०७५ बाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा कुल ४०९ वटा आर्थिक क्रियाकलाप गर्ने इकाईहरु रहेका छन्। उक्त बिबरण तलको तालिका ४.४ मा प्रस्तुत् गरिएको छ। तालिकामा देखाए अनुसार कृषी वन तथा माछा पालन व्यवसाय ४४ वटा, उत्पादन उद्योग ५१ वटा थोक तथा खुद्रा व्यापार १६६ वटा, शिक्षा सम्बन्धी व्यवसाय २७ वटा, रेस्टुरेन्ट तथा लज ६८ वटा, र अन्य ५३ वटा आर्थिक इकाई हरु रहेका छन्। यिनीहरुमा कुल १०९० जना व्यक्तिहरु संलग्न भएका छन्।

**तालिका ४.४ आर्थिक इकाईहरुको बिबरण**

| विवरण | कृषी वन तथा माछा पालन | उत्पादन | थोक तथा खुद्र व्यापार | शिक्षा | रेस्टुरेन्ट तथा लज | अन्य | कुल |
|---|---|---|---|---|---|---|---|
| आर्थिक इकाई | ४४ | ५१ | १६६ | २७ | ६८ | ५३ | **४०९** |
| संलग्न व्यक्ति | १६९ | १११ | २४७ | २४२ | १०३ | २१८ | **१०९०** |

*स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रीय तथ्यांक बिभाग*

## ४.५ पर्यटन

स्थलगत अध्ययनको क्रममा किस्पाङ गाउँपालिका एक ग्रामिण परिवेशको गाउँपालिकाको रुपमा रहेको र तामाङ बाहुल्य रहेको कारण तामाङ संस्कृति झल्काउने तामाङको मौलिक घोडा नाच लगायत अन्य सांस्कृतिक क्रियाकलापहरु पस्की होमस्टे बनाउन सकिन्छ। साथै स्थानीय आकर्षणका केन्द्रहरूमा फिकुरी डाँडा, नौ घडेरी ढुंगा र रक भिलेजमा रक क्लाइम्बिन्ग, तुन्गबांगमा भेडाको आनुवांशिक केन्द्र, शिंला पर्वत जस्ता छन्। पर्यटन प्रवर्धनको लागि निजी क्षेत्रको सहकार्यमा पर्यटकीय संरचनाको विकास गरी विदुरवासीलाई आकर्षण गर्न सक्ने सम्भावना प्रबल देखिन्छ। यस पालिकामा पर्यटकीय पदमार्ग चार वटा छन्। साथै प्रशिद्ध रुबीभ्याली जाने पदमार्ग यहि गाउँपालिका भएर जाने भएकोले त्यसको

स्थानीय लाभ लिन सक्ने सम्भावना छ। तर हाल सम्म पर्यटकीय संरचनाहरु जस्तै स्तरीय होटल लज, रेस्टुरेन्ट बन्न सकेका छैनन्।

यहाँ बिभिन्न धार्मिक संस्कृतिक क्षेत्र एवम् मठ मन्दिर हरु रहेका छन्। संस्थागत सर्भेक्षण २०७७ को नतिजा अनुसार यस गाउँपालिकामा कुल ३१ वटा मठ मन्दिरहरु (तालिका ४.५ क) छन्। ति मध्ये सबै भन्दा बढि मठ मन्दिर १२ वटा, गुम्बा १० वटा, चर्च ७ वटा र धर्मशाला एउटा रहेका छन्। सबै भन्दा धेरै संस्कृतिक स्थल हरु वडा नम्बर पाँचमा १३ वटा र दुईमा ७ वटा छन् भने सबै भन्दा कम वडा नम्बर तिनमा तिन वटा छन्।

**तालिका ४.५(क) : धार्मिक सांस्कृतिक स्थलहरुको बिबरण**

| वडा नं | गुम्बा | चर्च | धर्मशाला | मठ मन्दिर | अन्य | कुल |
|---|---|---|---|---|---|---|
| १ | १ | ३ | ० | ० | ० | ४ |
| २ | १ | २ | ० | ४ | ० | ७ |
| ३ | ३ | ० | ० | ० | ० | ३ |
| ४ | २ | ० | ० | २ | ० | ४ |
| ५ | ३ | २ | १ | ६ | १ | १३ |
| **कुल** | १० | ७ | १ | १२ | १ | ३१ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## <u>पर्यटनमा महिला</u>

महिलालाई पर्यटन उद्योग एवं व्यवसायमा अग्रणी को रुपमा स्थापीत गर्न सकेमा उनीहरुको अर्थ तन्त्रमा सकारात्मक योगदान भै दिगो विकास सम्भव हुनसक्छ। पर्यटन क्षेत्रमा महिलाको सहभागिता वारेमा सवै वडाका महिलाहरुमा थोरै भएपनि चेतना भएको पाइयो। तालिका ४.५(ख) अनुसार वडा नं पाँचमा सवैभन्दा बढी (४२.७३ प्रतिशत)ले पर्यटन क्षेत्रमा महिलाको सहभागिता हुनुपर्ने बताएका छन्।

**तालिका ४.५(ख) पर्यटनमा महिला सहभागिताको आवश्यकता भएको बताउने घरधुरी संख्या**

| वडा | पर्यटनमा महिला सहभागिता हुनुपर्ने बारे सचेत घरधुरी (प्रतिशतमा) |
|---|---|
| १ | ०.७० |
| २ | ४.७८ |
| ३ | ०.७० |

| | |
|---|---|
| ४ | ०.३८ |
| ५ | ४२.७३ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.६ वित्तीय पहुँच

नेपालको संविधानमा वाणीज्य क्षेत्रको विकास सम्वन्धि व्यवस्थामा सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने नीति रहकोले देशको आर्थिक विकासको लागि वाणीज्य एवं बैंकीङ क्षेत्रको विकास आवश्यक छ।

यस गाउँपालिकामा रहेका वित्तीय संस्थाको विवरण तालिका ४.६(क) मा दिइएको छ। यस गाउँपालिकामा एउटा बाणिज्य बैंकको शाखा र दुइवटा लघु वित्त संस्थाको शाखा संचालनमा रहेका छन्। यस गाउँपालिकामा १८ वटा सहकारी दर्ता भएका छन्।

**तालिका ४.६ (क) वित्तीय संस्थाको विवरण**

| बाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनि | लघु वित्त संस्था | जम्मा | सहकारी |
|---|---|---|---|---|---|
| १ | ० | ० | २ | ३ | १८ |

*स्रोत : राष्ट्रिय आर्थिक गणना, २०७५, केन्द्रिय तथ्यांक बिभाग*

घरधुरी सर्भेक्षण २०७७ अनुसार प्राप्त नतिजा अनुसार यस गाउँपालिकाका घरपरिवारको बैंक खाताको बिबरण तालिका ४.६(ख) मा प्रस्तुत् गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको बहुसंख्यक अर्थात् करिव ६३.३६ प्रतिशत घरपरिवारको बैंकमा खाता रहेको छ भने बाँकि करिव ३६.६४ प्रतिशत घरपरिवारको बैंक खाता छैन। वडागत हेर्दा वडाका घरपरिवार मध्ये तुलनात्मक रुपमा सबैभन्दा बढि बैंक खाता वडा नम्बर चारमा छ। यस वडाका कुल घरपरिवारको करिव ८०.६५ प्रतिशत घरपरिवारको बैंक खाता छ। सबैभन्दा कम वडा नम्बर तिनको करिव ४७.०४ प्रतिशत घरपरिवारको बैंक खाता छ। त्यस्तै गरि वडा नम्बर एकको करिव ६८ प्रतिशत, वडा नम्बर दुईको करिव ५३ प्रतिशत, वडा नम्बर चारको करिव ८० प्रतिशत र वडा नम्बर पाँचको करिव ७४ प्रतिशत घरपरिवारको बैंक खाता छ।


चित्र ४.६ मा देखाए अनुसार यस गाउँपालिकामा रहेका बैंक तथा वित्तीय संस्थाका शाखाहरु सिमित क्षेत्रमा मात्र रहेका छन्। यिनीहरुको अवस्थिति बिस्तारित नभएर वडा नम्बर ३ जहाँ गाउँपालिकाको केन्द्र छ त्यहाँ केंद्रिकित छन्।

**तालिका ४.६(ख) बैंक खाताको बिबरण**

| वडा | बैंक खाता भएका | प्रतिशत | बैंक खाता नभएका | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| १ | ६८६ | ६८.४६ | ३१६ | ३१.५४ | १००२ |
| २ | ४४७ | ५३.४१ | ३९० | ४६.५९ | ८३७ |
| ३ | ४६९ | ४७.०४ | ५२८ | ५२.९६ | ९९७ |
| ४ | ४२५ | ८०.६५ | १०२ | १९.३५ | ५२७ |
| ५ | ७३१ | ७३.८४ | २५९ | २६.१६ | ९९० |
| **कुलजम्मा** | **२७५८** | **६३.३६** | **१५९५** | **३६.६४** | **४३५३** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

**चित्र ४.६ वित्तीय संस्थाको अवस्थिती**



Printed using website http://npgp.softwel.com.np/

## <u>महिला र पुरुषको ज्याला</u>

नेपालको संविधानमा समान कामको लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन भनेर नागरिक विच समानताको हकको प्रत्याभूति गरेको छ। त्यसैगरि रालैस निति २०७७ ले लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरिश्रम बजारमा महिलाको सहभागिता बृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मुल्यांकन गर्ने, भनेर व्यवस्था गरेको छ।

यस गाउँपालिकामा २०७७ मा गरिएको घरधुरी सर्भेक्षणमा महिला र पुरुषको ज्यालामा समानता रहे नरहेको बारेमा पनि प्रश्नावली राखिएको थियो। उक्त सर्भेक्षणको नतिजालाई तालिका ४.६(ग)मा देखाइएको छ। जस अनुसार आधा भन्दा बढि अर्थात् ५०.३८% उत्तरदाताले महिला र पुरुषको ज्यालामा समानता रहेको बताएका छन्।

**तालिका ४.६ (ग): महिला पुरुषको ज्यालामा समानता सम्बन्धि विवरण**

| वडा नं. | ज्यालामा भिन्नता | ज्यालामा समानता | जम्मा |
|---|---|---|---|
| १ | ४७४ | ५२८ | १००२ |
| २ | २४७ | ५९० | ८३७ |
| ३ | ४४८ | ५४९ | ९९७ |
| ४ | ४७६ | ५१ | ५२७ |
| ५ | ५१५ | ४७५ | ९९० |
| कुल जम्मा | **२१६०** | **२१९३** | **४३५३** |
| प्रतिशत | **४९.६२** | **५०.३८** | **१००.००** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## सहकारीमा महिला आवद्धता

नेपाल सरकारको तिन खम्बे अर्थ नीति अनुरुप सहकारीको महत्वपूर्ण भूमिकालाई स्वीकारएको छ। नेपालको ग्रामिण क्षेत्रमा यसको भूमिका अझ बढि छ। नेपालमा महिला सहकारीहरु धैरसंख्यामा खोलिएका छन। रालैस निति २०७७ अनुसार कृषी, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण लगायतका कार्यक्रममा

स्थानीय तह मार्फत महिलाको आर्थिक क्रियाकलापमा पहुंच अवसर र लाभ सुनिश्चित गरिने छ  भनेर व्यवस्था गरिएको छ।

यस गाउँपालिकामा सहकारीमा महिला सहभागिताको तथ्यांक (तालिका ४.६(घ) विश्लेषण गर्दा सवै वडामा ११ प्रतिशत भन्दा माथि रहेको देखिन्छ (सवैभन्दा बढी वडा नं. ५ मा ५४.०५ प्रतिशत)। बचत गर्ने हरु मध्ये अधिकांश अर्थात् ८९ प्रतिशत  भन्दा बढिले प्रत्येक पटक रु. १०० भन्दा बढि बचत गर्ने गरेका छन्। रु.१०० भन्दा माथिको बचत गर्नेहरु मध्ये सवै भन्दा बढी बचत वडा नं. ३ मा (९६.०४ प्रतिशत) र सवै भन्दा कम वडा नं. पाँचमा (८८.८८ प्रतिशत) देखिन्छ।

**तालिका: ४.६(घ): सहकारीमा महिला आवद्धता विवरण**

| वडा नं. | सहकारी र समुहमा महिला आवद्ध भएको घरधुरी (प्रतिशत) | नियमित रु. १०० भन्दा कम बचत गर्ने घरधुरी (प्रतिशत) | नियमित रु. १०० भन्दा बढी बचत गर्ने घरधुरी (प्रतिशत) |
|---|---|---|---|
| १ | ११.१८ | २.६८ | ९५.०५ |
| २ | १५.७७ | ३.७९ | ९३.५३ |
| ३ | ४३.३३ | ३.२४ | ९६.०४ |
| ४ | ४७.०६ | ४.०३ | ९४.४३ |
| ५ | ५४.०४ | ९.५३ | ८८.८८ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.७ श्रमशक्ति र रोजगारीको अवस्था

घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा कुल जनसंख्याको करिव ६८.११ प्रतिशत मानिसहरु कुनै न कुनै पेशामा संलग्न भएको देखिन्छ। यस गाउँपालिकाका मानिसहरु उल्लेख्य संख्यामा करिव ६.८४ प्रतिशत(१३०६ जना) बैदेशिक रोजगारीमा छन्। स्वभाविक रुपमा बैदेशिक रोजगारीको आम्दानीलाई कुल गार्हस्थ उत्पादनमा गणना गरिंदैन तर यसले जीविकोपार्जनमा सकारात्मक योगदान गरेको हुन्छ।

राष्ट्रिय आर्थिक वृद्धिलाई प्रत्यक्ष योगदान गर्ने थप पेशामा संलग्न यस गाउँपालिकाका नागरिकहरु मध्ये उल्लेख्य रुपमा अर्थात् ९.९४ प्रतिशत ज्यालादारी, ३.०१ प्रतिशत आफ्नै काम गर्ने, २.०६ प्रतिशत सरकारी नोकरी, उद्योग व्यवसायमा २.२८ प्रतिशत, ०.८४ प्रतिशत करारमा र ०.०६ प्रतिशत पेशागत काममा संलग्न रहेको देखिन्छ।

**पेशामा लैगिक समावेशिता**

नेपालमा, राष्ट्रिय रोजगार निति २०७१ ले उल्लेख गरे अनुसार, रोजगारीका लागि उद्यमशिलता तथा स्वरोजगार सम्बन्धि तालिमहरु ग्रामिण इलाकाका युवा, महिला, मधेसी, आदिवासी जनजाती, मुस्लीम, अशक्त, दलित, पिछडिएको क्षेत्र, द्वन्द पिडीत, जोखिममा रहेका सीमान्तकृत तथा अल्पसंख्यक समुदायलाई प्रदान गरिनेछ भनि उल्लेख गरेको छ। श्रम ऐन २०७४ अनुसार रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधारमध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन भन्दै लैससासको हितमा व्यवस्था गरेको देखिन्छ। त्यसैगरि वैदेशिक रोजगार ऐन २०६४ ले पनि वैदेशिक रोजगारमा कामदार पठाउदा लैङ्गिक विभेद गरिने छैन भन्ने व्यवस्था गरेको पाइन्छ। वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने व्यवस्था गरेको छ। नेपाल निजामति सेवा ऐन २०४९ ले ऐन संशोधन मार्फत महिला एवं अन्य वहिष्करणमा परेका महिला तथा वर्गहरुको आरक्षणको व्यवस्था अन्तर्गत सकारात्मक विभेद गर्दै लैससासको लागि विशेष प्रावधान गरेको देखिन्छ।

तालिका ४.७ मा विभिन्न पेशाको लैङ्गिक विवरण अनुसार कृषी (पुरुष २०६४ र महिला २२६५) र गृहणी (पुरुष ११९, महिला २५९२)मा मात्र महिलाको उपस्थिति उल्लेख्य तथा पुरुषको भन्दा बढी देखिएको छ। त्यसैगरि ज्यालादारी, करारमा काम गर्ने, ज्यालादारीमा काम गर्ने, उद्योग व्यवसाय साथै वैदेशिक रोजगारी तर्फ महिलाको संख्या पुरुषको तुलनामा कम देखिएको छ। उक्त तथ्यांकवाट

महिलाको भूमिका बढीमात्रमा घरयासी काममा र कृषीमा देखिएको जसको मुल्याङ्कन गरिएको देखिदैन साथै सरकारी सेवामा निजामति सेवा ऐनले समावेशीतालाई अवलम्वन गरेको देखिएतापनी यथार्थमा उल्लेख्य वृद्धि भएको देखिंदैन।

**तालिका४.७: विभिन्न पेशामा संलग्नता सम्बन्धि लैङ्गिक विवरण**

| पेशा | पुरुष | महिला | तेस्रोलिंगी | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| कृषी | २०६४ | २२६५ | ० | ४३२९ | २२.६७ |
| सरकारी नोकरी | २५६ | १३५ | ३ | ३९४ | २.०६ |
| आफ्नै काम | ३८७ | १८८ | ० | ५७५ | ३.०१ |
| ज्यालादारी | १७१४ | १८२ | २ | १८९८ | ९.९४ |
| करारमा काम | १५९ | १ | ० | १६० | ०.८४ |
| वैदेशिक रोजगारी | १०१४ | २९० | २ | १३०६ | ६.८४ |
| विद्यार्थी | १८२१ | १७७७ | १ | ३६०० | १८.८५ |
| पेशागत | ६ | ६ | ० | १२ | ०.०६ |
| उद्योग व्यवसाय | २४२ | १९३ | १ | ४३६ | २.२८ |
| अन्य | २०८ | ९० | ० | २९८ | १.५६ |
| **कुल** | **७८७१** | **५१२७** | **१०** | **१३००८** | **६८.११** |
| कोभिड अघि बेरोजगार | १३५ | ५५ | ० | १९० | ०.९९ |
| कोभिड पछी बेरोजगार | २६ | ५ | ० | ३१ | ०.१६ |
| गृहणी | ११९ | २५९२ | ४ | २७१५ | १४.२२ |
| बालबालिका | १६२१ | १५३१ | ० | ३१५५ | १६.५२ |
| **कुल जम्मा** | **९७७२** | **९३१०** | **१३** | **१९०९९** | **१००.००** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.८ शिपमुलक तालिम

यस गाउँपालिकाका अति कम नागरिकहरुले शिपमुलक तालिम लिएका छन्। शिपमुलक तालिम लिएका नागरिकहरुको बिबरण तालिका ४.८ मा दिइएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाका करिव २.४८ प्रतिशत नागरिकहरुले

मात्र शिपमुलक तालिम लिएका छन्। सबै भन्दा बढि करिव ०.६४ प्रतिशतले बुटिक तालिम लिएका छन्। त्यसका अतिरिक्त यस गाउँपालिकाका नागरिकहरुले सूचना प्रविधि, निर्माण, मेकानिकल, कृषी, जनस्वास्थ्य, पशु स्वास्थ्य, वन, पर्यटन, कला लगायतका तालिम लिएका छन्।

**तालिका ४.८ः शिपमुलक तालिमको बिबरण**

| तालिमको प्रकार | पुरुष | महिला | कुलजम्मा | प्रतिशत |
|---|---|---|---|---|
| सूचना प्रविधि | २१ | ३ | २४ | ०.१३ |
| बुटिक | ५ | ११८ | १२३ | ०.६४ |
| निर्माण | ९६ | १० | १०६ | ०.५६ |
| मेकानिकल | ३३ | ० | ३३ | ०.१७ |
| कृषी | २५ | १८ | ४३ | ०.२३ |
| जनस्वास्थ्य | १३ | २३ | ३६ | ०.१९ |
| पशु स्वास्थ्य | २२ | १८ | ४० | ०.२१ |
| वन | ४ | ० | ४ | ०.०२ |
| पर्यटन | ५ | ० | ५ | ०.०३ |
| कला | १७ | २ | १९ | ०.१० |
| अन्य | ३३ | ७ | ४० | ०.२१ |
| **जम्मा** | **२७४** | **१९९** | **४७३** | **२.४८** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.९ घरपरिवारको आम्दानी र खर्च

घरधुरी सर्भेक्षणबाट प्राप्त तथ्यांकको आधारमा एकीकृत गरिएको यस गाउँपालिकाको घरपरिवारको आंफुले उपभोग गर्न उत्पादन गरेको कृषि आय बाहेक बार्षिक आम्दानी तालिका ४.९(क) मा प्रस्तुत् गरिएको छ। तालिकामा दीए अनुसार यस गाउँपालिकाको घरपरिवारको ठुलो हिस्सा अर्थात् करिव ४१.२४ प्रतिशत घरपरिवारको बार्षिक आम्दानी रु. एक लाख भन्दा कम छ। यस गाउँपालिकाको मध्यम प्रति परिवार बार्षिक आम्दानी रु. १५४२२९ रहेको छ। यसको अर्थ यस गाउँपालिकाका आधा घरपरिवारको बार्षिक आय रु. १५४२२९ भन्दा कम रहेको छ। यस गाउँपालिकाका अतिकम ३८ घरपरिवार अर्थात् करिव

०.८७ प्रतिशतको मात्र बार्षिक आय रु. दश लाख भन्दा बढि छ। जसमध्ये वडा नम्बर एक्क चार परिवार, दुईका १० परिवार, तिन र पाँच का ११-११ परिवार र वडा नम्बर चारका २ परिवार पर्दछन्।

वडा स्तरमा, वडा नम्बर चार र पाँचका करिव आधा जसो अर्थात् क्रमश ४६.११% र ४६.७७% परिवारको बार्षिक आय रु एक लाख भन्दा कम छ। वडा नम्बर एक र चारका १३-१३ परिवार बाहेक सबै परिवारको बार्षिक आय रु. छ लाख भन्दा कम छ।

**तालिका ४.९(क) प्रति परिवार बार्षिक आम्दानी बिबरण**

| आम्दानी रु. | वडा नम्बर | १ | २ | ३ | ४ | ५ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ लाख भन्दा कम | | ३८४ | ३०८ | ३९७ | २४३ | ४६३ | **१७९५** |
| प्रतिशत | | ३८.३२ | ३६.८० | ३९.८२ | ४६.११ | ४६.७७ | **४१.२४** |
| १ लाख देखि २ लाख सम्म | | ३०६ | ३७८ | २५० | १२८ | ३४५ | **१४०७** |
| प्रतिशत | | ३०.५४ | ४५.१६ | २५.०८ | २४.२९ | ३४.८५ | **३२.३२** |
| २ लाख देखि ४ लाख सम्म | | २०९ | ९४ | २१३ | ९४ | १२१ | **७३१** |
| प्रतिशत | | २०.८६ | ११.२३ | २१.३६ | १७.८४ | १२.२२ | **१६.७९** |
| ४ लाख देखि ६ लाख सम्म | | ९० | ३३ | १०८ | ४९ | ४२ | **३२२** |
| प्रतिशत | | ८.९८ | ३.९४ | १०.८३ | ९.३० | ४.२४ | **७.४०** |
| ६ लाख देखि ८ लाख सम्म | | ७ | ६ | ५ | ७ | ५ | **३०** |
| प्रतिशत | | ०.७० | ०.७२ | ०.५० | १.३३ | ०.५१ | **०.६९** |
| ८ लाख देखि १० लाख | | २ | ८ | १३ | ४ | ३ | **३०** |
| प्रतिशत | | ०.२० | ०.९६ | १.३० | ०.७६ | ०.३० | **०.६९** |
| १० लाख भन्दा बढी | | ४ | १० | ११ | २ | ११ | **३८** |
| प्रतिशत | | ०.४० | १.१९ | १.१० | ०.३८ | १.११ | **०.८७** |


*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

चित्र ४.९ मा यस गाउँपालिकाका नागरिकहरुको आम्दानीको समानता/असमानता देखाउने **Gini Coefficient** मापन गर्न Lorenze curve देखाइएको छ। गाउँपालिकामा

रहेका नागरिकको आयको असमानता मापन गर्ने Gini Coefficient ०.३६० रहेको छ । साथै सबै भन्दा बढी आय भएका १०% नागरिकको कुल आय र सबै भन्दा कम आय भएका ४०% नागरिकको कुल आयको अनुपात (Palma Ratio) ३.०० रहेको छ।

अर्थात् अधिकतम आय हुने १०% नागरिकको कुल बार्षिक आय न्युनतम् आय भएका ४०% नागरिकको कुल बार्षिक आय भन्दा ३ गुना बढी छ। यो सुचकले यस गाउँपालिकामा नागरिकहरुको आम्दानीको असमानता अत्यधिक रहेको देखाउँछ।

चित्र ४.९ आम्दानीको असमानता मापन गर्ने रेखाचित्र




घरधुरी सर्भेक्षणबाट प्राप्त तथ्यांकको आधारमा एकीकृत गरिएको यस गाउँपालिकाको घरपरिवारको बार्षिक खर्च तालिका ४.९(ख) मा प्रस्तुत् गरिएको छ। तालिकामा दिइए अनुसार यस गाउँपालिकाको ठुलो हिस्सा करिव ४५.१६ प्रतिशत घरपरिवारको बार्षिक खर्च रु. एक लाख भन्दा कम छ। यस गाउँपालिकाको मध्यम प्रति परिवार बार्षिक खर्च रु. ११३७०४ रहेको छ। यसको अर्थ यस गाउँपालिकाका आधा घरपरिवारले बार्षिक रु ११३७०४ खर्च गर्दछन्।

जुन बार्षिक आम्दानी को मध्यक भन्दा कम छ। यसले यस गाउँपालिकामा बचतको सम्भावना रहेको संकेत गर्दछ। जसलाई अधिकतम उपयोग गरी बचत परिचालन गरी लगानी बढाई आर्थिक वृद्धि हँसिल गर्न सकिन्छ।

**तालिका ४.९(ख) प्रति परिवार बार्षिक खर्च बिबरण**

| खर्च रु. | वडा | १ | २ | ३ | ४ | ५ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ लाख भन्दा कम | | ४०३ | ४७६ | ४३० | २०५ | ४५२ | १९६६ |
| प्रतिशत | | ४०.२२ | ५६.८७ | ४३.१३ | ३८.९० | ४५.६६ | ४५.१६ |
| १ लाख देखि २ लाख सम्म | | ३३६ | २७८ | ३७२ | १६७ | ३८३ | १५३६ |
| प्रतिशत | | ३३.५३ | ३३.२१ | ३७.३१ | ३१.६९ | ३८.६९ | ३५.२९ |
| २ लाख देखि ४ लाख सम्म | | १९३ | ५४ | १४६ | ११३ | १२१ | ६२७ |
| प्रतिशत | | १९.२६ | ६.४५ | १४.६४ | २१.४४ | १२.२२ | १४.४० |
| ४ लाख देखि ६ लाख सम्म | | ६० | १८ | ३४ | २६ | १७ | १५५ |
| प्रतिशत | | ५.९९ | २.१५ | ३.४१ | ४.९३ | १.७२ | ३.५६ |
| ६ लाख देखि ८ लाख सम्म | | ३ | ५ | ७ | १० | १ | २६ |
| प्रतिशत | | ०.३० | ०.६० | ०.७० | १.९० | ०.१० | ०.६० |
| ८ लाख देखि १० लाख | | १ | ० | ५ | ३ | ३ | १२ |
| प्रतिशत | | ०.१० | ०.०० | ०.५० | ०.५७ | ०.३० | ०.२८ |
| १० लाख भन्दा बढी | | ६ | ६ | ३ | ३ | १३ | ३१ |
| प्रतिशत | | ०.६० | ०.७२ | ०.३० | ०.५७ | १.३१ | ०.७१ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

# ४.१० गरिवीको अवस्था

## ४.१०.१ गरिवीको मापन

नेपालमा हाल सम्म गाउँपालिका स्तरमा गरिवीको अवस्थाको मापन भएको छैन। हाल विश्वमा गरिवीको मापन गर्ने बिभिन्न तरिकाहरु जस्तै, मौद्रिक गरिवी, बहुआयामिक गरिवी र उपभोग गरिवी आदि प्रयोग हुँदै आइरहेका छन्। सरकारी कार्यले बहुआयामिक गरिवीलाई प्रत्यक्ष असर पार्दछ तर त्यो कार्यले मौद्रिक

गरिवीलाई अल्पकालीन असर नगर्न सक्छ।[२] नेपाल लगायत विश्वमा हिजोआज बहुआयामिक गरिवीको अवस्थाको आधारमा पनि गरिवीको मापन गर्न थालिएको छ। सन २०१८ मा भएको विश्लेषण अनुसार नेपालमा बहुआयामिक गरिवीको प्रतिशत कुल जनसंख्याको २८.६ प्रतिशत रहेको छ। वागमती प्रदेशको सन २०१४ को वहुआयामिक गरिवी २२ प्रतिशत रहेको छ। बहुआयामिक गरिवीको सूचक हरुमा मुख्यतया स्वास्थ्य, शिक्षा र जीवनस्तर मापन गरिन्छ। स्वास्थ्यमा पोषण तथा बाल मृत्यु दर, शिक्षामा विद्यालय शिक्षाको बर्ष र विद्यालय नगएका बालबालिका, र जीवनस्तर सँग सम्वन्धित बिभिन्न सूचकहरु समावेश गरिएका थिए। जस अनुसार खाध्य तथा पोषण अन्तर्गत विगत पाँच बर्षमा भएको बच्चाको मृत्युको प्रतिशत समावेश गरिएको थियो। शिक्षा अन्तर्गत विद्यालय शिक्षाको बर्ष अर्थात् १० वर्ष भन्दा बढी उमेर समुहमा पाँच कक्षा उत्तीर्ण गर्ने/नगर्ने सदस्य संख्या र परिवारमा विद्यालय गएको वालवालिका संख्या अर्थात् परिवारमा रहेका १४ वर्ष सम्मका विद्यालय नगएका सदस्य संख्या। जीवनस्तर अन्तर्गत परिवारमा खाना पकाउन प्रयोग हुने ईन्धन, सरसफाई अर्थात् चर्पीको अवस्था, पिउने पानीको स्रोत र पानि लिन जाँदा आउँदा लाग्ने समय, विद्युतको उपयोग, घरको छानोको प्रकार, घरको भुई र सम्पत्तिको स्वामित्व अर्थात् रेडियो, टिभी, टेलिफोन, साइकल, मोटरसाइकल, फ्रिज, कार, ट्रक आदिको स्वामित्व समावेश गरिएको थियो।

### ४.१०.२ स्वास्थ्यको अवस्था

यस गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७ मा प्राप्त नतिजा अनुसार स्वास्थ्य अन्तर्गत खाध्य तथा पोषण र विगत तिन बर्षको मृत्युदर मात्र प्राप्त भएका छन्। खाध्य तथा पोषण अन्तर्गत् गाउँपालिकामा रहेको खाध्य उत्पादनको पर्याप्तता लाई माथि परिच्छेद ४.३ मा विश्लेषण गरिएको छ। जस अनुसार यस गाउँपालिकामा करिव ३१.५२ प्रतिशत घरपरिवारलाई मात्र आफ्नो उत्पादनले ९ महिना भन्दा बढि खान पुग्छ। तसर्थ यी वडाहरुमा गरिवी बढि रहेको देखिन्छ। अझ, वडा नम्बर चारको करिव ८० प्रतिशत भन्दा बढि घरपरिवारलाई र अन्य वडाको करिव तिन-चौथाई परिवारलाई आफ्नो उत्पादनले ९ महिना भन्दा कम खान पुग्छ। तर वडा नम्बर तिनको करिव आधा (४८.८५%) घरपरिवारलाई आफ्नो उत्पादनले नौ महिना भन्दा बढि खान पुग्छ। यसरी प्रत्यक्ष रुपमा बालबालिकाको कुपोषणको

[२] Nepal multidimensional poverty index, National Planning Commission, 2018

मापन  नभएको भएतापनि समग्र खाध्य अपर्याप्तताले गाउँपालिकामा कुपोषण हुनसक्ने अवस्थालाई संकेत गरेको छ।

घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त गाउँपालिकामा विगत तिन बर्षमा भएका मृत्युको विवरण माथि परिच्छेद ३.४.३ को तालिका ३.४.३ मा प्रस्तुत् गरिएको छ। यसले बहुआयामिक गरिवीको स्वास्थ्य सम्बन्धी सुचक बाल मृत्युदर प्रत्यक्ष नदेखाए पनि समग्र मृत्युको अवस्था इंगित गरेको छ। प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा विगत तिन बर्षमा जम्मा ९५ जना अर्थात् कुल जनसंख्याको ०.५० प्रतिशतको मृत्यु भयो। त्यस मध्ये सबै भन्दा बढि वडा नम्बर पाँचमा करिव ०.७२ प्रतिशतको मृत्यु भएको देखिन्छ। यो वडामा करिव २३ प्रतिशत भन्दा बढि घरपरिवारलाई आफ्नो खाध्य उत्पादनले तिन महिना भन्दा कम खान पुग्छ तसर्थ यहाँ खाध्य संकट अन्य वडा भन्दा बढि भएको माथिको खाध्य पर्याप्तताको विश्लेषणबाट पनि देखिएको थियो। आफ्नो उत्पादनले तिन महिना भन्दा बढी खान नपुग्ने व्यक्ति हरुलाई अति गरिव मान्ने हो भने यस गाउँपालिकामा १२.०८ प्रतिशत अति गरिव छन्।

### ४.१०.३ जीवनस्तर

यस गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७को क्रममा जीवनस्तर सँग सम्बन्धित प्राय सबै सूचकहरुको तथ्यांक संकलन गरिएको थियो। सो सर्भेक्षणबाट प्राप्त नतिजा मध्ये परिवारमा खाना पकाउन प्रयोग हुने ईन्धनको प्रयोगको अवस्थालाई तालिका ४.१०.३(क) मा प्रस्तुत् गरिएको छ। प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा खाना पकाउने ईन्धनको रुपमा परम्परागत ईन्धन दाउरा प्रयोग गर्ने घरपरिवार झन्डै तिन-चौथाई अर्थात् ७३.६५ प्रतिशत छन्। करिव २६ प्रतिशत भन्दा बढीले एलपी ग्याँस प्रयोग गर्दछन् भने अन्य इन्धन प्रयोग गर्ने घरपरिवार नगन्य छन्। वडा नम्बर चारका ९४ प्रतिशत भन्दा बढि, वडा नम्बर दुईका ९० प्रतिशत भन्दा बढि र वडा नम्बर एक र तिनका ६९ प्रतिशत भन्दा बढि घरपरिवारले दाउरा प्रयोग गर्छन्। खाना बनाउन प्रयोग गरिने नविकरणीय उर्जा अर्थात् वायोग्यास र विद्युत प्रयोग गर्ने घरपरिवार जम्मा ४ वटा छन्। बहुआयामिक गरिवीको सूचकमा दाउराको प्रयोग गर्ने घरपरिवारलाई बहुआयामिक

गरिवी भएको घरपरिवारमा लिन सकिन्छ। तर यहि मात्र सुचकको आधारमा गरिवी निर्णयमा पुग्नु उचित हुँदैन। तरपनि यस तथ्यांकले नागरिकहरुको जीवनस्तर अझै पछाडी रहेको देखाउँछ।

**तालिका ४.१०.३(क) खाना पकाउन प्रयोग गरिने ईन्धन**

| वडा | एलपी ग्याँस | % | दाउरा | % | मट्टी तेल | % | वायो ग्यास | % |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३०३ | ३०.२४ | ६९२ | ६९.०६ | ४ | ०.४० | २ | ०.२० |
| २ | ७७ | ९.२० | ७५९ | ९०.६८ | ० | ०.०० | १ | ०.१२ |
| ३ | ३०४ | ३०.४९ | ६९३ | ६९.५१ | ० | ०.०० | ० | ०.०० |
| ४ | २५ | ४.७४ | ४९९ | ९४.६९ | ३ | ०.५७ | ० | ०.०० |
| ५ | ४२५ | ४२.९३ | ५६३ | ५६.८७ | १ | ०.१० | १ | ०.१० |
| **कुल जम्मा** | **११३४** | **२६.०५** | **३२०६** | **७३.६५** | **८** | **०.१८** | **४** | **०.०९** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

त्यस्तै गरी सो सर्भेक्षणबाट प्राप्त नतिजा मध्ये परिवारको चर्पीको अवस्थालाई तालिका ४.१०.३(ख) मा प्रस्तुत् गरिएको छ। प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा अधिकांस अर्थात् करिव ८५.७८ प्रतिशत घरपरिवारको साधारण शौचालय छ। करिव १२.२२ प्रतिशत घरपरिवारको शौचालय सेफ्टीट्यांकीमा जोडिएको छ। १७ घरपरिवारको सौचालय फ्लस गर्न मिल्ने छ भने ७० घरपरिवार अर्थात् १.६१ प्रतिशतको शौचालयनै छैन। सौचालय सार्वजनिक ढलमा जोडिएका सबै घरपरिवार वडा नम्बर तिनका हुन्।

**तालिका ४.१०.३(ख) शौचालय प्रयोगको अवस्था बिबरण**

| वडा | फ्लस भएको शौचालय | % | सेफ्टीट्यांकीमा जोडिएको | % | साधारण शौचालय | % | सौचालय नभएको | % |
|---|---|---|---|---|---|---|---|---|
| **१** | ० | ०.०० | १ | ०.१० | ९९५ | ९९.३० | ६ | ०.६० |
| **२** | ० | ०.०० | ० | ०.०० | ८३१ | ९९.२८ | ६ | ०.७२ |
| **३** | १७ | १.७१ | ५२१ | ५२.२६ | ४४४ | ४४.५३ | १५ | १.५० |
| **४** | ० | ०.०० | १ | ०.१९ | ५०२ | ९५.२६ | २४ | ४.५५ |
| **५** | ० | ०.०० | ९ | ०.९१ | ९६२ | ९७.१७ | १९ | १.९२ |
| **जम्मा** | १७ | ०.३९ | ५३२ | १२.२२ | ३७३४ | ८५.७८ | ७० | १.६१ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

यस गाउँपालिकामा बसोबास गर्ने घरपरिवारले प्रयोग गर्ने पिउने पानीको स्रोत बारेमा सर्भेक्षणबाट प्राप्त नतिजा अनुसार ८५ प्रतिशतले व्यवस्थित पिउने पानीको सुबिधा उपभोग गरिरहेका छन्। करिव ९ प्रतिशतले परम्परागत धाराको पानी पीई रहेका छन्। करिव ४ प्रतिशत भन्दा बढीले पिउने पानीको रुपमा बन्द कुवाको पानी पिई रहेका छन् भने एक प्रतिशतले खोलाबाट पाइपमा प्रत्यक्ष ल्याएको पानि प्रयोग गरिरहेका छन्। घरधुरी सर्भेक्षण बाट प्राप्त नतिजालाई तालिका ४.१०.३(ग) मा प्रस्तुत् गरिएको छ। वडा नम्बर एक र चारका प्राय सबै घरपरिवारले व्यवस्थित पिउने पानि प्रयोग गरिरहेका छन्। गाउँपालिकामा आधा भन्दा बढि अर्थात् ५२.१९ प्रतिशत घरपरिवारले निजी खानेपानीको धारा प्रयोग गरिरहेका छन्।

**तालिका ४.१०.३(ग): पिउने पानीको सुविधा बिबरण**

| वडा | सार्वजनिक खानेपानी धारा | निजि खानेपानी धारा | वोरिंग | बन्द कुवा | खुला कुवा | खोला बाट प्रत्यक्ष पाइप | परम्परागत धारा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४८१ | ५१८ | २ | ० | ० | ० | ० | १ |
| २ | ४७७ | ४ | १ | २ | ० | २ | ३५१ | ० |
| ३ | २९६ | ६७९ | ० | ० | ० | १ | २१ | ० |
| ४ | १९ | ५०० | ० | ० | ० | ३ | १ | ४ |
| ५ | १४९ | ५७१ | ० | १७७ | ११ | ४८ | ३३ | १ |
| जम्मा | १४२२ | २२७२ | ३ | १७९ | ११ | ५४ | ४०६ | ६ |
| % | ३२.६७ | ५२.१९ | ०.०७ | ४.११ | ०.२५ | १.२४ | ९.३३ | ०.१४ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

बहुआयामिक गरिवी मापन विधिले बत्तिको स्रोत विद्युत बाहेक अन्य भएमा गरिवी भित्र पर्ने मान्यता लिएको छ। यस गाउँपालिकामा बसोबास गर्ने घरपरिवारले प्रयोग गर्ने बत्तिको स्रोतको बारेमा सर्भेक्षणबाट प्राप्त नतिजा अनुसार ९७.७५ प्रतिशतले वत्ति बाल्न जल विद्युतको प्रयोग गरिरहेका छन्। शौर्य विद्युत प्रयोग गर्ने करिव ०.७१ प्रतिशत छन् भने ६० घरपरिवार अर्थात् १.३८ प्रतिशत घरपरिवारले अझै पनि बत्ति बाल्न मट्टीतेलको प्रयोग गरिरहेका छन्। तसर्थ बत्ति बाल्ने स्रोतको आधारमा यस गाउँपालिकाका करिव १.५४% घरपरिवार बहुआयामिक गरिवी भित्र

पर्ने देखिन्छ। घरधुरी सर्भेक्षण बाट प्राप्त नतिजालाई तालिका ४.१०.३(घ) मा प्रस्तुत् गरिएको छ।

**तालिका ४.१०.३(घ): बत्तिको स्रोतको बिबरण**

| वडा | जल विद्युत | सौर्य विद्युत | वायोग्यास | मट्टीतेल | अन्य |
|---|---|---|---|---|---|
| १ | ९८५ | ९ | ० | ८ | ० |
| २ | ७९५ | १ | ० | ४१ | ० |
| ३ | ९८७ | ६ | १ | ० | ३ |
| ४ | ५०८ | १० | ० | ८ | १ |
| ५ | ९८० | ५ | ० | ३ | २ |
| कुलजम्मा | ४२५५ | ३१ | १ | ६० | ६ |
| प्रतिशत | ९७.७५ | ०.७१ | ०.०२ | १.३८ | ०.१४ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

बहुआयामिक गरिवी मापन प्रतिवेदन २०१८ ले घरको छानो काठ, पराल वा स्याउला आदिको भएको घरपरिवारलाई बहुआयामिक गरिवी भएको समुहमा लिएको छ। घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त नतिजा (तालिका ३.१०(क)) अनुसार यस गाउँपालिकाको नगन्य अर्थात् कुल १४ घरपरिवारको मात्र उक्त प्रकारको घरको छानो छ। जुन कुल घरपरिवार संख्याको ०.३२ प्रतिशत मात्र हो।

त्यस्तै गरी उक्त प्रतिवेदनले घरको छानोको प्रकारको अतिरिक्त घरको जगलाई पनि आधार मानी वहुआयामिक गरिवीको अवस्था छुट्याएको छ। घरको जग बालुवा, माटो वा ढुंगाको भएमा गरिवी भित्र समेटिन्छ। यस गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७को नतिजा अनुसार ९०६ (२०.८१ प्रतिशत) घरको भुइँ बालुवा र ढुंगा मिस्रित छ। उक्त सर्भेक्षणको नतिजालाई माथि तालिका ३.१०(ख) मा प्रस्तुत् गरिएको छ।

नेपालको वहुआयामिक गरिवी मापन प्रतिवेदन २०१८ मा जीवनस्तर मापनको लागि घरपरिवार सँग रहेको बिभिन्न सम्पत्तिको स्वामित्वको समेत आधार लिइएको पाइन्छ। जस अनुसार एक भन्दा बढी तोकिएको सुबिधा भएको घर परिवार गरिवी भित्र पर्दैन। यस गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७बाट प्राप्त नतिजा अनुसार ८३ प्रतिशत भन्दा बढि घरपरिवार सँग मोबाइल फोन छ भने ४५ प्रतिशत भन्दा बढि घरपरिवार सँग टेलिभिजन छ। तसर्थ यस गाउँपालिकामा कम्तिमा एक प्रकार

भन्दा बढि तोकिएको सम्पत्तिको स्वामित्व हुने घरपरिवार ४५ प्रतिशत भन्दा बढि छन्। अर्थात् करिव ५५ प्रतिशत घर परिवार सँग तोकिएको सम्पत्ति हरु मध्ये एक प्रकारको वा सो भन्दा कम सम्पत्तिको स्वामित्व छ भने तोकिएको मध्ये कुनै पनि सम्पत्ति नभएको घरपरिवार १४ प्रतिशत भन्दा बढि छ। तसर्थ यस गाउँपालिकामा बहुआयामिक गरिवी भएका परिवार ५५% रहेको अनुमान गर्न सकिन्छ। उक्त सर्भेक्षणको नतिजालाई तालिका ४.१०.३(ङ)मा प्रस्तुत गरिएको छ।

त्यस्तै गरि तालिका ४.३ मा दिए आनुसार आफ्नो आम्दानीले तिन महिना भन्दा कम खान पुग्ने परिवार करिव १२% छन्। जसलाई अति गरिवको समुहमा लिन सकिन्छ। यसर्थ यस गाउँपालिकामा अति गरिव करिव १२% जनसंख्या छन्।

**तालिका ४.१०.३(ङ): सम्पत्तिको स्वामित्व बिबरण**

| वडा | रेडियो | टेलिभिजन | टेलीफोन/ मोबाइल | कम्पुटर | इन्टरनेट | मोटरसाइकल | कार | रेफ्रिजेरेटर | कुनै नभएका |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११ | २१९ | ६३२ | ४ | ८ | २१ | २ | ४ | ३४७ |
| २ | ५१२ | ५५८ | ७७५ | १० | ७ | २२ | १ | ५ | ३४ |
| ३ | १७८ | ५४८ | ८५६ | ८९ | ३२ | ९६ | ८ | ३७ | १०४ |
| ४ | ३९ | १२९ | ४२९ | ९ | १० | ३२ | ३ | ० | ७३ |
| ५ | १४४ | ५२२ | ९०५ | २१ | ४२ | ८५ | १२ | ९८ | ६५ |
| **कुल जम्मा** | **८८४** | **१९७६** | **३५९७** | **१३३** | **९९** | **२५६** | **२६** | **१४४** | **६२३** |
| **%** | **२०.३१** | **४५.३९** | **८२.६३** | **३.०६** | **२.२७** | **५.८८** | **०.६०** | **३.३१** | **१४.३१** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ४.११ कोरोना र स्थानीय अर्थतन्त्रमा परेको प्रभाव

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको असरबाट नेपाल पनि अछुतो रहेन। कोभिड-१९को कारण देखिएका मुख्यतया दुई प्रकारका असरहरु देखिएका थिए। एउटा कोभिडकै कारण परेको असर जस्तै मानवीय/सामाजिक नोक्सान र अर्को कोभिडको संक्रमण रोक्न गरिएको लकडाउनको कारण भएको आर्थिक नोक्सान। आर्थिक क्षतिमा देशको कुल गार्हस्थ उत्पादनमा आएको

गिरावट, आन्तरिक एवम् वैदेशिक रोजगारीमा आएको न्यूनता, देशको राजश्व संकलनमा असर,  खर्च गर्ने क्षमतामा आउने कमि, विप्रेषण आयमा कमि र दैनिक जीवन यापनमा आइपर्ने समस्या जस्ता प्रत्यक्ष असर र गरिवी बढ्ने तहत दिगो विकास लक्ष प्राप्तिमा हुने ढिलाई जस्ता अप्रत्यक्ष असर देखिएका छन्।

जीवनस्तर सर्भेक्षण २०२० अनुसार कोभिड-१९ को पहिको लहरका कारण एक बर्षमा नेपालबाट बैदेशिक रोजगारीमा गएका करिव छ लाख सतासी हजार नेपाली देश फर्किने र ति मध्ये साठी प्रतिशतको रोजगारी गुम्ने अनुमान गरिएको छ। कोभिड-१९ले स्थानीय स्तरमा पनि असर परेको हुन्छ। जस्तै, राजश्वका गिरावट, खर्च घट्ने, कोभिड व्यवस्थापनमा खर्च गर्नु परेको कारण स्रोत अभाव, मानवीय एवम् आर्थिक क्षति, जनताको रोजगारी गुम्ने आदि।

यस गाउँपालिकामा कोभिडको संक्रमण त्यत्ति देखिएन। यदाकदा देखिएको संक्रमणलाई पालिकाको सक्रियतामा क्वारेन्टाइन केन्द्र र होम आइशोलेशन व्यवस्थापन गरी नियन्त्रणमा ल्याइएको थियो। कोभिड संक्रमण नियन्त्रण गर्न संघीय सरकारबाट प्राप्त अनुदानको प्रयोग गरिएको थियो।

कोभिड-१९ को संक्रमण रोक्न राष्ट्र ब्यापी भएको लकडाउनको कारण केहि दिन बन्द गर्नु परेतापनि सदाको लागि व्यवसाय बन्द भएनन्।कोभिडको कारण र अन्य समयमा बैदेशिक रोजगारीबाट फर्की आएका व्यक्ति हरु समूह बनाई व्यवसायिक कृषी पेशामा संलग्न भएका छन्।

कोभिडको कारण बालबालिकाको शिक्षामा पनि गम्भीर असर परेको छ। हाम्रो जस्तो अल्पविकसित देशमा अझ बढि असर परेको छ। यस गाउँपालिकामा कोभिडको कारण बालबालिकाको शिक्षामा परेको असर बारे तालिका ४.११(क) मा प्रस्तुत् गरिएको छ। जस अनुसार सबै वडाका कम्तिमा ६५ प्रतिशत उत्तरदाताले आफ्ना बालबालिका अनलाईन शिक्षामा सहभागी भएको बताएका थिए। वडा नम्बर एकका सबै भन्दा बढि बालबालिका अर्थात् करिव ९६.३४ प्रतिशत उत्तरदाताले आफ्ना बालबालिका अनलाईन शिक्षामा सहभागी भएको बताएका थिए। यस गाउँपालिकामा कोभिडको पहिलो लहरका बेला विद्यालय

छोड्ने बालबालिका नगन्य छ। तालिकामा देखाए अनुसार सबै भन्दा बढि वडा नम्बर चारका १.८७ प्रतिशत उत्तरदाताले आफ्ना बालबालिकाले कोभिड-१९ को कारण विद्यालय छोडेको बताएका थिए।

**तालिका ४.११(क) कोभिडको कारण बालबालिकाले विद्यालय छोडेको बिबरण**

| वडा | बालबालिका अनलाईन शिक्षा मा सहभागी भएको बताउने % | कोभिडको कारण बालबालिकाले विद्यालय छोडेको बताउने % | कोभिडको कारण छात्रहरुले विद्यालय छोडेको बताउने % | कोभिडको कारण छात्र्रहरुले विद्यालय छोडेको बताउने % | कोभिडको कारण छात्र र छात्र् दुवैले विद्यालय छोडेको बताउने % |
|---|---|---|---|---|---|
| १ | ९६.३४ | ०.१५ | ०.०० | ०.०० | १००.०० |
| २ | ९०.७२ | १.२३ | ७५.०० | ०.०० | २५.०० |
| ३ | ६९.२० | १.८७ | ७०.०० | १०.०० | २०.०० |
| ४ | ९२.९० | ०.३० | ०.०० | ०.०० | १००.०० |
| ५ | ६५.६१ | १.४९ | ५०.०० | ५०.०० | ०.०० |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

कोभिड-१९ को पहिलो लहरको समाजमा परेको असर बारे जानकारी संकलन गर्न यस गाउँपालिकाको घरधुरी सर्भेक्षणको क्रममा कोभिड-१९ को पहिलो लहर चलेको बेला भएको लकडाउनमा भएको महिला हिंशा बारे समेत सहभागीहरुलाई प्रश्न सोधिएको थियो। सो सर्भेक्षण बाट प्राप्त नतिजा अनुसार वडा नम्बर तिनका ०.५० प्रतिशत उत्तरदाताले महिला हिंशा भएको बताएका थिए भने पालिकामा अन्य कसैले पनि महिला हिंसा भएको बताएनन। उक्त सर्भेक्षणको नतिजालाई तालिका ४.११(ख) मा प्रस्तुत् गरिएको छ।

**तालिका ४.११(ख): लकडाउनमा महिला हिंशा बिबरण**

| वडा | लकडाउनमा महिला हिंसा भएको बताउने % |
|---|---|
| १ | ०.०० |
| २ | ०.०० |
| ३ | ०.५० |
| ४ | ०.०० |
| ५ | ०.०० |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

# परिच्छेद ५ : भौतिक पूर्वाधारको स्थिति

## ५.१ सडक यातायात

पुर्वाधारको विकास बिना कुनै स्थानको समष्टिगत बिकास हुन सम्भब हुदैन। अन्य पुर्वाधारहरुलाइ उपयुक्त समय लागत र गुणस्तरिय बनाउन यातायात पुर्वाधारको बिकास नितान्त आवश्यकहुन्छ। यातायात पुर्वाधार लाई बिकासको संबाहक पनि भनिन्छ। नेपालको संबिधानले स्थानीय स्तरमा निर्माण हुने यातायात प्रणालीहरुको निर्माण, संचालन, मर्मत आदी सबैकुराको अधिकार स्थानीय सरकारलाइ दिएको छ।

यस गाउँपालिकामा ५९ कि. मी. सर्बयाम सडक छ। त्यस मध्ये कालोपत्रे ८.८ कि.मि., ६.५ कि.मी. ग्राभेल, २७४ कि.मी. स-सानो र ठुलो गरी ३७ वटा धुले सडकहरु छन्। गाउँपालिकाबाट ५ वटै वडा केन्दसम्म  सडक ट्र्याक नीर्माण भइ सकेको छ। गाउ पालिकाको सबै वार्डमा पुग्ने धुले सडक निर्माण भए पनी स्तर उन्नती नगरी यातायात संचालन गर्न कठिन छ। संचालित धुले सडकहरुको ज्यामिती (ज्योमेट्रि) नमिलेको र सडक संरचनाहरु पनी नबेको हुनाले यी सडकहरु मौसमी सडकको रुपमा संचालित छन। यस पालिकामा  अन्तकृयाको क्रममा सरोकार वालाहरु बाट नया सडकको ट्र्याक निर्माण नगरी बिध्यमान सडकहरुको स्तरोन्नती गर्नु पर्ने माग छ।

यस पालिकामा धुलेसडकहरु को संजाल लगभग तयार भइ सकेको अवस्था छ। यस पालिकामा ९ वटा पक्कि पुलहरु संचालित छन। यस्तै ६ वटा झो पुहरु संचालित छन। यस पालिकामा केन्द्रीय योजनाको रुपमा ३६ कि.मि लामो त्रीसुली-भाल्चे-वडा कार्यालय-साल्मे सडक रहेको छ। प्रदेश अन्तरगत १५८ कि मी लामो (११ वटा) सडकहरु निर्माणाधिन रहेका छन। पालिकामा ६७ कि मी (१२ वटा) घोडेटो बाटोहरु संचालित छन। बस्ति लाइ बस्ति सग जोडने कतीपय गोरेटोहरु सडक निर्माण को क्रममा बिस्तापित भइ आवत जावतमा समस्या भएकोले पुन निर्माण गर्नु पर्ने स्थानिय सरोकार समुहको प्रस्ताव छ। पुर्वाधारको

संरचनाहरुको मर्मत संभार को लागी पालिकामा २०७६ मा मर्मत संभार निति तय भई लागु भएको छ।

यस गाउँपालिकामा निर्मित सडक यातायातको परिमाण र अवस्था तालिका ५.१(क) मा प्रस्तुत् गरिएको छ। यस गाउँपालिकाको जुन सुकै बस्ति बाट अधिकतम करिव १२० मिनेटमा नजिकको बाह्रै महिना चल्ने सडक सम्म पुग्न सकिन्छ। गाउँपालिकामा रहेका चार वटा प्रमुख बजारमा सडक पहुँच छ।

**तालिका ५.१(क) गाउँपालिकाको सडक पूर्वाधार बिबरण**

| सूचक | इकाई | आ.व. ०७७/७८ सम्मको अवस्था |
|---|---|---|
| बाह्रै महिना यातायात सुचारु हुने सडक लम्बाई | कि.मि. | ५९ |
| कालोपत्रे | कि.मि. | ८.८ |
| ग्राभेल सडक | कि.मि. | ६.५ |
| धुले सडक | कि.मि. | २७४ |
| घोडेटो बाटो | संख्या | १२ |
| सडकबाट जोडिएको वडा केन्द्र | संख्या | ५ |
| सर्वयाम सडकमा पुग्न लाग्ने अधिकतम समय | मिनेट | १२० |
| सडक पहुंच भएका प्रमुख बजार | संख्या | ४ |
| स्थानीय बजारमा उपलब्ध एकीकृत सेवा र सुविधाका प्रकार | संख्या | ४ |
| प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | २ |
| सुरक्षित र बसोबास योग्य वस्तीमा बसोबास गर्ने | परिवार | ४१६६ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका; गाउँपालिकाको प्रकाशन र अन्तरक्रिया*

गाउँपालिकामा निजी क्षेत्रबाट जम्मा छ वटा बस सन्चालनमा छन्। सडकमा नाली छैनन्। नियमित मर्मत सम्भार हुने सडकको लम्बाई ८३.८ कि.मि. छ। कुनै पनि सडक संरक्षणका लागि बायो इन्जीनियरिंग प्रविधि प्रयोग भएको छैन। यस

गाउँपालिकाको सडक पुल तथा यातायातको अवस्थालाई तालिका ५.१ (ख) मा प्रस्तुत् गरिएको छ।

**तालिका ५.१ (ख) सडक पुल तथा यातायात बिबरण**

| सि.नं | बिबरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | निर्माणधिन सडक पुल | गोटा | ४ |
| २ | संचालित झो. पु (थप माग ३ वटा) | गोटा | १४ |
| ३ | पर्यटकिय पदमार्ग | वटा | ४ |
| ४ | नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | ८३.८ |
| ५ | कलभर्ट | | २० |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका; गाउँपालिकाको प्रकाशन र अन्तरक्रिया*

## ५.२ सूचना प्रविधि तथा सन्चार क्षेत्रको अवस्था

यस गाउँपालिकामा रहेको सूचना तथा संचारको अवस्थाको विवरण तालिका ५.२ मा प्रस्तुत् गरिएको छ। तालिकामा दिए अनुसार यस गाउँपालिकाका ९९ घर परिवार अर्थात् करिव २.२७ प्रतिशतले मात्र इन्टरनेट प्रयोग गर्छन्। २-३ वटा इन्टरनेट सेवा प्रदायकले सेवा दिई रहेका छन् तर नेटवर्क निकै कमजोर छ। कुनैपनि विद्यालयमा इन्टरनेट सुबिधा उपलब्ध छैन। मोबाइल प्रयोगकर्ता भने उल्लेख्य छन्। मोबाइल प्रयोगकर्ता ३५९७ घर परिवार अर्थात् करिव ८२.६३ प्रतिशत घर परिवार छन्। यहाँ नेपाल दूरसञ्चार र एनसेलको प्रसारण लाईन उपलब्ध छ तर नेटवर्क कमजोर छ। टेलिभिजन प्रयोगकर्ता १९७६ घरपरिवार अर्थात् करिव ४५ प्रतिशत छन्। यस गाउँपालिकामा जम्मा दुई वटा हुलाक कार्यालय रहेका छन्। ल्याण्ड लाईन टेलिफोन छैन भने स्थानीय रुपमा कुनै पनि पत्रिका प्रकाशन भएका छैनन्। सिमित घरमा डीस टिभीको लाईन जोडिएको छ।

**तालिका ५.२ सूचना प्रविधि तथा सन्चारको अवस्था**

| सूचक | इकाई | ०७७/७८ सम्मको अवस्था |
|---|---|---|
| इन्टरनेट सेवाप्रयोग गर्ने  परिवार | संख्या | ९९ घर परिवार |
| ल्याण्डलाइन टेलिफोन सुविधा | संख्या | ० |
| मोबाइल प्रयोगकर्ता | संख्या | ३५९७ घर परिवार |
| टेलीभिजन प्रयोग गर्ने  परिवार | संख्या | २०८४ घर परिवार |
| हुलाक संख्या | गोटा | २ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका; गाउँपालिकाको प्रकाशन र अन्तरक्रिया*

## ५.३ विद्युत तथा वैकल्पिक उर्जाको अवस्था

यस पालिकाको ५ वटै वडाहरु राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। यहाँ लघु जलविद्युत मार्फत विद्युत उत्पादन भएको छैन। तर ४२५५ घरपरिवार अर्थात् करिव ९८ प्रतिशत घरपरिवार राष्ट्रिय विद्युत प्रणालीमा जोडिएका छन्। बैकल्पिक उर्जाको रुपमा शौर्य उर्जा प्रयोग गर्ने घरपरिवारको संख्या ३१ छ भने सुधारिएको उर्जा (एलपी ग्यासँ/बायोग्यास) प्रयोग गर्ने घरपरिवार नगन्य अर्थात् ४ घरपरिवार छन्। यस गाउँपालिकाको विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगको अवस्थालाई तालिका ५.३ मा प्रस्तुत् गरिएको छ।

**तालिका ५.३ विद्युत तथा वैकल्पिक उर्जाको अवस्था**

| सूचक | इकाई | ०७७/७८ सम्मको अवस्था |
|---|---|---|
| सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरपरिवार | संख्या | ३१ |
| सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने | परिवार | ४ |
| जडान सौर्य होम प्रणाली र संस्थागत प्रणाली | संख्या | २ |
| विद्युत सेवा पुगेको जनसंख्या | संख्या | ९७.७५% |
| राष्ट्रिय विद्युत प्रणालीमा जोडिएको परिवार | संख्या | ४२५५ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका; गाउँपालिकाको प्रकाशन र अन्तरक्रिया*

## ५.४ खानेपानी तथा सरसफाईको स्थिति

यस गाउँपालिकाको खानेपानी सुबिधा तथा सरसफाईको अवस्थाको बारेमा परिच्छेद ४.१०.३ मा प्रस्तुत् गरिएको छ। जस अनुसार यस गाउँपालिकाको अधिकांश अर्थात् करिव ८४.८६ प्रतिशत घरमा खानेपानीको आपूर्ति भएको छ। गाउपालिकामा ३३६६ (७७.३३%) घरधुरीमा एक घर एक धारा प्रणालीमा पाइप् खानेपानी उपलब्ध छ भने ९५५ घरधुरी (२२%) घरधुरी मा सार्बजिक धारा ईनार आदीको खानेपानि प्रयोगमा ल्याइकोछ। ३३६६ घरधुरीहरुमा निजी धारा छ र ४५० घरधुरिमा सार्बजनिक धारा र ५०५ घरधुरिहरु परम्परागत मुल र कुवाको पानीमा निर्भर छन। गाउँपालिकामा हाल ४२ वटा खानेपानि योजनाहरु संचालित छन भने थप १५ वटा नयाँ योजना थप्ने प्रस्ताब रहेको छ। जस बाट पालिकाको वडा नं २,३,४,५ को ५०१ घरधुरिलाइ खानेपानि उपलब्ध हुनेछ।

खानेपानी ब्यबस्थालाई सुदृढ गर्न थप २० योजनाहरु समेत प्रस्ताबित भएको स्थलगत अध्ययनको क्रममा समुहगत छलफलमा जानकारि भएको थियो। गाउँपालिकाको खानेपानि तथा सरसफाई गुरुयोजना अनुसार यी सबै नया खानेपानी योजनाहरु सम्पन्न गर्न झण्डै ८ करोड २५ लाख बजेट आवश्यक पर्ने देखिन्छ। २०७२ को भुकम्पबाट ३२ वटा खानेपानी योजनाहरु प्रभाबित भएकोमा क्रमशः

सबै योजनाहरु संचालन हुदैछन। केही योजनाहरुको मुल सुकेको ले समस्या परेको छ।

यो गाउँपालिकाको ४२८३ घरधुरिमा सौचालयको ब्यवस्था रहेको छ। १७ वटा सौचालयमा फ्लस गर्न मिल्ने, ५३२ सौचालयहरुमा सेपटिक टैंक रहेको छ भने ३७३४ वटा साधारण चर्पी रहेका छन। यसका साथै पालिकामा धेरै जसो घरधुरीमा हातधुने प्लेटफार्म समेत रहेको छ। यो गाउँपालिका पुर्ण सरसफाई युक्त पालिका हुने तर्फ अग्रसर देखिन्छ। पालिकामा फोहरको घरमै ब्यबस्थापन गर्ने गरेको पाइयो भने बजार क्षेत्रको फोहरको अस्थाइ डम्पिङ गर्ने गरेको छ। पालिकामा ढल ब्यबस्थापन भएको छैन तर खासगरी बजार क्षेत्र तथा सम्म भागमा पानी जम्ने हुनाले ढलको माग बढेको छ।

## ५.५ नदि नियन्त्रण

पालिका मा रहेको भिरालो भु भाग र पहाडी खोलाहरु रहेको ले खोला को दुबै तर्फ को जामिन कटान बर्षेनी हुन जान्छ। यसको साथै तल्लो भाग ठुलो नदि संग जोडिएको ले नदि नियन्त्रण को गुरु योजना नै बनाइ क्रमश क्रमागत रुपमा प्रदेश वा संघीय सरकारको सहकार्यमा गर्नु पर्ने देखिन्छ। यस्तै २०० घरधुरीलाइ प्रभावित गरी राखेको तोर्मे र सिन्दुरे खोला को नदी लाइ नियन्त्रण नगरेमा सडक बिभागले बनाइ राखेको गल्छि त्रीसुली मैलुङ सडक मा निर्माणाधिन पुललाइ सडकलाइ समेत असर गर्ने भएकोले उक्त नदि र वडा नं २ को पहिरो समेत नियन्त्रण गर्नु पर्ने हुन्छ। तत्काल प्रभाब पारि राखेका तर्सिङ खोला, सलाखु खोला, उर्ग्यु खोला को नदि नियन्त्रण कार्यलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ।

## ५.६ भवन आवास बस्ति विकास तथा सामाजिक पूर्वाधार

स्थानीय सरकार संचालन ऐनले संघीय र प्रदेशको कानुनको अधिनमा रही सुरक्षित बस्ति बिकास र भवन निर्माण सम्बन्धी नीति, योजना कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमन, नियमन, मुल्यांकन गर्ने र सरकारी भवन, विद्यालय, सामुदायिक भवन,

सभागृह तथा अन्य  सार्वजनिक भवनहरु तथा संरचनाहरुको निर्माण, मर्मत संभार र संचालन, ब्यवस्थापन को जिम्मा स्थानीय सरकारलाइ दिएकोछ।

यस गाउँपालिकामा १० वटा सरकारी भवन छन, ३ वटा सामुदायिक भवन, २५ वटा स्कुल, १६ वटा मंदिर, २४ गुम्बा, ३ वटा चर्च, ५ बेडको एउटा अस्पत्ताल निर्माणाधिन छ। गाउ पालिकाको प्रशासकीय भवन निर्माणाधिन छ र ३ वटा वडा कार्यालय भवनहरु पनि निर्माणको प्रकृयामा छन।

यस गाउँपालिकामा  ४१६६ वटा निजी घरहरु भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका छन्। त्यस्तैगरी विद्यालय सहित ६१ वटा सार्वजनिक भवन भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका छन्। यहाँ नौ वटा प्रवर्द्धित तथा सुरक्षित आवास क्षेत्र, तिन वटा आधारभूत पूर्वाधार सहितको व्यवस्थित बजार रहेका छन्। यस गाउँपालिकाको भवन, आवासतथा वस्ती विकासको अवस्थालाई तालिका ५.६ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.६ भवन, आवास तथा वस्ती विकासको अवस्था**

| सि नं | बिबरण | इकाइ | परिमाण |
|---|---|---|---|
| | **आवास भवन** | | |
| १ | स्कुल भवन | गोटा | २५ |
| २ | निजी आवास | गोटा | ४३५३ |
| ३ | जस्तापाता को छाना भएको घर | गोटा | ३३७२ |
| ४ | आर सि सि ढलान | गोटा | ९३६ |
| ५ | काठको छाना | गोटा | ४ |
| ६ | ढुङ्गा३० तथा अन्यको९ छाना | गोटा | ३९ |
| ७ | पालिका भवन निर्माणाधिन | गोटा | १ |
| ८ | वडा कार्यालय भवन | गोटा | ३ |
| ९ | मापदण्ड अनुसार निर्मित भवन | गोटा | ४१६६ |
| १० | नेसनल ग्रिडको बिजुली जडान घर | गोटा | ४२५९ |
| ११ | सोलार तथा अन्य स्रोत | गोटा | ९५ |
| १२ | सौचालय भएको घर | गोटा | ४२८३ |
| १३ | सौचालय नभएको घर | गोटा | ७० |

| | | | |
|---|---|---|---|
| १४ | सफा पाइपको पानीधारा भएको घर (निजी२२७२ र सार्बजनिक १४२२) | गोटा | ३६९४ |
| १५ | अन्य श्रोत (इनार,नदि, बोरीङ)प्रयोग गर्ने | गोटा | ६५९ |
| १६ | भुकम्प प्रतिरोधी घरधुरी | गोटा | ४१६६ |
| १७ | सडक सम्म पहुच भएका घरधुरी | गोटा | ४२४८ |
| १८ | भुकम्प प्रभाबित घरधुरी | गोटा | ४६३७ |
| १९ | पुन निर्माण सम्पन्न घरधुरी | गोटा | ४४९७ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका; गाउँपालिकाको प्रकाशन र अन्तरक्रिया*

## ५.७ भूकम्प र पुनर्निमाण

भूकम्प पछिको पुनर्निमाण सम्बन्धी निजी घर साथै सार्वजनिक र सरकारी भवन र संरचनाको निर्माण कार्य करिव समापन भएको पाइएको छ। यस गाउँपालिकामा २०७२ को महाभुकम्प का साथै अन्य प्रकोप बाट ४६३७ घरधुरीहरु प्रभाबित भएकोमा ४४९७ वटा घरहरु पुननिर्माण सम्पन्न भएका छन(तालिका ५.६), बाकी निर्माणाधिन छन। पालिकामा रहेका भूकम्प प्रभावीत स्कुल भवन हरु पुननिर्माण भइ सकेका छन।

# परिच्छेद ६ : सामाजिक विकास

## ६.१ शिक्षा

नेपालमा विद्यमान संविधान तथा विभिन्न निति, नियमहरुमा शिक्षा र समानताका विषयमा विविध व्यवस्था गरिएको पाइन्छ। जसमा नेपालको संविधान २०७२ अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ। प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण विकासको हक हुनेछ भन्ने व्यवस्थाका साथै प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हकको सुनिश्चितता गरेको देखिन्छ। त्यसैगरि राष्ट्रिय शिक्षा नीति २०७६ मा आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने भन्ने व्यवस्था गरेको देखिन्छ।

नेपालको १५औं योजना अनुसार विद्यालय तहमा खुद भर्ना, टिकाउ, विद्यालय छाडने र लैङ्गिक समता दरको प्रगति लक्ष्य अनुरुप भएको र आ.व.२०७५।०७६ मा आधारभूत तहमा खुद भर्ना दर ९३ प्रतिशत पुगेको छ। माध्यमिक तहमा सो दर ४६ प्रतिशत छ यो प्रतिफलको प्राप्ति विपन्न वर्गको लागि लक्षीत छात्रवृत्ति, दिवा खाजा, निःशुल्क शिक्षा, प्रविधि, शिक्षा पुर्वाधार आदिको विस्तारले गर्दा सम्भव भएको उल्लेख छ।

यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त नागरिकको शिक्षा सम्बन्धि विवरण तालिका ६.१(क) मा प्रस्तुत गरिएको छ। जस अनुसार यस गाउँपालिकामा साक्षरता दर ८०.८३ (महिला ७७.११ र पुरुष ८४.३५) रहेको छ। विद्यालय जाने उमेर नपुगेका वालबालिका ४.७४% (९०५) जना छन्। उच्च शिक्षा हाँसिल गरेका जनसंख्या अति न्यून ४.६७% (८९१जना) छन्।

**तालिका ६.१(क): शिक्षा सम्बन्धी विवरण**

| शिक्षाको स्तर | पुरुष | महिला | तेस्रो लिंगी | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| विद्यालय जाने उमेर नपुगेका वालवालिका | ४७४(५२.३८) | ४३०(४७.५१) | १(०.११) | ९०५ | ४.७४ |
| पूर्व प्राथमिक | ७८२(५०.३२) | ७७०(४९.५५) | २(०.१३) | १५५४ | ८.१४ |
| आधारभूत तह | २६९६(५५.९२) | २१२२(४४.०२) | ३(०.०६) | ४८२१ | २५.२४ |
| माध्यमिक | २२८१(५१.३६) | २१५६(४८.५५) | ४(०.०९) | ४४४१ | २३.२५ |
| स्नातक | ३७३(५०.१३) | ३७०(४९.७३) | १(०.१३) | ७४४ | ३.९० |
| स्नातकोत्तर | ७७(५८.३३) | ५५(४१.६७) | ०(०.०) | १३२ | ०.६९ |
| एमफिल वा पीएचडी | १०(६६.६७) | ५(३३.३३) | ०(०.०) | १५ | ०.०८ |
| प्राविधिक एसएलसी | १८३(६३.३२) | १०५(३६.३३) | १(०.३५) | २८९ | १.५१ |
| सामान्य साक्षर | १३६७(५३.९) | ११६६(४५.९८) | ३(०.१२) | २५३६ | १३.२८ |
| **साक्षर** | **८२४३(८४.३५)** | **७१७९(७७.११)** | **१५** | **१५४३७** | **८०.८३** |
| निरक्षर | १५२९(१५.६५) | २१३१(२२.८९) | २ | ३६६२ | १९.१७ |
| **कुल जम्मा** | **९७७२** | **९३१०** | **१७** | **१९०९९** | **१००.०** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

गाँउपालिकामा रहेको तथ्यांक अनुसारको गाउँपालिकामा रहेका बिद्यालय, शिक्षक र बिद्यार्थीको विवरण र विद्यालयमा रहेको सुबिधाको विवरण क्रमशः तालिका ६.१(ख) र (ग) मा दिइएको छ। यस गाउँपालिकामा प्रारम्भिक बाल विकास केन्द्र २, अधारभूत तह १५ (निजी ३ सहित), माध्यमिक ६ र स्नातक तह १ गरी जम्मा २७ विद्यालय रहेका छन्। सामुदायिक विद्यालयहरूमा जम्मा ९३ जना शिक्षक रहेका छन्। प्राबिधिक धारको बिद्यालय १ र बिद्यार्थी ९४ छन। तहगत रूपमा प्रारम्भिक बाल विकास केन्द्रमा ३० जना वाल सहयोगी, आधारभुत तहमा ४० जना, माध्यमिक तहमा ५३ जना शिक्षक कार्यरत छन्। यी मध्ये २७ जना राहत कोटामा कार्यरत रहेका छन्। यस गाउँपालिकामा शिक्षक विद्यार्थीको अनुपात १:१८ रहेको छ भनें बिद्यार्थी कक्षा कोठा अनुपात १:२३ छ। शैक्षिक सत्र

२०७७ मा कुल ३३२१ विद्यार्थी रहेकोमा छात्रा १७३६ (५२.२७%) र छात्रको संख्या १५८५ (४७.७२ %) रहेको देखिन्छ।

यस गाउँपालिकामा कुल २३ वटा विद्यालय मध्ये २१ वटा सामुदायिक विद्यालय, ३ वटा संस्थागत विद्यालय रहेका छन। यसको अलावा एउटा क्याम्पस, २ वटा बाल विकास केन्द्र रहेका छन। कुल २१ वटा सामुदायिक विद्यालय मध्ये ६ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला, बिज्ञान प्रयोगशाला, इन्टरनेट सुविधा रहेको छ। यसको साथै १० वटा विद्यालयमा बाल क्लवहरु गठन भएका छन। त्यसैगरी ६ वटा विद्यालय आपाङ्ग मैत्री छन् र महिला शौचालयको सुविधा छ।

गाउँपालिकामा भर्नादर पुर्व प्रा वि. र वाल वि. मा ८४% आधारभूतमा ७९% र माध्यमिक तहमा ५८% रहेको छ । यसैगरी आधारभूत सिक्षा (५-१२ वर्ष) उमेरका बिद्यालय बाहिर रहेका बालबालिका २१ प्रतिशत रहेका छन्।

**तालिका ६.१ (ख) शिक्षक विद्यार्थी विवरण**

| सामूदायिक विद्यालय संख्या | जम्मा शिक्षक दरबन्दी | दरबन्दीमा कार्यरत शिक्षक | | | राहत कोटामा कार्यरत शिक्षक | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | छात्र | छात्रा | जम्मा |
| २१ | ७२ | ३१ | ३५ | ६६ | २७ | १५८५ | १७३६ | ३३२१ |

**तालिका ६.१ (ग) बिद्यालयमा रहेको सुबिधाको विवरण**

| विवरण | विद्यालय संख्या |
|---|---|
| सामुदायिक | २१(१ प्राविधिक धारको) |
| संस्थागत | ३ |
| क्याम्पस | १ |
| वाल विकास केन्द्र | २ |
| **सामुदायिक बिद्यालयमा उपलब्ध सुबिधा** | |
| कम्प्युटर प्रयोगशाला भएका | ६ |
| बिज्ञान प्रयोगशाला | ६ |
| इमेल इन्टरनेट सुबिधा | ६ |
| महिला शौचालय सुबिधा | ६ |
| अपांग मैत्री भवन भएका | ६ |
| बाल क्लब गठन भएका | १० |


यस गाउँपालिमा बाट गरिएको घरधुरी सर्भेक्षण २०७७ मा कोभिडको पहिलो लहरका कारण बालबालिका शिक्षामा परेको असर बारे पनि प्रश्नावली संलग्न गरिएको थियो। सो को नतिजा तालिका ६.१(घ) अनुसार वडा नम्बर तिनमा सबै भन्दा बढि अर्थात् १.८७ प्रतिशतले आफना बालबालिकाले कोभिडका कारण विद्यालय छाडेका बताएका थिए भने वडा नम्बर एकका ०.१५ प्रतिशतले मात्र बताएका थिए। कोभिडको कारण विद्यालय छाड्ने बालबालिका मध्ये बालकको संख्या बढी रहेको देखिन्छ। तालिकाम देखाए अनुसार वडा नम्बर दुई र तिनमा बालिका भन्दा बढी बालकले विद्यालय छाडेका बताइएको छ भने वडा नम्बर पाँचमा बराबरले छाडेको देखिन्छ।

**तालिका ६.१(घ): विद्यालय छाडने केटाकेटीहरुको विवरण(%)**

| वडा नं. | अनलाइन शिक्षा लिएका बालकबालिका (%) | कोधिडको कारणले विद्यालय छाडेका बालकबालिका (%) | कोधिडको कारणले विद्यालय छाडेका बालक (%) | कोधिडको कारणले विद्यालय छाडेका बालीका (%) |
|---|---|---|---|---|
| १ | ९६.३४ | ०.१५ | ०.०० | ०.०० |
| २ | ९०.७२ | १.२३ | ७५.०० | ०.०० |
| ३ | ६९.२० | १.८७ | ७०.०० | १०.०० |
| ४ | ९२.९० | ०.३० | ०.०० | ०.०० |
| ५ | ६५.६१ | १.४९ | ५०.०० | ५०.०० |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

चित्र ६.१ : शैक्षिक संस्थाको अवस्थिती




## ६.२ स्वास्थ्य

नेपालको १५औं योजनाले लिएको नीतिमा उल्लेख भए अनुसार निशुल्क आधारभत स्वास्थ्य सेवामा नागरिकको सर्व सुलभ पहुचको लागि प्याकेज र प्रोटोकल तयार गरि कार्यान्वयन गरिनेछ साथै महिलामा बढदो स्तन क्यान्सर, सर्भाइकल क्यान्सर जस्ता रोगहरुको निःशुल्क परिक्षा गर्ने व्यवस्था मिलाइनेछ भनिएको छ।

यस गाउँपालिकामा उपलब्ध स्वास्थ्य सेवा दिने संस्थाहरु र जनशक्ति तालिका ६.२(क) मा दिइएको छ। तालिका अनुसार यस गाउँपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र छैन। छ वटा स्वास्थ्य चौकी रहेका छन्। स्वास्थ्य संरचना अस्थाई रुपका रहेका छन् भने स्वास्थ्य कार्यकर्ताहरु पनि धेरै करारमा रहेका छन्। एम्बुलेन्सको ब्यबस्था सबै वडामा नरहेको पनि समुहगत छलफलमार्फत प्रष्ट हुन आएको छ। यहाँ ६४ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरु कार्यरत छन्।

तालिका ६.२(क) : गाउँपालिकामा उपलब्ध स्वास्थ्य सुविधाको विवरण

| स्वास्थ्य सुबिधाको उपलब्धता | स्वास्थ्य संरचना | नेपाल | बागमती | नुवाकोट | किस्पाङ |
|---|---|---|---|---|---|
| | सरकारी अस्पताल | १२५ | ३३ | २ | ० |
| | प्राथमिक स्वास्थ्य केन्द्र | १९८ | ४३ | २ | ० |
| | स्वास्थ्य चौकी | ३८०८ | ६४० | ६४ | ६ |
| | निजी स्वास्थ्य संस्था | १८२२ | ११६३ | ८ | ० |
| | सामुदायिक स्वास्थ्य इकाई | २९९ | ९० | १८ | ० |
| | शहरी स्वास्थ्य केन्द्र | ३७४ | ११० | ७ | ० |
| | महिला स्वास्थ्य स्वयम् सेविका | ५१,४१६ | १३,५२६ | ११२३ | ६४ |

*स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला स्वास्थ्य स्वयम् सेविका सर्भेक्षण, २००७*

यस पालिकामा गरिएको घरधुरी सर्वेक्षण २०७७ को नतिजा अनुसार ९९ प्रतिशत जनसङ्ख्या स्वस्थ रहेका छन्। वडा न ५ मा अरु दीर्घ रोगीको सङ्ख्या तुलनात्मक रुपमा अरु वडामा भन्दा बढि रहेको तथ्य तलको तालिका ६.२(ख) मा देखिन्छ। त्यसै गरी ९७७२ पुरुष र ९३१० महिला स्वस्थ अवस्थामा रहेको पाइन्छ भने दिर्घरोगीमा महिलाको संख्या(६८) पुरुषको (६५) दाजोमा बढि रहेको पाइयो।

**तालिका ६.२(ख): स्वास्थ्य सम्बन्धी विवरण**

| वडा | स्वास्थ्य अवस्था | पुरुष | महिला | तेस्रो लिंगी | कुलजम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | स्वस्थ | २३१५ | २१३२ | ६ | ४४५३ | ९९.७५ |
| | दिर्घ रोगी | २ | ५ | ० | ७ | ०.१६ |
| | सामान्य अस्वस्थ | ३ | १ | ० | ४ | ०.०९ |
| २ | स्वस्थ | १८०८ | १७५९ | ४ | ३५७१ | ९९.५५ |
| | दिर्घ रोगी | ६ | ६ | ० | १२ | ०.३३ |
| | सामान्य अस्वस्थ | २ | २ | ० | ४ | ०.११ |
| ३ | स्वस्थ | २१७६ | २०८२ | ३ | ४२६१ | ९९.१६ |
| | दिर्घ रोगी | १६ | ८ | ० | २४ | ०.५६ |
| | सामान्य अस्वस्थ | ६ | ६ | ० | १२ | ०.२८ |
| ४ | स्वस्थ | ११८७ | १०९७ | ३ | २२८७ | ९९.०० |
| | दिर्घ रोगी | ९ | १० | ० | १९ | ०.८२ |
| | सामान्य अस्वस्थ | २ | २ | ० | ४ | ०.१७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्वस्थ | २१९५ | २१४८ | १ | ४३४४ | ९७.८२ |
| | दिर्घ रोगी | ३२ | ३९ | ० | ७१ | १.६० |
| | सामान्य अस्वस्थ | १३ | १३ | ० | २६ | ०.५९ |
| **पालिका** | **स्वस्थ** | **९७७२** | **९३१०** | **१७** | **१९०९९** | **९९.०५** |
| | **दिर्घ रोगी** | **६५** | **६८** | **०** | **१३३** | **०.७** |
| | **सामान्य अस्वस्थ** | **२६** | **२४** | **०** | **५०** | **०.२६** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

यस पालिकामा बस्तुस्थिति अध्ययनको शिलशिलामा गरिएको समुहगत छलफलको नतिजा अनुसार वडा नं १ मा एम्बुलेन्स नभएको कारण त्यस वडाका माहिलाहरु सेवाबाट बन्चित रहेको पाइयो। त्यस्तैगरि वडा नं १ को स्वास्थ्य चौकीमा एक्स रे सेवा नभएको पाइएको छ। महिला स्वास्थ स्वयम्सेविकाहरु लाई काममा उत्प्रेरणाको कमि भएको पनि समुहगत छलफलबाट निष्कर्षको रुपमा पाइएको छ।


**तालिका ६.२(ग) : दिर्घ रोगहरु सम्बन्धि बिवरण**

| वडा | लिंग | क्यान्सर | एचआईभी | रक्तचाप | कुपोषण | कोभिड | टीबी | मधुमेह | मस्तिस्क रोगी | मुटु रोगी | मृगौला रोगी | स्वाशप्रश्वास | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुष | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| | महिला | १ | ० | १ | ० | ० | १ | ० | ० | ० | १ | १ | ० |
| | तेस्रो लिंगी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | पुरुष | ० | ० | ४ | ० | ० | ० | ० | १ | ० | ० | २ | १ |
| | महिला | १ | ० | १ | ० | १ | ० | १ | ० | ० | १ | १ | १ |
| | तेस्रो लिंगी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | पुरुष | ० | ० | ८ | ० | ० | ३ | १ | ३ | २ | ० | १ | १ |
| | महिला | ० | ० | ० | २ | ० | ० | ० | २ | १ | २ | ० | २ |
| | तेस्रो लिंगी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | पुरुष | ० | ० | १ | ० | १ | २ | १ | ० | ० | १ | १ | ३ |
| | महिला | २ | ० | २ | ० | १ | १ | ० | १ | २ | ० | १ | २ |
| | तेस्रो लिंगी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | पुरुष | ० | ० | १ | ० | ० | ० | १ | २ | ७ | २ | ७ | १३ |
| | महिला | २ | ० | ६ | १ | ० | १ | २ | ० | १० | ० | ६ | १४ |
| | तेस्रो लिंगी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

तालिका ६.२(ग) मा प्रस्तुत् गरिएका नसर्ने मुख्य रोगहरु रक्तचाप, मधुमेह, मुटु रोग, मृगौला रोग तथा श्वासप्रश्वास सम्बन्धि रोगहरु वडा न ५ मा बढि देखिएको छ। त्यसैगरि सर्ने रोगहरुमा क्षयरोगको सङ्ख्या पनि वडा न ३ र ४ मा बढि देखिन्छ। यसैगरि यस पालिकामा एच आइ भि रोगको मात्र सङ्ख्या शुन्य रहेको पनि सर्बेक्षणले देखाएको छ। कुपोषणका ३ बिरामि रहेकोले यस पालिकामा पोषणका कार्यकमहरु आवश्यक देखिन्छ।

**चित्र ६.२: स्वास्थ्य संस्थाको अवस्थिती**




Printed using website http://nrpgp.softwel.com.np/

## <u>स्वास्थ्यमा कोभिड-१९ को प्रभाव</u>

कोभिड-१९ का ४ जना संक्रमित भएतापनि त्यस कारणबाट यस गाऊँपालिकामा मृत्यु नभएको घरधुरि सर्वेक्षण तथा समुहगत छलफलमा पुष्टि भयो। स्वास्थ्य संरचना अस्थाइ रुपका रहेका छन् भने स्वास्थ्य कार्यकर्ताहरु पनि धेरै करारमा रहेका छन्। एम्बुलेन्सको ब्यबस्था सबै वडामा नरहेको पनि समुहगत छलफल मार्फत प्रष्ट हुन आएको छ। कोभिड-१९ पश्चात स्वास्थ्य चौकी मा स्वास्थ्य सेवा

लिनेहरुको सङ्ख्या बढेको समुहगत छलफलमार्फत पुष्टि भयो। तसर्थ यस पालिकामा कोभिड-१९ को प्रभाव न्युन रह्यो।

## ६.३ जोखिममा रहेको वर्ग र सामाजिक सुरक्षा

### राष्ट्रिय परिचयपत्र

नेपाल सरकारले सामाजिक सुरक्षाको दायरा भित्र ज्येष्ठ नागरिक परिचयपत्र, गरिवी परिचयपत्र, एकल महिला परिचयपत्र, अपाङ्गता परिचयपत्र आदि प्रदान गरेर राज्यले उक्त वर्गका महिला पुरुषको लागि सामाजिक सुरक्षाको अनुभूति गराउन सकारात्मक प्रयास गरेको छ।

तालिका ६.३ मा उल्लेखित विवरण अनुसार यस गाउँपालिकाका नागरिकहरुले विभिन्न किसिमका परिचय पत्र प्राप्त गरेको देखिन्छ। उक्त तालिका अनुसार नागरिकता प्राप्त गर्ने १२९५९, (६७.८५%), ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्ने ७९० (४.१४%), मतदाता परिचयपत्र प्राप्त गर्ने ७८८९ (४१.३१%), गरिवी परिचयपत्र प्राप्त गर्ने २४(०.१३%) र राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने २११४(११..०७%) जना देखिन्छ। कुनैपनि परिचय पत्र नभएका ६०७१(३१.७९%) देखिन्छ।

**तालिका ६.३ : राष्ट्रिय परिचयपत्र वितरणको विवरण**

| वडा | नागरिकता | ज्येष्ठ नागरिक परिचयपत्र | मतदाता परिचयपत्र | गरिवी परिचयपत्र | एकल महिला परिचयपत्र | राष्ट्िय परिचयपत्र | चालक अनुमतिपत्र | परिचयपत्र नभएका | थाह छैन |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २७४० | १७७ | १६९६ | ११ | ४३ | १८७ | १२ | १७०५ | ५ |
| २ | २५१५ | १२० | १७५० | १ | ५८ | ४०६ | ३८ | १०७० | ० |
| ३ | ३०४७ | १८५ | १३५५ | ३ | ५४ | ६४२ | ११५ | १२१९ | २६ |
| ४ | १४९८ | ९३ | १००२ | ३ | ५५ | १६६ | ३० | ८०४ | २ |
| ५ | ३१५९ | २१५ | २०८६ | ६ | ११६ | ७१३ | ८८ | १२७३ | १ |
| कुलजम्मा | १२९५९ | ७९० | ७८८९ | २४ | ३२६ | २११४ | २८३ | ६०७१ | ३४ |
| प्रतिशत | ६७.८५ | ४.१४ | ४१.३१ | ०.१३ | १.७१ | ११.०७ | १.४८ | ३१.७९ | ०.१८ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)

### ६.४.१ अपाङ्गता

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन २०७४, परिच्छेद २ मा अपाङ्गता भएका कुनै व्यक्ति आफैले आवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा सदस्य वा संरक्षक पनि नभएमा स्थानीय निकायका सम्वन्धित वडाका वडा अध्यक्षले अपाङ्गता परिचय पत्रको लागि निजको तर्फवाट उपदफा (१) बमोजिन निवेदन दिन सक्नेछ भनी व्यवस्था गरेको छ। यसरी स्थानीय तहका जनप्रतिनिधिलाई पनि जिम्मेवार बनाउन खोजिएको देखिन्छ।

यस सन्दर्भमा यो गाउँपालिकाको घरधुरी सर्भेक्षण गर्दा लैससास सम्बन्धी केहि प्रश्नावली समावेस गरिएको थियो। उक्त सर्भेक्षण २०७७ को नतिजाको रुपमा तालिका ६.४.१(क),(ख) र (ग) मा उल्लेखित अपाङ्गता सम्वन्धि विवरण अध्ययन गर्दा, २२५ जनामा विभिन्न किसिमको अपाङ्गता देखिन्छ। जसमा १३४ जना पुरुष र ९१ जना महिला छन्। जसमध्ये शारीरिक अपाङ्गता भएका १३८, बहिरो २६, मानसिक सुस्तता भएको, मानसिक अस्वस्थता भएको, बोलि सम्वन्धि अपाङ्गता भएका व्यक्तिहरुको संख्या क्रमशः ५, १६, १४ जना देखिन्छन। त्यसैगरि रातो रंगको (क वर्ग) परिचयपत्र भएकाहरु ४२, निलो २४, पहेलो १५ र सेतो रंगको परिचयपत्र १७ जना देखिन्छ। अपाङ्गता भएर पनि परिचयपत्र नपाएकाहरु १०६ जना र २१ जनालाई यस सम्बन्धी जानकारी नै नभएको पाईयो। यसरी परिचयपत्र नै नपाएका र जानकारी नभएकाहरुको संख्या यस गाउँपालिकामा धेरै देखियो।

**तालिका ६.४.१(क): अपाङ्गता सम्वन्धि लैङ्गिक खण्डीकृत विवरण**

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २५ | १७ | ४२ |
| २ | २१ | १४ | ३५ |
| ३ | ४१ | २३ | ६४ |
| ४ | १८ | १३ | ३१ |
| ५ | २९ | २४ | ५३ |
| **जम्मा** | **१३४** | **९१** | **२२५** |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

**तालिका–६.४.१(ख): अपाङ्गताको प्रकार सम्वन्धि विवरण**

| वडा नं. | मानसिक सुस्तता | शरिरीक अपाङ्गता | मानसिक अस्वस्थता | बोली सम्बन्धि अपाङ्गता | अन्धोपन | बहिरोपन | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३० | ३ | १ | ० | ६ | ० | ४२ | ४.१९ |
| २ | ० | २४ | १ | २ | ४ | ४ | ० | ३५ | ४.१८ |
| ३ | ० | ३७ | ६ | ४ | ७ | ७ | ३ | ६४ | ६.४२ |
| ४ | १ | २३ | २ | २ | १ | २ | ० | ३१ | ५.८८ |
| ५ | २ | २४ | ४ | ५ | ६ | ७ | ५ | ५३ | ५.३५ |
| कुल जम्मा | ५ | १३८ | १६ | १४ | १८ | २६ | ८ | २२५ | ५.१७ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

**तलिका–६.४.१(ग) अपाङ्गता परिचयपत्र सम्वन्धि विवरण**

| वडा नं. | रातो रंगको परिचयपत्र (क वर्ग) | निलो रंगकोपरिचयपत्र (ख वर्ग) | पहेलो रंगकोपरिचयपत्र (ग वर्ग) | सेतो रंगकोपरिचयपत्र (घ वर्ग) | लिएको छैन | थाह छैन | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १२ | १ | ३ | ० | १८ | ८ | ४२ |
| २ | ८ | ४ | ३ | ३ | १६ | १ | ३५ |
| ३ | १२ | १० | ४ | १ | ३३ | ४ | ६४ |
| ४ | ७ | ४ | ३ | ९ | ५ | ३ | ३१ |
| ५ | ३ | ५ | २ | ४ | ३४ | ५ | ५३ |
| कुल जम्मा | ४२ | २४ | १५ | १७ | १०६ | २१ | २२५ |
| प्रतिशत | ०.२२ | ०.१३ | ०.०८ | ०.०९ | ०.५६ | ०.११ | १.१८ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ६.४.२ निर्णयमा सहभागिता

नेपाल सरकारको लैससास निति २०७७ अनुसार श्रोत साधनमाथि महिलाको समान पँहुच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपुर्ण सहभागिता हुन सक्ने गरि आर्थिक सशक्तिकरणको माध्यमवाट महिलालाई आत्मनिर्भर बनाउने रणनिति राखिएको छ।

यस गाउँपालिकामा रहेका महिलाको निर्णयमा सहभागिता बारेको घरधुरी सर्भेक्षण २०७७ को नतिजा तालिका ६.४.२ मा दिइएको छ। सो तालिका अनुसार गाउँपालिकामा सवै विषय जस्तै कृषी, घरायसी सामान खरिद, विवाह सम्वन्धि, औषधी, सामान विक्री, सम्पत्ती खरिद, आदिमा महिलाको नै निर्णयमा सहभागिता बढी देखिन आएको छ। जुन लैङ्गिक समानताको दृष्टीले सकारात्मक मानिन्छ।

**तालिका ६.४.२: निर्णयमा सहभागिता सम्वन्धि लैङ्गिक विवरण**

| निर्णयको बिषय | पति | पत्नी | संयुक्त |
|---|---|---|---|
| कृषी | ४.०७ | ६.७१ | ८९.२३ |
| घरायसी सामाग्री खरिद | ४.४६ | ६.५९ | ८८.९५ |
| विवाह | ४.०४ | ६.३६ | ८९.५९ |
| औषधी | ४.०७ | ६.४३ | ८९.५० |
| सामाग्री बिक्रि | ४.९२ | ६.५५ | ८८.५४ |
| बालबालिका शिक्षा | ४.११ | ६.४३ | ८९.४६ |
| आम्दानी खर्च | ४.९६ | ६.४३ | ८८.६१ |
| सम्पत्ति खरिद | ५.२८ | ६.२९ | ८८.४२ |
| सामाजिक कार्य | ६.५२ | ६.६९ | ८६.७९ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

## ६.४.३ सामाजिक विभेद र हिंसा

नेपालको राष्ट्रिय लैङ्गिक समानता नितिले बाल विबाह, बहुविवाह, दाइजो एवं तिलक जस्ता वैवाहिक परम्परासंग गासिएका कुरितिको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानुनको कार्यान्वयन र नियमनलाई प्रभावकारी वनाइनेछ भन्ने व्यवस्था गरेको छ। त्यसै गरि पन्ध्रौ योजना मा महिला विरुद्द हुने सवै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्धारा न्यायमा पहंच पुऱ्याउने उल्लेख छ।

यस गाउँपालिकामा लैंगिक हिंसाको अवस्था देखाउने तालिका ६.४.३ लाई अध्ययन गर्दा वडा नम्बर तिनका ०.५ प्रतिशत बाहेकका गाउँपालिकाका उत्तरदाताले महिला विरुद्ध हिंसा नभएको बताएका थिए। सामाजिक प्रथा, डर

त्रासका कारण महिला विरुद्ध हिंसाको तथ्य घटना वाहिर नआएको हुन सक्ने सम्भावना पनि नभएको होइन अपितु तथ्यांकले सकारात्मक संकेत देखाएको छ। तर बाल विवाह भने उल्लेख्य हुने गरेको देखिन्छ। वडा नम्बर चारका आधा उत्तरदाताले र एक का करिव ३८ प्रतिशत उत्तरदाताले बालविवाह हुने गरेको स्वीकारेका छन्। बढदो क्रममा देखिएकोले यो विभेदले हिंसालाईनै निम्तो दिने सम्भावना रहन्छ।

**तालिका ६.४.३: महिला माथि हुने सामाजिक विभेद र हिंसाको विवरण**

| विभिन्न प्रकारका सामाजिक हिंसा भएको बताउने उत्तरदाताहरुको संख्या (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|
| वडा नं. | महिला हिसा ( %) | बाल विवाह( %) | बाहिरी काममा महिला सहभागिता (%) | वाहिरी काममा अपाङ्गता भएका व्यक्तिको सहभागिता(%) |
| १ | ०.०० | ३७.९२ | १.१० | ०.१० |
| २ | ०.०० | १.३१ | १.६७ | ३.२३ |
| ३ | ०.५० | ५.९२ | १८.१५ | १.४० |
| ४ | ०.०० | ५०.१० | १.१४ | ०.३८ |
| ५ | ०.०० | १.५२ | १.०१ | १.४१ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७७, किस्पाङ गाउँपालिका*

# परिच्छेद ७ : वन, वातावरण तथा जलवायु परिवर्तन

## ७.१ वन क्षेत्रको स्थिति

जिल्लाको समग्र उत्पादनशिल वनको क्षेत्रफल कुल चेत्रफलको ३१.८९% को औसत मौज्दात (Growing Stock) १५२.५८ वर्ग मि. प्रति हेक्टर देखिन्छ। यस गाउँपालिकामा कुल क्षेत्रफलको झन्डै ५४% वन रहेको देखिन्छ। जस अनुसार ४५०० हेक्टर बन रहेको छ ( तल दिइएको नक्सा अनुसार) , जस मध्ये सामुदायिक वन २७३९ हेक्टर, निजि वन करिव ०.१४ हेक्टर (२.९.३.२ रोपनी) रहेको छ।

### ७.१.१ सामुदायिक वनः

डीभिजन बन कार्यालय नुवाकोटको तथ्यांक अनुसार यस गाउपालिकामा ३३ ओटा समुदायीक बन रहेका छन् जुन निम्न तालिका मा प्रस्तुत गरिएको छ।

**तालिका ७.१ : सामुदायिक वनको सुची**

| क्र म | सामुदायीक बन को नाम | ठेगाना | क्षेत्रफल | बार्षिक स्वीकारय कटान | | घरधुरी |
|---|---|---|---|---|---|---|
| | | | | काठ | बल्लाबल्ली | |
| १ | पहरेभाल्डाडा | किस्पाङ ५ | ३१.४३ | २३५.५५ | ६१ | ४५ |
| २ | ज्यामिरे | किस्पाङ ५ | ८६.९३ | ५३९.०४ | १६४ | ५३ |
| ३ | जलकन्यादेवी | किस्पाङ ५ | ८८.३ | १५३.५९ | ६७ | ९१ |
| ४ | जम्लेभीरपाखा | किस्पाङ ५ | १५०.९९ | ५४३.२७ | ४७२ | १०० |
| ५ | सीरपानी | किस्पाङ ५ | १२.५ | ० | ५९ | ६० |
| ६ | गोडडुङ | किस्पाङ ५ | ८ | ६६.२ | १७ | ३४ |
| ७ | ठुलोवगर | किस्पाङ ५ | १.०४ | ० | ० | ८० |
| ८ | भण्डारेपाखा | किस्पाङ ५ | ३७.२५ | २६२.३८ | १३४ | २२ |
| ९ | छाप्चेतनेपाने भन्ज्यांग | किस्पाङ २ | ३८५.३७ | १०५६ | ३९२ | १०५ |
| १० | गैरिखर्क | किस्पाङ ५,९ | ४३.०१ | ३५२.६३ | ६० | २६० |
| ११ | मिर्मिरे हरियाली | वडा १,२,३ | १६४.८ | ४२८.१३ | १८१ | १०५ |
| १२ | करकले लम्बुडाडा रातमाटे | किस्पाङ २ | १३२ | ३८९.०४ | १०१ | ९६ |
| १३ | ५त्रपाल | किस्पाङ ५ | ६.७०९ | ० | २ | ४४ |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | भुमेस्थान | किस्पाङ ५ | २२.६३ | ६५.१३ | १५ | ६६ |
| १५ | भूमेस्थान सल्लाघारी | किस्पाङ २ | ६.५ | २३.३१ | ३ | ३२ |
| १६ | होप | किस्पाङ ४ | २४३.२५ | ३४४८.११ | ५२८६ | ३६ |
| १७ | भूमेदेवी | किस्पाङ ४ | १३१.५१ | १५७२.९९ | ११६ | ९६ |
| १८ | उज्येन | किस्पाङ ४ | ८४.८७ | १६८०.५३ | १६८ | ७३ |
| १९ | कन्यामहादेव | किस्पाङ ४ | १०९.८७ | २४० | १०९ | १०९ |
| २० | महभिरपाखा | किस्पाङ ३ | ४८ | ३५७.६ | ८३.९९ | ११० |
| २१ | कुवदाङ | किस्पाङ ३ | ३१.७ | ३८२.६७ | ३९ | १०९ |
| २२ | किस्पाङपाखा | किस्पाङ ३ | ७.२५ | १९८.०९ | ६८ | ७५ |
| २३ | सानोचेतपाखा महिला | किस्पाङ ३ | ४.७५ | ० | ० | ३५ |
| २४ | कदमखोला | किस्पाङ ३ | ३.८१ | ० | ० | ९८ |
| २५ | सानोचेत | किस्पाङ ३ | १८.५१ | २०.२७ | ८४ | २५० |
| २६ | दम्सिनंपाखा | किस्पाङ ३ | १८.५ | ३८७.३८ | २०८ | १२२ |
| २७ | रिन्ब्लेपोथ्रेपाखा | किस्पाङ ३ | २९.१ | ३१४.३५ | २०८ | १५३ |
| २८ | गंवगंव ओडार | किस्पाङ ३ | २.७५ | ४२.१७ | १८ | २८ |
| २९ | साप्चेत | किस्पाङ १ | ९३.७५ | ३४४.०६ | २५८ | १७८ |
| ३० | खुर्लुखोला नङखोला | किस्पाङ १ | १८ | ० | ८७ | १८२ |
| ३१ | बेसिडाडा | किस्पाङ १ | १७५.७५ | ६८९.६३ | २२२ | १८२ |
| ३२ | ज्याउदा महादेव | किस्पाङ १ | २६५.३६ | ९६८.९ | १६७ | ७१ |
| ३३ | सिङ्लागोङ्गा | किस्पाङ १ | २७४.०१ | १०१७.१४ | १८८ | २५१ |

## ७.१.२ निजी बन

डीभिजन बन कार्यालयको तथ्यांक अनुसार यस गाउँपालिकामा एउटा निजी बन रहेको देखिन्छ। जस्को कुल क्षेत्रफल करिव २.९.३ रोपनी (०.१४७ हेक्टर) रहेको छ। जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | निजी वन धनीको नाम | ठेगाना(साबिक) | दर्ता मिति | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| १ | चि घले | भाल्चे- ८ | २०७३.०४.३ | २.९.३.२ |

चित्र ७.१ वन क्षेत्र




## ७.२ जलवायु

उचाइ, भौगर्भिक बनावट, भूस्वरुप, पहाडी पाखा र ढालले हावापानीको अवस्थाको सिर्जना गर्दछन्। तापक्रम, सौर्यशक्ति, वायु र वायुको चाप, वर्षा तथा ओसिलोपना आदिले हावापानी कुन किसिमको हुने सो निर्धारण गर्दछन्। हावापानी नै कुनैपनि स्थानको वातावरणीय अवस्था तथा उत्पादन कितयाकलापका लागि निर्णायक हुन्छ। जिल्लाको होचा टार तथा नदी उपत्यकामा तापक्रम सधैंभरी उच्च रहन्छ। यहाँ गर्मी मौसममा अत्यधिक गर्मी र हिउँदमा चिसो रहन्छ।

गाउपालिकाको छुट्टै जलवायु सम्बन्धि तथ्यान्क नभएको र यो गाउँपालिकालाई भौगोलिक बनोटमा नुवाकोट जिल्लाको सानो रुपमा लिन सकिने तथ्यको आधारमा जिल्लाको औसत तथ्यांकलाई आधार मान्दा गर्मी मौसममा अधिक्तम तापक्रम ३२ डिग्री से. माथि पुग्छ र न्यूनतम तापक्रम १५ डिग्री से. वरपर रहन्छ। बैशाख र ज्येष्ठ महिना अत्यधिक गर्मी रहन्छन्। आषाढबाट मनसुनको प्रभाव पर्ने

हुँदा जिल्लाका अन्य भागमा जस्तै यस पालिकामा पनि पानी पर्न थाल्दछ र तापक्रममा कमीको महसुस हुन्छ। जिल्लाका बिभिन्न स्थानहरुमा असार र साउनमा अधिकतम ६९१.७ मिलि मिटरसम्म वर्षा हुन्छ भने हिउँदका महिनाहरुमा यसको मात्रा नगन्य रहन्छ। वार्षिक औषत वर्षा १८४.६४ मिलि मिटरसम्म हुने गर्दछ।

## ७.३ जैविक विविधता

समुन्द्र सतह बाट झन्डै ६२५ मिटरमा केही बेशी भुभाग देखी उच्च पहाडी भुभाग ४२०० मिटर सम्मको उचाईमा रहेको यस गाउपलिकामा समसितोष्ण र लेकाली हावापानीमा पाइने प्राय सबै जसो बनस्पति पाइन्छ। जसमा मुख्य रुपमा साल, खोटेसल्ला, पातले सल्ला, चिलाउने, उतिस, वकाइनो बाज, गुराँस, धुपी, खर्सु, जस्ता प्रजाति पाइन्छन। त्यस्तैगरी, जडीबुटीको हकमा चिराइतो *(Swertia chirayita),* जटामसी (*Nardostachys grandiflora),* लोक्ता *(Daphne bholua)*, सतुवा *(Paris polyphylla)*, कुरिलो *(Asparagus racemosus*, अमला *(Emblica officinalis),* मुसली (*Curculigo orchoides),* खोटेसल्ला (*Pinus roxburghii),* चुत्रो (*Berberis aristata,* ओखर (*Juglans regia),* पाखनवेद (*Bergenia ciliata),* रिठ्ठा (*Sapindus mukorossi)* टिमुर, *(Zanthoxylum armatum),* लौठसल्ला*(Taxus Baccata*) आदि पाइन्छन।

नुवाकोटबाट संकलन तथा निकासी हुने सबै जडिबुटी को मात्रा गाउपालिका अनुसार नतोकिएको भएता पनि जडिबुटी निकासी र उत्पादनका हिसाबले धेरै जडिबुटी निकासी गर्ने गाउँपालिका मध्ये एक हो।

## ७.४ भू-क्षय बाढी पहिरो तथा जोखिमको अवस्था

विश्वमा बढ्दै गइरहेको औद्योगीकरण, वन विनाश, यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोगका कारण हरितगृह ग्याँसहरु (कार्बनडाइअक्साइड, कार्बन मोनोक्साइड, मिथेन, क्लोरोफ्लोरो कार्बन, ओजोन, नाइट्रस अक्साइड आदि) को

अत्यधिक उत्सर्जनबाट जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया भएता पनि हालका वर्षहरुमा जलवायु परिवर्तनमा तीब्रता आएको छ।

जोखिमका दृष्टिले यस पालिकामा पहिरोको ठुलो जोखिम रहेको छ। मुख्यतः १,२,५,३ वडाहरु बढि जोखिममा रहेका छन्। पहिरोको कारण कतै खेतबारी कतै बस्ति समेत जोखिममा परेका छन्। विभिन्न ठूला साना पहिरो नियन्त्रण हुन नसक्दा र त्यसमाथि भारी बर्षा हुने भएकोले बाढी र पहिरोको जोखिम बढेको छ। यसका साथै पहाड तिर बाट बग्ने पहाडी खोलाहरुले पनी जमिन कटान गरी पहिरो निम्त्याउने गरेका छन। सडक लगायत पुर्वाधार निर्माणको बेलाको माटोको उचित ब्यबस्थापन नहुने र ठुलठुला उपकरण (डोजर)को अत्यधिक प्रयोग पनी भु-स्खलन कारणको रुपमा रहेको देखिन्छ। यस गाउँपालिकामा झण्डै २५ वटा खोलाहरु छन्। पालिकामा जोखिमयुक्त स्थान र पहिरो हरु २२ वटा छन् र झण्डै ४०० घर परिवारहरु यस्को जोखिममा छ। उदाहरणको रुपमा त्रिसुली -३ (बि) हाइड्रो पावर जाने सडक माथीको पहिरो नियन्त्रण नभए त्यसले निकै बस्तिहरुलाई जोखिममा पार्ने देखिन्छ।

# परिच्छेद ८ : संस्थागत सुशासन

## ८.१ गाउँ सभाको विवरण

नेपालको संविधानको धारा २२२ मा भएको व्यवस्था अनुसार यस गाउँपालिकाको गाउँ सभामा अध्यक्ष र उपाध्यक्ष सहित जम्मा २९ सदस्य हुन्छन्। त्यस मध्ये महिला जम्मा प्रत्येक वडाबाट कम्तिमा दुईजना गरी उपाध्यक्ष सहित जम्मा १० जना छन्। प्रत्येक वडाबाट कम्तिमा एक जना दलित सहित दलित सदस्यको संख्या जम्मा ५ जना छन्। गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले गाउँ सभाको अध्यक्ष र उपाध्यक्षको भूमिका निर्वाह गर्छन्।

गाउँ सभा र गाउँ कार्यपालिकाले हाल सम्म ४० वटा कानून स्वीकृत गरेको छ। गाउँ सभाले स्वीकृत गरेका कानूनहरुको विवरण तालिका ८.१ मा दिइएको छ। तालिकामा देखाए अनुसार ऐन १९ वटा, निर्देशिका, कार्यविधी र मापदण्ड गरी २१ वटा स्वीकृत भएका छन्। नीति तथा मार्गदर्शनहरु हाल सम्म स्वीकृत भएका छैनन्।

**तालिका ८.१: गाउँ सभाबाट स्वीकृत कानूनको विवरण**


| सूचक | इकाई | आ.व. ०७७/७८ को अवस्था |
|---|---|---|
| गाउँ/नगरपालिकाले स्वीकृत गरेका कानून तथा नीति | संख्या | ४० |
| ● ऐन | संख्या | १९ |
| ● नियम तथा विनियम | संख्या | १ |
| ● निर्देशिका | संख्या | ७ |
| ● कार्यविधि र मापदण्ड | | १३ |
| ● नीति तथा मार्गदर्शन | संख्या | छैन |

यस गाउँपालिकाले गाउँ सभा अन्तर्गत हाल सम्म पाँच वटा समिति गठन भएका छन्। तिनीहरु श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजस्व परामर्श समिति, न्यायिक समिति, योजना तथा बजेट तर्जुमा समिति र अनुगमन तथा मुल्यांकन समिति हुन्।

## ८.२ गाउँपालिकाको संगठनात्मक संरचना

यस गाउँपालिकाको संगठन संरचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको २५ हजारसम्म जनसंख्या भएको स्थानीय तहको अनुसार रहेको छ। कार्यपालिका अन्तर्गत समितिहरू गठन भइ सञ्चालनमा रहेका छन्। कार्यालय तर्फ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरे बमोजिमको संगठन संरचना नै कार्यान्वयनमा रहेको छ। उक्त संगठन संरचना देहाय बमोजिम रहेको छ।

चित्र ८.२ गाउँपालिकाको स्वीकृत संगठन संरचना



## ८.३ दरबन्दी र पदपूर्तिको अवस्था

### ८.३.१ दबन्दी र पदपूर्तिः

यस गाउँपालिकाले गाउँ सभाबाट देहाय अनुसारको कर्मचारी दरबन्दी पारित गरेको छ। यस गाउँपालिकाको संगठन तथा मानव संसाधन तालिका अनुसार रा.प.तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक १४ जना र अप्राविधिक १५ जना समेत गरी कुल २९ जना कर्मचारीहरू रहेका छन् भने वडा कार्यालयहरूमा वडा सचिव, अ.सब ईन्जिनियर, कार्यालय सहयोगी गरी १७ जना कर्मचारी रहेका छन। यसरी यस गाउँपालिकाको कुल कर्मचारी संख्या ४६ रहेका छन्। त्यसैगरी गांउपालिका भित्रका स्वास्थ्य चौकीमा जम्मा ३७ स्वास्थ्य कर्मि र कार्यालय सहयोगी रहेका छन्।

**तालिका ८.२ गाउँ सभाबाट स्वीकृत गाउँपालिकाको कर्मचारी दरबन्दी**

| क्र.स. | पद | तह | सेवा | समुह | स्विकृत दरवन्दी | कार्यरत पद | खाली पद |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | आठौ | प्रशासन | सा.प्र. | १ | १ | ० |
| २ | इन्जिनियर | सातौ/आठौ | इन्जि | सिभिल | १ | १ | ० |
| ३ | अधिकृत | सातौ/आठौ | शिक्षा | शि.प्र. | १ | १ | ० |
| ४ | अधिकृत | सातौ/आठौ | प्रशासन | लेखा | १ | १ | ० |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | २ | ० | २ |
| ६ | आन्तरिक लेखा परिक्षक | ५ औ | प्रशासन | लेखा | १ | १ | ० |
| ७ | सहायक | ५औ | लेखापाल | सा.प्र. | ४ | १ | ३ |
| ८ | कम्प्युटर अपरेटर | ५औ | विविध | | १ | १ | ० |
| ९ | लेखा सहायक | ५औ | प्रशासन | लेखा | १ | १ | ० |
| १० | प्रा.स. | ५औ | शिक्षा | शि.प्र. | १ | १ | ० |
| ११ | हे.अ. | ५/६ औ | स्वास्थ्य | हे. अ. | १ | १ | ० |
| १२ | सव इन्जिनियर | ५औ | इन्जि | सिभिल | १ | १ | ० |
| १३ | अ.सव इन्जिनियर | ४औ | इन्जि | सिभिल | १ | ० | १ |
| १४ | स.महिला विकास निरिक्षक | ४औ | विविध | | १ | ० | १ |
| १५ | खा.पा.स.टे. | ४/५ औ | इन्जि | सिभिल | १ | १ | ० |
| **गाउँपालिकाकोकार्यालय तर्फ** | | | | | **१९** | **१२** | **७** |

| क्र.स. | पद | तह | सेवा | समुह | स्विकृत दरवन्दी | कार्यरत पद | खाली पद |
|---|---|---|---|---|---|---|---|
| १६ | सहायक | ५ औ | प्रशासन | आ.प्र. | २ | २ | ० |
| १७ | सव इन्जिनियर | ५औ | इन्जि | सिभिल | २ | १ | १ |
| १८ | सहायक | ४औ | प्रशासन | सा.प्र. | ३ | ३ | ० |
| १९ | अ.सव इन्जिनियर | ४औ | इन्जि | सिभिल | ३ | ३ | ० |
| **वडा कार्यालय तर्फः** | | | | | **१०** | ९ | १ |

*स्रोत :*

## ८.३.२ शाखा, उपशाखा तथा इकाईको गठन तथा सन्चालन

गाउँ कार्यपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र इकाईहरूको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग रहेकोछ। विषयगत शाखा तर्फ कृषि, पशु विकास, शिक्षा तथा स्वास्थ्यका कर्मचारीहरू गाउँपालिकासँग समन्वयमा कार्य गरिरहेका छन्।

## ८.३.३ कर्मचारीको पदपूर्तिको वर्तमान अवस्था

यस गाउँपालिकाको कार्यालयमा हाल २९ वटा स्वीकृत पद मध्ये २१ वटा पदहरू मात्रै पदपूर्ति भएको अवस्था रहेको छ। हाल गाउँपालिकामा कार्यरत कर्मचारीको विवरण तालिका ८.४ मा दिइएको छ।

## ८.४ गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरु

यस गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा कर भन्दा पनि गैर कर आय जस्तै सिफारिश दस्तुर बढि रहेको देखिन्छ। कर तर्फ सम्पत्ति कर र भूमिकर/मालपोत प्रमुख स्रोतको रुपमा रहेका छन् भने गैर कर तर्फ सिफारिश दस्तुर प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ।

## ८.५ गाउँपालिकामा रहेका प्रमुख गैर सरकारी संस्थाहरु

यस गाउँपालिकामा एफ.सी.डी.ओ. को सहयोगमा पुर्णिमा कार्यक्रम सन्चालनमा छ। यस्का अतिरिक्त केहि गैर सरकारी संस्थाहरु कार्यरत छन्।

## ८.६ गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरुको विवरण

यस गाउँपालिकाको कार्यपालिकामा अध्यक्ष र उपाध्यक्ष सहित कुल १३ जना सदस्य रहेका छन्। कार्यपालिका सदस्य लगायत गाउँ सभाका सदस्यहरुको विवरण तालिका ८.३ मा दिइएको छ।

**तालिका ८.३ गाउँ कार्यपालिकाका पदाधिकारी तथा गाउँसभाका सदस्यको विवरण**

| क्रम संख्या | नाम | पद |
|---|---|---|
| १ | छत्र बहादुर लामा | अध्यक्ष |
| २ | श्री मायादेवी न्यौपाने | उपाध्यक्ष |
| ३ | श्री आईदा घले | कार्यपालिका सदस्य |
| ४ | श्री देवनाथ भट्ट | कार्यपालिका सदस्य |
| ५ | श्री अमृत बहादुर तामाङ्ग | कार्यपालिका सदस्य |
| ६ | श्री एकराज घले | कार्यपालिका सदस्य |
| ७ | श्री नरहरी भट्ट | कार्यपालिका सदस्य |
| ८ | श्री सुनिता परियार | कार्यपालिका सदस्य |
| ९ | श्री फुलमाया तामाङ्ग | कार्यपालिका सदस्य |
| १० | श्री पेटी तामाङ्ग | कार्यपालिका सदस्य |
| ११ | श्री सिता सुनार | कार्यपालिका सदस्य |
| १२ | श्री अर्जुन वि.क. | कार्यपालिका सदस्य |
| १३ | श्री कृष्णमान घले | कार्यपालिका सदस्य |
| १४ | श्री चिर्चोम तामाङ्ग | महिला सदस्य |
| १५ | श्री धनमाया बिश्वकर्मा | दलित महिला सदस्य |
| १६ | श्री राम बहादुर तामाङ्ग | वडा सदस्य |
| १७ | श्री बिर बहादुर तामाङ्ग | वडा सदस्य |
| १८ | श्री स्नेम माया तामाङ्ग | वडा सदस्य |
| १९ | श्री बद्री प्रशाद देवकोटा | वडा सदस्य |
| २० | श्री तुलसि प्रशाद फुंयाल | वडा सदस्य |
| २१ | श्री शोभा विश्वकर्मा | दलित महिला सदस्य |
| २२ | श्री करण बहादुर तामाङ्ग | वडा सदस्य |

| | | |
|---|---|---|
| २३ | श्री पुड्के तामाङ्ग | वडा सदस्य |
| २४ | सेर्कु तामाङ्ग | महिला सदस्य |
| २५ | मिरा विश्वकर्मा | दलित महिला सदस्य |
| २६ | सुकमान तामाङ्ग | वडा सदस्य |
| २७ | तेल बहादुर तामाङ्ग | वडा सदस्य |
| २८ | दिपक घले | वडा सदस्य |
| २९ | संजय लामा तामाङ्ग | वडा सदस्य |

## ८.७ कर्मचारीहरुको विवरण

तालिका ८.२ मा देखाए अनुसार यस गाउँपालिकामा जम्मा २९ जना कर्मचारीको दरबन्दी स्वीकृत भएको भएतापनि हाल २३ जना कार्यरत छन्। हाल कार्यरत कर्मचारीहरुको विवरण तालिका ८.४ मा दिइएको छ।

**तालिका ८.४ कर्मचारीको विवरण**

| क्रम संख्या | नाम | पद |
|---|---|---|
| १ | खुम बहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत |
| २ | सबिना अर्याल | लेखा अधिकृत |
| ३ | चक्र बहादुर शाही | स्वास्थ्य संयोजक |
| ४ | ई. मोतिमाया तामाङ | सूचना तथा सञ्चार प्रबिधि अधिकृत |
| ५ | चक्र साउद | शिक्षा अधिकृत |
| ६ | सन्तोष श्रेष्ठ | इन्जिनियर |
| ७ | मालती आचार्य | रोजगार संयोजक |
| ८ | निरनमान डंगोल | शिक्षा संयोजक |
| ९ | हरि प्रसाद प्याकुरेल | सहायक पाँचौ |
| १० | राम प्रसाद नेपाल | सव इन्जिनियर |
| ११ | सुमन देवकोटा | लेखापाल |
| १२ | किरण भट्टराई | आ.ले.प. सहायक |
| १३ | चुणामणि भट्टराई | प्राविधिक सहायक |
| १४ | पुनम घिमिरे | कम्प्युटर अप्रेटर |

| | | |
|---|---|---|
| १५ | श्री कृष्ण भट्ट | MIS Operator |
| १६ | बुद्ध लामा | प्राविधिक सहायक |
| १७ | चन्द्र बहादुर तामागं | कार्यालय सहायक |
| १८ | ज्ञानेन्द्र गिरी | कृषि प्राविधिक |
| १९ | श्रीकृष्ण बजगाई | पशु प्राविधिक |
| २० | करण मोक्तान | फिल्ड सहायक |
| २१ | मान बहादुर न्यौपाने | कार्यालय सहयोगी |
| २२ | छ्योनर्पु घले | कार्यालय सहयोगी |
| २३ | सिंह बहादुर तामाङ | चौकिदार |

| | | |
|---|---|---|
| | ***वडा नं १, भाल्च*** | |
| २४ | अटल प्रकाश पुरी | सहायक पाचौ (वडा सचिव) |
| २५ | अनुसंगम भण्डारी | अ.सव इन्जिनियर |
| २६ | ग्याल्बो घले | कार्यालय सहयोगी |
| | ***वडा नं २, फिकुरी*** | |
| २७ | सुमना के.सी. | सहायक पाचौ (वडा सचिव) |
| २८ | युवराज ढकाल | सव इन्जिनियर |
| २९ | फुल प्रसाद भट्ट | कार्यालय सहयोगी |
| | ***वडा नं ३, काहुले*** | |
| ३० | चन्द्र बहादुर तामाङ | सहायक पाचौ (वडा सचिव) |
| ३० | राज कुमार ओभा | अ.सव इन्जिनियर |
| ३१ | सुनितामाया तामाङ | कार्यालय सहयोगी |
| ३२ | रौसी तामाङ | कार्यालय सहयोगी |
| | ***वडा नं ४, साल्मे*** | |
| ३३ | राम बहादुर सापकोटा | सहायक पाचौ (वडा सचिव) |
| ३४ | गोपाल ओली | खा.पा.स.टे |
| ३५ | वाङजेन घले | कार्यालय सहयोगी |
| | ***वडा नं ५, मनकामना*** | |
| ३६ | रंजिता श्रेष्ठ | सहायक पाचौ (वडा सचिव) |
| ३७ | शंकर ओली | खरिदार |
| ३८ | रुपा रोक्का | अ.सव इन्जिनियर |
| ३९ | सोम बहादुर घले | कार्यालय सहयोगी |
| | ***पूर्णिमा कार्यक्रम अन्तर्गत*** | |
| १ | निरक बहादुर सुनार | योजना तथा सुशासन सल्लाहकार |
| २ | प्रमोद खरेल | इन्जिनियर |

सन्दर्भ सामग्री :


१. किस्पाङ गाउँपालिकाको बार्षिक योजना तथा कार्यक्रम, २०७७/७८

२. नेपालको पन्ध्रौं योजना , २०७६

३. प्रदेश आवधिक योजना, वागमती  प्रदेश

४. प्रादेशिक गार्हस्थ उत्पादन गणना, केन्द्रिय तथ्यांक बिभाग

५. राष्ट्रिय आर्थिक गणना, २०७५, केन्द्रिय तथ्यांक बिभाग

६. मानव विकास प्रतिवेदन, २०२०

७. मानव विकास प्रतिवेदन, २०१४


८. आर्थिक सर्भेक्षण, २०७८

९. नुवाकोट जिल्लाको परिचय, जिल्ला तथ्यांक कार्यालय

१०. नेपालको बहुआयामिक गरिवीको सूचकांक, २०१८


# अनुसूचीः भू-सूचनामा आधारित थप नक्शाहरु

## १. प्रशासनिक नक्सा





Printed using website http://npgp.softwel.com.np/

## २. भूउपयोग नक्सा





Printed using website http://npgp.softwel.com.np/

३. टोपोग्राफिक नक्सा





Printed using website http://npgp.softwel.com.np/

## ५. भौगोलिक मोहडा





Printed using website http://npgp.softwel.com.np/

## ८. भूधरातलीय नक्सा





Printed using website http://npgp.softwel.com.np/

## ९. खुला क्षेत्र तथा आपतकालिन सुविधा वितरण नक्सा





Printed using website http://npgp.softwel.com.np/

# १०. शैक्षिक संस्थाहरूको नक्सा




Printed using website http://npgp.softwel.com.np/


## ११. आर्थिक संस्था वितरण नक्सा



# १२. स्वास्थ्य तथा सरसफाई नक्सा




## १३. उद्योग तथा कलकारखानाः





Printed using website http://npgp.softwel.com.np/

# १४. संघ संस्था सम्बन्धी विवरण नक्सा





Printed using website http://npgp.softwel.com.np/

# १५. पुल तथा पुलेसा





Printed using website http://npgp.softwel.com.np/

## १६ जनघनत्व नक्सा





Printed using website http://npgp.softwel.com.np/

## १७. बेरोजगारीको अवस्था सम्बन्धी नक्सा





Printed using website http://npgp.softwel.com.np/

## १९. स्वास्थ्य सुविधा पहुंच नक्सा




## २० पर्यटकीय नक्सा





Printed using website http://npgp.softwel.com.np/

# २१. भूकम्प प्रभावित घर धुरीको नक्सा




Printed using website http://npgp.softwel.com.np/

## २२. गाउँपालिकामा निर्माणाधीन योजनाहरुको अवस्थिति




Printed using website http://npgp.softwel.com.np/

माथिको चित्रमा यस गाउँपालिकामा निर्माणाधीन मुख्य योजनाहरु देखाइएको छ। जस अनुसार गाउँपालिकामा देहाय अनुसारका योजनाहरु संचालनमा छन् :

१ **भवनहरु** : गाउँपालिका प्रशासनिक भवन, वडा नम्बर ४ को वडा भवन

२ **सार्वजनिक निर्माण** : स्वास्थ्य चौकी काहुले, सार्वजनिक सौचालय वडा नं ३, बस पार्क वडा नं ३. **३ विद्युत** सव स्टेशन र जल्जु मा.वि. वडा. न. १

## २३. गाउँपालिकाको सम्भावित विकास क्षेत्र




माथिको चित्रमा यस गाउँपालिकाको सम्भावित विकास गर्न सकिने क्षेत्रहरु देखाइएको छ। जस अनुसार यस गाउँ पालिकामा देहाय अनुसारका क्षेत्रमा विकासका कार्यहरु संचालन गर्न सकिन्छः १. **पर्यटकीय क्षेत्रः** किस्पाङ पोखरी, नौघडेरी, फिकुरी डाँडा, दुम्पाङ, ह्यालागङ, गोंगा भन्ज्याङ, रुप्चेत, सिंग्ला, छाम्छाप्पा

२. **खानी** : घले बेंसीमा बालुवा खानि